
# लेखापरीक्षण प्रतिवेदन

# बागलुङ नगरपालिका, बागलुङ

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## बागलुङ नगरपालिका, बागलुङ

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, गण्डकी प्रदेश**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-८

च.न.:FAR/2080-81/LOC/368

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री प्रमुखज्यू,
बागलुङ नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
बागलुङ।

**कैफियत सहितको राय**

हामीले यस पालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रू २८ करोड ६७ लाख १ हजार, गरबसँग विशेश्वर कार्यक्रमको रु. ४ लाख १५ हजार, राष्ट्रपति महिला शसक्तिकरण परियोजनाको रू. २ लाख , स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रू ६६ लाख ५५ हजार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको रू ३२ लाख ३२ हजार, पूर्वाधार विकास कार्यालयको ४ लाख ३४ हजार र उर्जा जलस्रोत तथा खानेपानी मन्त्रालयको १ लाख ५० हजार समेत गरी रू ३० करोड ७ लाख ८८ हजार समावेश गरेको छैन।

२. पालिकाको**रु २ अर्ब ७१ करोड २२ लाख ७३ हजारको** लेखापरीक्षण गरिएकोमा रू ४ करोड ६२लाख ९३ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु १ करोड ४३ लाख १३ हजारको प्रतिक्रिया उपर कारबाही भइ कायम भएको बाँकी बेरुजु रु. ४ करोड ४५ लाख ७९ हजार रहेकोमा असुल गर्नुपर्ने रू ६लाख ३२हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.४३ लाख ६२ हजार, नियमित गर्नुपर्ने रु. २ करोड ७० लाख ९६ हजार र पेस्की बाँकी रु. १ करोड २५ हजार रहेको छ।गत वर्षसम्म रु. ३३ करोड ९६ लाख ३२ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको

अद्यावधिक बेरुजू रु. ३२ करोड ६८ लाख ८६ हजार रहेको छ।बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. पालिकालेवित्तीय विवरण नेपाल सार्वजनिक लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरू ८, १४, १७, सम्पत्ति तथा राजस्व लगायतका विवरणहरू खुलासा गरेको छैन ।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने बागलुङ नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं

**अन्य बेहोरा**

यस पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। नगरकार्यपालिका, पालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( राजेन्द्र राज ओझा )

नायब महालेखापरीक्षक

# बेरुजु वर्गीकरण

**चालु वर्षको बेरुजु**

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ६६ | ६३ | ४,६२,९३,५६४ | १ | ११ | १,४३,१२,५८३ | १,२५,९८,०१२ | ६५ | ५२ | ४,४५,७८,९९२ | ६,३१,७२५ | २,७०,५१,६६९ | ४३,६२,१०७ | ० | ० | ३,१४,१३,७७६ | १,२५,३३,४९१ |

**अद्यावधिक बेरुजू स्थिति**

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फर्स्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| बाग्लुङ | ३३,९६,३२,००० | | ५,७३,२४,५२० | २८,२३,०७,४८० | | ४,४५,७८,९९२ | ३२,६८,८६,४७२ |

**बेरुजु सम्परीक्षणको विवरण**

| क.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७८/७९ | ८१ | पेश्की फर्स्योट | ३४,९४,००० |
| २ | २०७८/७९ | ४१ | शर्त शहितको बैंक ग्यारेण्टी | १३,६०,००० |
| ३ | २०७८/७९ | ३८ | सोझै खरिद | १४,३८,१२१ |
| ४ | २०७८/७९ | ७२ | सोझै खरिद | ५३,६७,२३१ |
| ५ | २०७८/७९ | ३२ | कर्मचारी करार | १,८५,६३,४६० |
| ६ | २०७९/८० | १५ | स्वीकृत दरवन्दी वाहिर करार सेवा | ३०,६७,९७० |
| ७ | २०७९/८० | २१ | प्रमाण पेश गर्नुपर्ने | ८९,९९,९१० |
| ८ | २०७९/८० | २२ | परामर्शदाता | ४९,८८७ |
| ९ | २०७९/८० | ३३ | खरिद टुक्राएको | १०,३५,७९६ |
| १० | २०७९/८० | १६.१,१६.२ | सोझै खरिद | १,३९,४८,१४३ |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ११ | २०८०/८१ | ३१.३ | संघीय सशर्त तर्फ | १,०६,०९,१०९ |
| १२ | २०८०/८१ | ३३.४ | सामाजिक सुरक्षा | ३५,५१४ |
| १३ | २०८०/८१ | २३ | दैनिक भ्रमण भत्ता भुक्तानी | ५,००० |
| १४ | २०८०/८१ | २८.८ | पुँजीगत तर्फ | ३५,९१,९७३ |
| १५ | २०८०/८१ | २६.४ | पालिका (८०४४५४०४००१) चालु | ३७,१२५ |
| १६ | २०८०/८१ | २०.१० | शिक्षा तर्फ | ३३,८६२ |
| जम्मा | | | | ७,१६,३७,१०३ |

# (८०४४५४०४३०० - बागलुङ नगरपालिका, बागलुङ )

# परिचय

१ **परिचय:**

**(क) कार्यालय परिचय:** नेपालको संविधान अनुसारस्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रबर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत १४ वडा, ७२ सभा सदस्य, ९८.०१ वर्ग किलोमिटर क्षेत्रफल तथा ५७८२३ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य:** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि:** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ /०९/१४ देखि २०८१ /१०/०२ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि:** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा:** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति:** यस नगरपालिकाको आर्थिक वर्ष २०८०/८१ आर्थिक कारोबारको रु.२७१२२७२४७६/- लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु:** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

२ **आय व्यय विवरण:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम नगरपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनमा भएका आय-व्यय हिसावको आर्थिक वर्ष २०८०/०८१ को प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) निम्न बमोजिम रहेको छ:

| बागलुङ नगरपालिका, बागलुङ | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन | | | | | | | |
| आर्थिक वर्ष:२०८०/०८१ | | | | | | | |
| (२०८०/०४/०१ देखि २०८१/०३/३१ सम्म) | | | | | | | |
| क्र.सं./ आर्थिक सङ्केत | विवरण | चालु आ..को कारोबार | | | गत आ.व.को कारोबार | | |
| | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व अनुदान र अन्य प्राप्ति | | | | | | |
| ११००० | कर | १६६८७९६८६.०० | ०.०० | १६६८७९६८६.०० | १४९९२४२७१.५४ | ०.०० | १४९९२४२७१.५४ |
| १३००० | अनुदान | ८१७२०३१८४.७९ | ०.०० | ८१७२०३१८४.७९ | ८२७५१३९६५.३० | ०.०० | ८२७५१३९६५.३० |
| १४००० | अन्य राजस्व | ३१६९५९५७.०१ | ०.०० | ३१६९५९५७.०१ | ३९८०५४३६.४९ | ०.०० | ३९८०५४३६.४९ |
| १५००० | विविध प्राप्ति | ६९९७३७.०० | ०.०० | ६९९७३७.०० | ८७७३८६.५१ | ०.०० | ८७७३८६.५१ |
| (क) | कुल जम्मा प्राप्ति | १०१६४७८५६४.८० | ०.०० | १०१६४७८५६४.८० | १०१८१२१०५९.८४ | ०.०० | १०१८१२१०५९.८४ |
| | खर्च तथा भुक्तानी | | | | | | |
| | चालु | ७११७४६६४९.२१ | ०.०० | ७११७४६६४९.२१ | ७५६३४८१९८.४५ | ०.०० | ७५६३४८१९८.४५ |
| २१००० | पारिश्रमिक / सुविधा | ५११५६०७८०.६२ | ०.०० | ५११५६०७८०.६२ | ४६४०४६३१४.५१ | ०.०० | ४६४०४६३१४.५१ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | ११५६९८१४३.४६ | ०.०० | ११५६९८१४३.४६ | २१८३५०३०२.७५ | ०.०० | २१८३५०३०२.७५ |
| २४००० | ब्याज सेवा शुल्क तथा बैंक कमिशन | ०.०० | ०.०० | ०.०० | ७९२४३७६.३६ | ०.०० | ७९२४३७६.३६ |
| २५००० | सहायता (Subsidy) | १४८५३१८३.०० | ०.०० | १४८५३१८३.०० | ४३९४७८५९.५४ | ०.०० | ४३९४७८५९.५४ |
| २६००० | अनुदान | ६०९०१३६१.०५ | ०.०० | ६०९०१३६१.०५ | ९९८९५.०० | ०.०० | ९९८९५.०० |
| २७००० | सामाजिक सुरक्षा | ८०१०००४.७० | ०.०० | ८०१०००४.७० | २१२३२६००.२९ | ०.०० | २१२३२६००.२९ |
| २८००० | अन्य खर्च | ७२३१७६.३८ | ०.०० | ७२३१७६.३८ | ७४६८५०.०० | ०.०० | ७४६८५०.०० |
| | पूंजीगत | ३३७२७५५२९.६६ | ०.०० | ३३७२७५५२९.६६ | ५१९४६४०४५.९४ | ०.०० | ५१९४६४०४५.९४ |
| ३१११० | भवन तथा संरचना | ३७०९७२८४.६४ | ०.०० | ३७०९७२८४.६४ | ११४६००३३१.९३ | ०.०० | ११४६००३३१.९३ |
| ३११२० | सवारी साधन मेशिनरी औजार फर्निचर्स तथा फिक्चर्स | ६६८०९२१.०० | ०.०० | ६६८०९२१.०० | १३०८३९०६.५४ | ०.०० | १३०८३९०६.५४ |
| ३११३० | अन्य पूँजीगत खर्च | ५०२९२३९.०० | ०.०० | ५०२९२३९.०० | ९५८६५२५.५० | ०.०० | ९५८६५२५.५० |
| ३११४० | सुरक्षा उपकरण | ३९००००.०० | ०.०० | ३९००००.०० | १५२६४८२.०० | ०.०० | १५२६४८२.०० |
| ३११५० | सार्वजनिक निर्माण | २५१४७४०४५.४५ | ०.०० | २५१४७४०४५.४५ | १९९६३६००८.६६ | ०.०० | १९९६३६००८.६६ |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | १५३०९७१७.९४ | ०.०० | १५३०९७१७.९४ | ५११६७७५.२३ | ०.०० | ५११६७७५.२३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३११७० | पूँजीगत सुधार खर्च | २१२९४३२१.६३ | ०.०० | २१२९४३२१.६३ | १७५९१४०१६.०८ | ०.०० | १७५९१४०१६.०८ |
| | वित्तीय | ३००००००.०० | ०.०० | ३००००००.०० | ११९५१३५३.०८ | ०.०० | ११९५१३५३.०८ |
| ३३१४७ | अन्य संस्थाहरूबाट ऋण प्राप्ति साँवा भुक्तानी | ३००००००.०० | ०.०० | ३००००००.०० | ११९५१३५३.०८ | ०.०० | ११९५१३५३.०८ |
| (ख) | कुल जम्मा भुक्तानी | १०५२०२२१७८.८७ | ०.०० | १०५२०२२१७८.८७ | १२८७७६३५९७.४७ | ०.०० | १२८७७६३५९७.४७ |
| (ग) | बचत /कमी (ग = क-ख ) | -३५५४३६१४.०७ | ०.०० | -३५५४३६१४.०७ | -२६९६४२५३७.६३ | ०.०० | -२६९६४२५३७.६३ |
| (घ) | धरौटी आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | -५९१७३९१.६९ | ०.०० | -५९१७३९१.६९ | -५३५१७५४.१४ | ०.०० | -५३५१७५४.१४ |
| (घ.१) | कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी | ६६.०० | ०.०० | ६६.०० | -२२८२२.४० | ०.०० | -२२८२२.४० |
| (ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | -४१४६१००५.७६ | ०.०० | -४१४६१००५.७६ | -२७४९९४२९१.७७ | ०.०० | -२७४९९४२९१.७७ |
| (च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | ९४२५९१७३.१० | ०.०० | ९४२५९१७३.१० | ३६९२५३४६४.८७ | ०.०० | ३६९२५३४६४.८७ |
| (छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| (ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | ५२७९८१६७.३४ | ०.०० | ५२७९८१६७.३४ | ९४२५९१७३.१० | ०.०० | ९४२५९१७३.१० |

३ **बित्तीय बिवरणमा समावेश नभएको कारोवारः**

वित्तीय बिवरणमा समावेश नभएको कारोवार: नगरपालिकाले पेस गरेको वित्तीय विवरणमा समावेश नभएको खर्च शीर्षकहरू निम्नानुसार रहेका छन्:

| सि.नं. | खर्च शीर्षक | बजेट | निकासा खर्च |
|---|---|---|---|
| १. | सामाजिक सुरक्षा तथा सरक्षण | २८७०२००० | २८६७०१७५७ |
| २. | गरिब सँग विशेश्वर कार्यक्रम | ४१५००० | ४१५००० |
| ३. | राष्ट्रपति महिला सशक्तिकरण परियोजना | २००००० | २००००० |
| ४. | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ६१०५००० | ६६५५००० |
| ५. | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | ३२५०००० | ३२३२२८० |
| ६. | पूर्वाधार विकास कार्यालयहरु | ५०००००० | ४०३४५०० |
| ७. | उर्जा जलस्रोत तथा खानेपानी मन्त्रालय | १५०००० | १५०००० |
| | जम्मा | ३०२१४०००० | ३००७८८५३७ |

४ **वित्तीय विवरण:**

**वित्तीय विवरणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरेको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भएको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६/०२/१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको वित्तीय विवरण सम्बन्धमा देखिएका व्यहोराहरु देहाय अनुसार रहेका छन्:

- प्राप्त वितीय विवरणको म. ले. प. फारम नम्बर २७० टिप्पणी ६.२ मा देखाएको बैंक तथा नगद बाँकी रु. ५२७९४९९९.३४ मध्ये सञ्चित कोष खातामा रु. ३१४७३८२१।९० र पाँच वटा कोष खातामा रु. २१३२११७७/४० मौज्दात रहेको छ ।
- स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) को प्रयोग गरेको भएतापनि सवै कारोवार सुत्रमा समावेश नभएकोले आम्दानी तथा खर्च भिडान भएको पाईएन ।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

५ **आन्तरिक नियन्त्रण प्रणालीः**

५.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन्:

**बजेट व्यवस्थापन तर्फः**

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेखाङ्कन र व्यवस्थापन नगरेको,स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

• दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकीकृत दीर्घकालिन योजना तयार गरेको छैन ।

• स्थानीय तहले सञ्चालन गर्ने कार्यक्रमहरु जस्तैः बैठक, तालिम, गोष्ठी, अभिमुखिकरण आदी लाई व्यवस्थापन गर्न कार्य सञ्चालन निर्देशिका स्वीकृति गरी सोको कार्यान्वियन गरेको छैन ।

• स्थानीय तहबाट यस वर्ष सञ्चालन कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगती तयार गरेको छैन ।

**भ्रमण खर्च व्यवस्थापन तर्फ:**

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार कार्यालयले भ्रमण काजमा खटाउँदा भ्रमण अभिलेख राख्ने गरेको छैन ।

• नियमावलीमा उल्लेख भएबमोजिम भ्रमण पश्चात् सबै खालका भ्रमणको प्रतिवेदन लिने गरेको छैन ।

**खरिद व्यवस्थापन तर्फ:**

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको विवरण पेश गरेको छैन ।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको छैन ।

• स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वियन र अभिलेख राख्ने गरेको पाईएन ।

**शिक्षातर्फ:**

• स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको प्रतिवेदन पेश गरेको छैन ।

• शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS):- कार्यक्रम कार्यान्वियन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग भिडान गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग भिडान गर्ने व्यवस्था कार्यान्वियन भएको छैन ।

• शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुबाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरी राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार गरेको छैन ।

**विविधतर्फ :**

• मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई समयमै नदिई आर्थिक वर्षको अन्तमा मात्र दिने गरेको छ ।

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।

• कार्यालयको आधिकारिक वेबसाईटमा कतिपय सूचना, जानकारी, तथ्याङ्क तथा फोटोहरु पुरानै रहेको र अद्यावधिक गरि राखेको छैन ।

• पुर्वाधार निर्माण योजनाहरुमा प्रयोग भएको सामाग्रीको प्रयोगशाला परीक्षणको प्रावधान रहेतापनि कतिपय योजनाहरुमा परीक्षणको भुक्तानी नहुने र प्रतिवेदन पेश नहुने गरेकोले प्रयोग हुने सामाग्रीको गुणस्तर कायम भएको सम्बन्धमा कार्यालय आश्वस्त हुनु पर्दछ ।

• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्ने गरेको छैन ।

• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार पेश्की फर्स्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा सो अनुसार गर्ने गरेको पाईएन।

अत: पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

५.२ **सम्पत्ति हस्तान्तरण:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल-अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ ।

५.३ **सरकारी तथ सार्वजनिक जग्गा संरक्षण उपयोग तथा हक हस्तान्तरण:** स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा नगरपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नुपर्दछ ।

## ६ बजेट तथा कार्यक्रमः

६.१ **बजेट पेश, पारित र अख्तियारी:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री राजु खड्काले मिति २०८०/०३/१० गते रु. १ अर्ब ३३ करोड २१ लाख २९ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८०/०३/१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०८०/०३/२० मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

६.२ **बजेट सीमा निर्धारण समिति:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कुल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेको छ । ऐनमा भएको व्यवस्था अनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

६.३ **बजेट अवण्डाः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ वमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा वजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधारमा तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अवण्डा नराखी आयव्ययको अनुमान पेश गर्नुपर्ने व्यवस्था छ । भने अन्तरसरकारी वित्त व्यवस्थापन ऐन,२०७४ को दफा २७ मा सञ्चित मोषमाथि व्ययभार हुने रकम वाहेकका अन्य रकम आफ्नो वजेटमा व्यवस्था गरी सम्वन्धित सभावाट त्यस्तो वजेट स्वीकृत भएपछि मात्र खर्च गर्नुपर्ने उल्लेख छ । यस पालिकाले यो वर्ष देहायअनुसारका शीर्षकमा एकमुष्ठ रुपमा रु. २ करोड अवण्डा वजेट राखेको कार्यक्रम तोकेको छैन । वजेट अवण्डाको रुपमा राखी कार्यपालिकाको निर्णय वाट पटके रुपमा खर्च गर्ने र वजेट संरचनामानै असर पर्ने खर्च गर्ने प्रकियामा नियन्त्रण

गर्नुपर्दछ ।

अवण्डा बजेटबाट पालिकाले समय समयमा छुट्टै निर्णय गरी कार्यान्वयन गरेका केही योजनाका उदाहारण देहाय अनुसार छन् :

| क्र .सं. | वजेट अवण्डा शिर्शक | अवण्डा बजेट रु |
|---|---|---|
| १ | आकस्मिक योजना कार्यान्वयन | २०००००००० |
| | जम्मा | २०००००००० |

बजेट अवण्डा राखी नगरसभाबाट स्वीकृत नभएका योजनहरुमा कार्यपालिका तथा नगरप्रमुखको निर्णयबाट खर्च गर्ने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ ।

६.४ **बजेट विनियोजनः** आर्थिक वर्ष २०८०/०८१ को पालिकाको कुल बजेट मध्ये चालु र पूँजीगत बजेट देहाए बमोजिम विनियोजन गरेको छ:

| कुल बजेट | चालु बजेट रु. | प्रतिशत | पूँजीगत बजेट रु. | प्रतिशत | बित्तीय | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १३२७००४३०० | ८४५०८४५०० | ६३.६९ | ४७४९११८०० | ३५.७९ | ७०००००० | ०.५२ |

उक्त विवरण अनुसार पालिकाको यस आर्थिक वर्षमा कुल रु.१३२७००४३००/- बजेट विनियोजन भएकोमा चालु तर्फ रु.८४५०८४५००/- अर्थात ६३.६९ प्रतिशत र पूँजीगत तर्फ रु.४७४९११८००/- प्रतिशत बजेट अर्थात ३५.७९ विनियोजन भएको छ । त्यसैगरी वित्तिय तर्फ रु. ७००००००/- अर्थात ०.५२ प्रतिशत मात्र बजेट विनियोजन भएको छ ।

६.५ **बजेट तथा कार्यक्रम तर्जुमाः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपुरकता कायम गरेकोg समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐन,मा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

६.६ **त्रैमासिक पूँजीगत खर्चः** आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूची-२ बमोजिमको ढाँचामा त्रैमासिक प्रगती विवरण पेश गर्नुपर्ने र नियम ३६ मा केन्द्रीय निकायले त्यसको भौतिक र बित्तीय पक्षको कार्यालयगत र केन्द्रीय निकायगत समिक्षा गर्नुपर्ने व्यवस्था छ । यसरी समिक्षा गर्दा प्रगती कम भएको देखिएमा सोको कारण पहिचान गरी सुधारको लागि चाल्नुपर्ने कदम समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पुँजीगत खर्चको स्थिति बिश्लेषण गर्दा चौथो त्रैमासिकमा मात्र ५३.७४ प्रतिशत र आषाढमा मात्र ३५.५० प्रतिशत खर्च गरेको देखिन्छ । अन्तिम त्रैमासिक तथा वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप चौथो त्रैमासिक र आषाढमा बढी खर्च गर्ने परिपाटीमा नियन्त्रण गरेर प्रत्येक त्रैमासिकमा समानुपातिक ढंगले खर्च गर्न पहल गर्नुपर्दछ ।

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च | | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | |
| १ | संघीय पूँजीगत | १४०२४९९१० | २०८७८५९ | २२३०३६७५.३ | १९८९०१२९ | ९५९६८२४७ | ६५८०१८२५ |
| २ | प्रदेश पूँजीगत | ६९१९६५७ | ० | ० | ७९५००० | ६१२४६५७ | ४२४७१५७ |
| ३ | नगरपालिका पूँजीगत | १९००९५९६२ | ३०७४९४४५ | ४०६४१८३२.८ | ३९५२९५९७.७ | ७९१७५०८६.३ | ४९६९५२३५.९६ |
| | कूल खर्च | ३३७२७५५३० | ३२८३७३०४.५ | ६२९४५५०८.१ | ६०२२४७२६.७ | १८१२६७९९० | ११९७४४२१८ |
| | खर्च प्रतिशत | | ९.७४ | १८.६६ | १७.८६ | ५३.७४ | ३५.५० |

६.७ **क्षेत्रगत बजेट र खर्चको स्थिती:** स्थानीय तहहरुले एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०/०८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।

| क्र.सं. | क्षेत्र | बजेट (रु. हजारमा) | खर्च (रु. हजारमा) | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ४१५५४ | २४४७८ | २.३३ |
| २ | सामाजिक विकास | १७७७३० | १३२९२६ | १२.६४ |
| ३ | पूर्वाधार विकास | ४१९२४४ | ३०९३७० | २९.४१ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ६४१७६ | २३८०२ | २.२६ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ६२४३०० | ५६१४४६ | ५३.३७ |
| | जम्मा | १३२७००४ | १०५२०२२ | |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये कार्यालय सञ्चालन तथा प्रशासनिकमा सबैभन्दा बढी ५३.३७ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबै भन्दा घटी २.२६ प्रतिशत भएकोले न्यून खर्च र बढी खर्च क्षेत्रबिच ५१.११ प्रतिशतको फरक देखिन्छ । अत: पालिकाले प्रत्येक क्षेत्रमा समानुपातिक ढंगले खर्च गर्न पहल गर्नुपर्ने देखिन्छ ।

६.८ **बजेट तथा पूँजीगत खर्च** : नगरपालिका/गाउँपालिकाको यस आर्थिक वर्षको बजेट र पूँजीगत खर्चको अवस्था देहाए बमोजिम रहेको छ ।

| क्र.सं. | आर्थिक वर्ष | बजेट | पूँजीगत खर्च | बजेटको तुलनामा पूँजीगत खर्चको प्रतिशत |
|---|---|---|---|---|
| १ | २०८०/०८१ | १३२७००४३०० | ३३७२७५५२९.६६ | २५.४२ |

पालिकाको यस वर्ष बजेट रु.१३२७००४३००/- विनियोजन गरेकोमा पूँजिगत रु.३३७२७५५२९/६६ खर्च गरेको छ जुन कुल बजेटको २५.४२ प्रतिशत मात्र हुन आउँछ । पालिकाले विकास निर्माण कार्यलाई प्राथमिकतामा राखेर कुल बजेट मध्ये चालु प्रकृतिको खर्चमा भन्दा पुँजीगत प्रकृतिको खर्चको हिस्सामा बृद्धि गर्नुपर्दछ ।

**बजेट तथा चालु खर्च:** पालिकाहरुमा वार्षिक कार्यक्रम तथा बजेट परिषदबाट स्वीकृत गरी बजेट विनियोजन गरिएको हुन्छ ।

| क्र.सं. | आर्थिक वर्ष | बजेट | चालु खर्च | बजेटको तुलनामा चालु खर्चको प्रतिशत |
|---|---|---|---|---|
| १ | २०८०/०८१ | १३२७००४३०० | ७११७४६६४९.२१ | ५३.६४ |

पालिकाले यस पालिकाको यो वर्ष बजेट रु.१३२७००४३००/- विनियोजन गरेकोमा चालु तर्फ रु.७११७४६६४९.२१ खर्च गरेको छ जुन कुल बजेटको तुलनामा ५३.६४ प्रतिशत हुन आउँछ । पालिकाले विकास निर्माण कार्यलाई प्राथमिकतामा राखेर कुल बजेट मध्ये पुँजीगत खर्चको हिस्सामा बृद्धि गरी अनिबार्य प्रकृतिका बाहेक अन्य चालु खर्चहरुमा न्यूनीकरण गर्नुपर्दछ ।

## ७ **सहकारी तर्फः**

७.१ **सहकारी संस्थाको विवरण:** यस पालिका अन्तर्गतका सहकारी संस्थाको विवरण अनुसुची १ बमोजिम रहेको छ:

यस पालिकामा १०३ सहकारी संस्था रहेकोमा ९४ वटा सहकारीसंस्थाको मात्र पालिकाले विवरण उपलब्ध गराएको तथा अन्य ९ सहकारी संस्थाको विवरण उपलब्ध गराउन नसक्ने जानकारी दिएको छ । पालिकाले उपलब्ध गराएका सहकारी संस्थाको विवरण अनुसुचिमा संलग्न छ । यसरी पालिकाभित्र सञ्चालनमा रहेका सबै सहकारी संस्थाहरुको विवरण प्राप्त नभएकोले बचतकर्ताको बचत सुरक्षित भएको सम्बन्धमा आश्वस्त हुन सकिएन । अतः पालिकाको क्षेत्रभित्र सञ्चालन भएका सहाकारीहरुमा रहेको रकमको उचित रुपमा परिचालन गर्नको लागी विवरण अध्यावधिक गरी कानूनको परिधिभित्र रहेर सहकारी संस्था सञ्चालन हुने व्यवस्था गर्नुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा ७.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

७.२ **सहकारी नियमन:** सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा दाखिला गर्नु पर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र १०३ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकिकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली, र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

७.३ **संघीय सरकारको अधिकार क्षेत्र अन्तर्गतको विषयमा कानून निर्माण:** नेपालको संविधानको धारा ५७ (६) अनुसार उपधारा (३) वा (५) बमोजिम प्रदेश सभा, गाउँ सभा वा नगर सभाले कानून बनाउँदा संघीय कानूनसँग नबाझिने गरी बनाउनुपर्नेछ र प्रदेश सभा, गाउँ सभा वा नगर सभाले बनाएको त्यस्तो कानून संघीय कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुने व्वस्था छ । त्यसैगरी संविधानको अनुसूची-५ संघको अधिकार सूची अन्तर्गत बुदाँ नं.३० मा फौजदारी र देवानी कानूनको निर्माण गर्ने अधिकार संघको रहेको छ । तर पालिकाको सहकारी ऐन, २०७४ को दफा ८० अन्तर्गत विभिन्न कसुरका लागि १ वर्ष देखि १० वर्ष सम्म कैद सजाय हुने व्यवस्था छ । त्यसैले देवानी तथा फौजदारी कानून निर्माण गर्ने संवैधानिक तथा कानूनी क्षेत्राधिकार संघीय सरकारको देखिएकाले उल्लेखित कानूनी व्यवस्थामा सुधार हुनुपर्दछ ।

७.४ **सहकारी संस्थाको अनुगमनः** पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिका भित्र सञ्चालनमा रहेका सहकारी संस्थाको पालिकाले अनुगमन गरेको विवरण देहाय बमोजिम रहेको छः

| पालिकामा दर्ता भएका सहकारी संस्थाको संख्या | अनुगमन गरेका सहकारी संस्थाको संख्या | अनुगमनबाट देखिएका प्रमुख व्यहोराहरु | अनुगमन प्रतिवेदन उपर गरेको कारबाही |
|---|---|---|---|
| १०३ | ० | तोकिएको समयमा प्रतिबेदन पेश नगरेको । COPOMIS अध्यावधिक नगरेको । | कुनै कारबाही नगरेको |

पालिकामा संस्थागत रुपमा सहकारी शाखाको व्यवस्था भएता पनि तोकिए बमोजिम सहकारी संस्थाहरुको नियमित अनुगमन गरेको छैन । सहकारी सदस्यहरुको हित र बचत रकमको उचित परिचालनका लागि प्रचलित कानूनी व्यवस्था अनुरुप त्यस्ता संस्थाहरुको नियमित र सघन अनुगमन गर्ने कार्यमा ध्यान दिनुपर्दछ ।

## ८ **योजना तर्जुमा र कार्यान्वायन तर्फः**

८.१

**ठेक्का व्यवस्था :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिस्पर्धी आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा ०.७६ देखि ६६ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो । स्विकृत नम्सका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाहरुको न्यून लागतमा तोकिएको गुणस्तरको कार्य भएको नभएको सम्वन्धमा नम्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको एकिन गर्न संयन्त्र तयार गरी न्यून मूल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा योजना सञ्चालन गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छः

| क्र.सं. | योजनाको विवरण | ठेक्का नं. | बोलपत्र बिक्रि संख्या | बोलपत्र दाखिला संख्या | बोलपत्रदाता | लागत अनुमान | सम्झौता रकम | घटि प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| १ | कार्यालय भवन निर्माण | BAGMUN/BAG/ NCB/W01/080-81 | ५ | ५ | आर.एस निर्माण सेवा | १०२३४००५ | ८११०५९२ | १९ |
| २ | औषधी खरिद | BAGMUN/BAG/ NCB/GOODS/03/080-81 | ३ | ३ | चिराग फार्मेसि | २६८२६३९ | ९३००३३ | ६०.६३ |
| ३ | मुक्तिनाथा बाबा सहित को परिक्रमा सडक स्तरउन्नती | BAGMUN/BAG/ NCB/W6/080-11 | ५ | ५ | जुम्ली आर.एस जे.भी | ९८७८२३४९ | ८६७९७७४० | ४.३७ |
| ४ | सरङ्गि जैमिनि सडक | BAGMUN/BAG/ NCB/W01/080-11 | २१ | २१ | गौतम ए.ए जे.भि | १९२४१०४५ | १२६६७९०४ | ३७.२७ |
| ५ | स्यानेटरि प्याड खरिद | BAGMUN/BAG/ SQ/GOODS/04/080-11 | ५ | ५ | जस्मिन हाइजिन प्रोडक्ट प्रा.लि | २७९१००० | ९४८३९४ | ६६ |
| ६ | ल्यापटप खरिद | BAGMUN/BAG/ NCB/Goods/07/080-81 | ११ | ११ | इ एचिभमेन्ट होल्डिङ प्रा.लि | २३७५००० | २१०१५१७ | ११.५१ |
| ७ | मुल्पानी हर्राचौर कालिमाटी ओडारचौर फोर्स माझिबस्ती नरहेघाट सडक | NP-DUDBC400277 -CW-RFB | ६ | ६ | आशिष फेवा जे.भी | ५८९९१२१८३७ | ४९७२३२०२९.३ | ०.७६ |

८.२ **आयोजना हस्तान्तरण:** सार्बजनिक खरिद नियमाबली, २०६४ को नियम ९७(१२) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । यो बर्ष उपभोक्ता समितिबाट रु.३३७२७५५२९.६६ खर्च गरी ५१६ बटा आयोजनाहरु सम्पन्न गरेकोमा नियमाबलीको व्यबस्था बमोजिम हस्तान्तरण गरेको देखिएन । जसबाट सम्पन्न आयोजना मर्मत, रेखदेख तथा उचित संरक्षण

हुन नसकी लगानी खेर जानसक्ने देखिन्छ । अत: सम्पन्न आयोजनाहरु समयमै हस्तान्तरण गरि उचित रेखदेख तथा मर्मत सम्भार हुने व्यवस्था गर्नुपर्दछ ।

८.३ **वार्षिक खरिद योजना/गुरुयोजना:** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था गरेको छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.३३७२७५५२९.६६ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली, नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना तयार गरेतापनि खरिद गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली, बमोजिम खरिद गुरुयोजना बनाई व्यवस्थित, प्रभावकारी र पारदर्शी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

८.४ **योजना छनौट र कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठूला योजनाहरु छनौट नगरी साना-साना र टुक्रे योजनामा ठूलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुने कारण यस्ता कार्यमा नियन्त्रण गरी ठूला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ । यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरू देहायअनुसार रहेका छन्:

| क्र.सं. | विवरण | योजना संख्या | रकम |
|---|---|---|---|
| १ | रु.१ लाख भन्दा कमको योजना | २६६ | २०४७९३९९ |
| २ | रू.१ लाख देखि रू.३ लाख सम्मका योजना | १७१ | ३२०७१७७८ |
| ३ | रू.३ लाख देखि माथि रू.५ लाख सम्मका योजना | ३४ | १४२७४१७५ |
| ४ | रु.५ लाख देखि माथि रू.१० लाख सम्मका योजना | १९ | १५१४९८०० |
| ५ | रू.१० लाख देखि माथि रू.२५ लाख सम्मका योजना | १७ | २९३००००० |
| ६ | रू.२५ लाख भन्दा माथीका योजना | ९ | ४४५८६००० |
|  | जम्मा | ५१६ | १५५८६११५२ |

साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा अपेक्षित उपलब्धी प्राप्त गर्न कठिनाई हुने कारण यस्तो कार्यमा नियन्त्रण गरी ठूला र प्राथमिकता प्राप्त योजना सञ्चालन गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

८.५ **निर्माण कार्य व्यवस्थापन :** पालिकाले आर्थिक वर्ष २०८०/०८१ मा ठेक्का र उपभोक्ता समिति मार्फत सम्पन्न गरेको योजनाहरुको विवरण देहाए बमोजिम रहेको छ।

| योजना संख्या | ठेक्का मार्फत | | उपभोक्ता समिति मार्फत | |
|---|---|---|---|---|
| | संख्या | रकम | संख्या | रकम |
| ५१९ | ३ | १००१७६१५ | ५१६ | ३२७२५७९१४ |

यस आर्थिक वर्षमा पालिकाले सञ्चालन गरेका कुल ५१९ योजनामा मध्ये ठेक्का मार्फत ३ वटा योजनामा रु.१ करोड १७ हजार खर्च गरेको छ भने उपभोक्ता समिति मार्फत सञ्चालित ५१६ योजनामा रु.३२ करोड ७२ लाख ५७ हजार खर्च गरेको छ । अर्थात ५१९ योजनामा भएको खर्च मध्ये २.९७ प्रतिशत ठेक्का प्रक्रिया र ९७.०३ प्रतिशत रकम उपभोक्ता समिति मार्फत् खर्च गरेको देखिन्छ ।

पालिकाले निर्माण कार्य गर्दा प्रतिस्पर्धात्मक प्रणाली, निर्माण कार्यको गुणस्तर, सोको दिगोपन उपभोक्ता समितिको क्षमता निर्माण कार्यको प्रकृति लगायतका विषयहरुको समेत विचार गरी निर्माण कार्य सञ्चालन एवं व्यवस्थापन गर्न ध्यान दिनुपर्दछ ।

## ९ सेवा प्रवाहः

९.१ **सेवाप्रवाहको स्थितिः** पालिकाले आर्थिक वर्ष २०८०/०८१ मा निम्न विषयमा २६७२ जनालाई देहाय बमोजिम पञ्जिकरण सेवा प्रदान गरेको छ।

| विवरण | सेवा संख्या |
|---|---|
| जन्म दर्ता | १३५३ |
| मृत्यु दर्ता | ४५४ |
| बसाईसराई दर्ता | २३१ |
| विवाह दर्ता | ५५९ |
| सम्बन्ध विच्छेद दर्ता | ७५ |
| जम्मा | २६७२ |

उपरोक्तानुसार पालिकाको वार्षिक सेवा प्रवाह अवस्था विश्लेषण गर्दा वार्षिक के कति सेवाग्राहीले सेवा प्राप्तिको लागि निवेदन दिएका थिए र के कतिले प्राप्त गर्न सकेनन् । सेवा प्राप्त हुन नसक्नुको कारण व्यवस्थित रेकर्ड नराखेकोले एकिन गर्न सकिएन । पालिकाले गुनासो सुनुवाई प्रभावकारि बनाई सेवाग्राही सन्तुष्टी सर्वेक्षण गरेर सेवा प्रवाहको अवस्थाको मुल्याङ्कन गर्न सके थप प्रभावकारी हुने देखिन्छ ।

९.२ **भूमिहिन दलित र सुकुम्बासी तथा अव्यवस्थित बसोबासको लगत संकलनः** यस सम्बन्धमा लेखापरीक्षण अवधिसम्म भएका कार्यहरु देहाय बमोजिम रहेका छन्।पालिकाले उपलब्ध गराएको विवरण अनुसार सम्बन्धित वडा मार्फत् संकलन गरेको निम्नानुसारको निवेदन पालिकामा प्राप्त भएको छ ।

| क्र.सं. | विवरण | घरधुरी संख्या |
|---|---|---|
| १ | भूमिहिन दलित | ७५ |
| २ | भूमिहिन सुकुम्बासी | ५३ |
| ३ | अव्यवस्थित बसोबासी | ६७ |
| | जम्मा निवेदन | १९५ |

भूमिहिन दलित र सुकुम्बासी तथा अव्यवस्थित बसोबास गरेका घरधुरी संख्यालाई जग्गा धनी पूर्जा वितरण गर्न पालिकाले कुनै पहल गरेको विवरण पेश भएको छैन। पहिचान भएका भूमिहिन दलित, सुकुम्बासी तथा अव्यवस्थित बसोबासीलाई उचित व्यवस्थापन गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

## १० अवकास कोषः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानिकरणबाट कर्मचारी अवकास कोषमा रु.३२३१५/- ट्रान्सफर गरेको छ । पालिकाले यस सम्बन्धमा आवश्यक कानून तयार गरेतापनि यस आर्थिक वर्षमा पालिकाले उक्त कोषमा नियमानुसारले हुने रकम ट्रान्सफर नगरी अबकाश कोषमा विगतमा जम्मा भएको रकम रु.५५०२२१९/- खर्च गरेको नियम सम्मत नदेखिएको रु.

| सुरु मौज्दात | यो बर्षको आम्दानी | यो बर्षको खर्च | अन्तिम मौज्दात |
|---|---|---|---|
| ५४७२१३५ | ३२३१५ | ५५०२२१९ | २२३१ |

| | |
|---|---|
| अनियमित भएको | ५५,०२,२१९ |

११ **संगठन तथा कर्मचारी व्यवस्थापनः**

११.१ **कर्मचारी करार:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । पालिकाले स्वीकृत दरबन्दी मध्ये विभिन्न पद तथा स्वास्थ्य सेवामा समेत ४२ जना कर्मचारीहरु करारमा राखि रु.१०४८०७६२/- खर्च लेखेको छ । यसरी स्वीकृत दरबन्दी करार सेवाबाट पूर्ती गर्नाले प्रतिशस्तर्धात्मिक क्षमता भएका योग्य ब्यक्ती सेवा प्रवाहमा संलग्न हुन नसक्दा सेवा प्रवाह प्रभावकारी नहुने तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को व्यवस्थाको समेत पालना नहुने देखिंदा समयमै लोकसेवा आयोगमा रिक्त पदको माग पठाएर स्थायी कर्मचारी नियुक्तीको व्यवस्था गरी सेवा प्रवाहलाई थप प्रभावकारी बनाउनुपर्दछ ।

११.२ **दरबन्दी र पदपूर्ती :** पालिकामा स्वीकृत कर्मचारी दरबन्दी, पदपूर्ती र यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन्।

| क्र.सं. | स्वीकृत पद | संख्या | पदपूर्ती | | | पदपूर्ती बाँकी |
|---|---|---|---|---|---|---|
| | | | स्थायी | करार | ज्यालादारी | |
| १ | अधिकृत स्तर | ४३ | २० | ३ | ० | २० |
| २ | सहायक स्तर | १४१ | ५६ | ५२ | ८ | २५ |
| | जम्मा | १८४ | ७६ | ५५ | ८ | ४५ |

११.३ **रिक्त पदको सूचना नदिएको :** स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा १२(१) अनुसार स्थानीय सेवाको कुनै पद रिक्त भएमा त्यस्तो पद रिक्त भएको मितिले एक महिना भित्रमा पद रिक्त भएको सूचना सम्बन्धित स्थानीय तहले प्रदेश लोक सेवा आयोग र मन्त्रालयलाई दिनु पर्ने व्यवस्था छ । पालिकाको स्वीकृत कर्मचारी दरबन्दी १८४ जना रहेकोमा ७६ जना स्थायी, ५५ जना करार तथा ८ जना करारमा कार्यरत रहेका छन् । तर पालिकाले गत विगत वर्षहरु देखि यस वर्षको लेखापरीक्षण अविधसम्म पनि रिक्त ४५ पद पूर्तीका लागि स्थानीय सेवा गठन तथा सञ्चालन ऐनमा तोकिएको व्यवस्था बमोजिम प्रदेश लोक सेवा आयोग र मन्त्रालयलाई सूचना दिएको छैन । अत: यस पालिकाले प्रदेश लोक सेवा आयोग र मन्त्रालयलाई समयमै माग पठाएर कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपुर्ती गरी सेवा प्रवाहलाई सहज र प्रभावकारी बनाउनुपर्दछ ।

११.४ **स्वत: पद रिक्तः** स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा १५(१) अनुसार स्थानीय सेवाको पदमा यस अध्यादेशमा व्यवस्था भए देखि बाहेक अन्य तरिकाबाट पदपूर्ती गर्न नपाईने तथा दफा १५(२) अनुसार उपदफा (१) विपरित गरिएको नियुक्ती स्वत: बदर भएको मानिने उल्लेख छ । तर पालिकाले प्रदेश कानून आए पश्चात पनि आर्थिक वर्ष २०८०/०८१ का लागि समेत तोकिए बमोजिम रिक्त पदको सूचना नपठाई ५५ जनालाई करारमा नियुक्त गरेको कार्य नियमसम्वत् नदेखिनुका साथै उक्त करार सम्झौता स्वत: निष्क्रिय हुने देखिन्छ । साथै स्वत: बदर हुने करार सम्झौताका आधारमा तलब भत्ता भुक्तानी हुन जाने अवस्था तर्फ समेत पालिकाले ध्यान दिनु पर्दछ । अत: पालिकाले समयमै प्रदेश लोक सेवा आयोग र मन्त्रालयलाई सूचना दिएर करार सेवाको स्थानमा स्थायी पदपुर्ती गर्नुपर्दछ ।

**तलवी प्रतिवेदन** : निजामती सेवा ऐन, २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय

सरकारबाट हस्तान्तरित चालु अन्तर्गत र स्वास्थ्य तर्फ ५९ जना कर्मचारीको रु. १५०३१७०५ /- र पालिकाका १३९ कर्मचारीको रु.४२२६३६११/- समेत रु. ५७२९५३१६/- खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

११.५ **दरबन्दी बाहिरको करार सेवाः** स्थानीय सरकार सञ्चालन ऐन२०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । त्यसै गरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी सवारी चालक, कार्यालय सहयोगी प्लम्बर इलेक्टीसियन चौकिदार माली बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । कार्यालयले संगठन तथा व्यवस्थापन सर्भेक्षण स्वीकृत नगरी ७ जना करार कर्मचारी स्वीकृत दरबन्दी बाहिर राखेको छ । नगरपालिकाले दरबन्दी बाहिर करार सेवामा कर्मचारी राखी तलव भत्तामा रु. २८९३२१२/- खर्च गरेको देखिएकाले नियम सम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २८,९३,२१२ |

१२ **आर्थिक सहायता, अन्य विविध खर्च र अनुदानः**

१२.१ **आर्थिक सहायताः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । पालिकाले यो वर्ष विभिन्न व्यक्ति तथा निकायहरुलाई सहयोग गरी रु.२९९२४१५/- आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । पालिकाले विभिन्न व्यक्ति तथा निकायहरुलाई गर्ने सहयोग शिर्षकमा आर्थिक सहायता वितरण गर्ने कार्यलाई नियन्त्रण गर्नुपर्दछ साथै आर्थिक सहायता प्राप्त गर्नेको विवरण सार्वजनिक गरी सहायता वितरणमा पारदर्शिता कायम गर्नुपर्दछ ।

१२.२ **विविध खर्चः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु.४२११२६९/- चालु खर्च गरेको छ । कार्यालयले उपलब्ध बजेटलाई कार्यक्रम बनाई उपलब्धीमुलक क्षेत्रमा खर्च गरेर यस्ता प्रकृतिका खर्चमा न्यूनीकरण गर्नुपर्दछ ।

१२.३ **अनुगमन मुल्याङ्कन तथा भ्रमण खर्चः** भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सो को अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय वनाउन आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ।नियम १९ मा जिल्लाभित्रको ठाउँको दुरीको विवरण राख्नुपर्ने उल्लेख छ ।कार्यालय र वडा तथा स्वास्थ्य संस्थामा समेत यस वर्ष विषयगत शीर्षक तथा कन्टिन्जेन्सी वाहेक चालु खर्च शिर्षकवाट रु.२०९०९३५/- खर्च लेखेको छ । तर भ्रमणको उद्धेश्य, अनुगमन तथा भ्रमण प्रतिवेदन, भ्रमण अभिलेख, दुरीको विवरण, सवारी साधनको टिकट आदि राखेको छैन । जसले गर्दा अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको छ, भन्ने आधार रहेन । पालिकाले नियमावलीमा भएको व्यवस्थाको पालना गरेर मात्र अनुगमन मुल्याङ्कन तथा भ्रमण खर्च गर्नुपर्ने देखिन्छ।

१३ **पेश्की बाँकीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७-५५ मा पेश्की दिने र फर्स्यौट गर्ने कार्यविधिको व्यवस्था रहेको छ । नियम ५१ मा पेश्की लिने सरकारी कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले तोकिएको म्यादभित्र पेश्की फर्स्यौटको लागि आवश्यक कागजात पेश नगरेमा त्यस्तो पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतका दरले ब्याज समेत लगाई असुल गर्न सकिने व्यवस्था छ । यस कार्यालयबाट तपसिल बमोजिमका कर्मचारी तथा अन्य व्यक्ति/संस्थाहरुलाई पेश्की उपलब्ध

गराएकोमा नियमावली, बमोजिम फर्स्योटको अवधि सकिएकोले कार्यालयको तर्फबाट आगामी दिनमा यस्तो अवस्था आउन नदिन विशेष ध्यान दिनुपर्दछ ।अत: देहा अनुसारका व्यक्ति तथा निकायहरुको नाममा वर्षान्त सम्म फछ्यौट हुन बाँकी रहेको पेश्की रु.३०७२६००/- फछ्यौट हुनुपर्ने रु.

| क्र.सं. | कार्यक्रमको नाम | पेश्की लिने कर्मचारी/ठेकदार/ संस्था/ उ.स को नाम | म्याद नाघेको पेश्की रकम | म्याद ननाघेको पेश्की रकम |
|---|---|---|---|---|
| १ | सवारी साधन मर्मत | शिव प्रसाद सापकोटा | १५०००० | |
| २ | विपद ब्यवस्थापन | तेजे सार्की | १००००० | |
| ३ | जिरो वेष्ट कार्यक्रम | सुदिप राजभण्डारी | १००००० | |
| ४ | नगर उपप्रमुख पर्यटन विकास कार्यक्रम | सस बहादुर पुन | ३००००० | |
| ५ | अतिथि सत्कार तथा विविध | पुरुषोतम गौतम | १००००० | |
| ६ | बालमैत्री स्थानीय शासन कार्यक्रम | रिता शर्मा | ३५०००० | |
| ७ | सहरी स्वास्थ्य केन्द्र संचालन | सहरी स्वास्थ्य केन्द्र पैयूपाटा | २५००० | |
| ८ | आकस्मिक योजना कार्यान्वयन | धौलागिरी आँखा अस्पताल | ४५०००० | |
| ९ | मुख्यमन्त्री नवप्रवर्द्धन साझेदारी कार्ग्रकम | कुकुर सेल्टर हाउस निर्माण उ.स | १४९७६०० | |
| १० | सरङ्गी देखि जैमिनी सम्मको सडक | गौतम ए.ए जेभि | | १७०००००० |
| ११ | Urban Development Grant दिने | आषिश /फेवा जे.भी | | ६४८०००००० |
| १२ | मुक्तिनाथ बाबा सहितको पञ्चकोट परिक्रमा स्तरउन्नती | जुम्ली आर.स जे.भी | | ७६०००००० |
| | | जम्मा | ३०७२६०० | ७४१०००००० |

| | |
|---|---|
| पेश्की | ३०,७२,६०० |

१४ **परामर्स सेवा खरिद:**

**सम्भाव्यता अध्ययन/डि.पि.आर**: सार्वजनिक खरिद ऐन, २०६३ को नियम ८.९ मा प्रतिस्पर्धात्मक प्रस्ताव माग गरि परामर्श सेवा खरिद गर्नुपर्ने, यस्तो खरिदमा आवश्यक्ताको पहिचान समेत गर्नुपर्ने व्यवस्था छ । यसरी परामर्श सेवा खरिद गर्दा विभागीय जनशक्तिले कार्य गर्न संभव नहुने विषयमा मात्र परामर्श सेवा लिनुपर्नेमा कार्यालयले सम्भाव्यता अध्ययन, अध्ययन प्रतिवेदन लगायतमा गत वर्ष ७ कार्यमा रु.४६७५८१६/- र यो वर्ष ४ कार्यमा रु.४५४३६९९/- समेत कुल रु.९२१९५१५/- खर्च गरेको छ । यसरी खरिद गर्दा सो को आवश्यकता, खरिदमा मितव्ययिता, पालिकाकै जनशक्तिको परिचालन सम्बन्धमा पर्याप्त विश्लेषण गरेको पाईएन । यस्ता सम्भाब्यता अध्ययन तथा डि.पि.आर. तयार गर्ने कार्यमा परामर्श सेवा खरिद गर्दा ती आयोजना एवं कार्यक्रमको लागि वजेट व्यवस्था गरेर कार्यान्वयनमा जाने विषयमा समेत ध्यान पुर्‍याएको पाईएन । प्रत्येक वर्ष डि.पि.आर तयार गर्ने तर प्रतिवेदनको गुणस्तर र कार्यान्वयनको सुनिश्चितता समेत नगर्दा यस्ता कार्यमा भएको खर्चबाट अपेक्षित उलब्धी हाँसिल हुने नदेखिंदा यस्तो प्रकृतिको खर्चमा नियन्त्रण गर्ने सम्बन्धमा पालिकाले ध्यान पुर्याउनु पर्दछ । पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८०/०८१ मा परामर्श सेवा (डि.पि.आर.समेत) वापत रु.४५४३६९९/- भुक्तानी गरेकोमा सोको विवरण देहाय बमोजिम रहेको छः

| क्र.सं. | कामको विवरण | परामर्शदाताको नाम | लागत अनुमान रु. | सम्झौता रकम रु. | घटी प्रतिशत |
|---|---|---|---|---|---|
| १ | कालिगण्डकी निरहे IEE | स्मार्ट ड्रिलिङ्ग एण्ड टेस्टिङ्ग प्रा. लि. | ५६००००/- | ४९९९९९/- | १.४२ |
| २ | मुक्तिनाथ बाबा परिक्रमा सहितको सडक स्तरोन्नती डि.पि.आर. तयार गर्ने कार्य | कन्सेप्ट डिजाइन एण्ड डेभलपमेन्ट अथोरिटी प्रा.लि | ४७९३८३/- | ४७७०००/- | ०.४९ |
| ३ | नगर म्याप प्रोफाईल | निरा कन्सल्टिङ्ग गुरप प्रा. लि. | १७९८९६०/- | १७९६७००/- | ०.१३ |
| ४ | नगर यातायात गुरुयोजना | जेनेक्स इन्जिनियरिङ्ग सोलुसन्स प्रा.लि | १७९७८३०/- | १७७००००/- | १.५५ |
| | जम्मा | | ४६३६१७३/- | ४५४३६९९/- | १.९९ |

## १५ न्यायीक समिति:

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार मुद्दा दर्ता र फछ्र्यौट कारवाही देहाय बमोजिम रहेको छ:

| गत वर्षबाट सरेका विवाद | यस वर्ष दर्ता भएको | जम्मा | फछ्र्यौट/कारवाही भएका विवाद | फछ्र्यौट/कारवाही हुन बाँकी विवाद |
|---|---|---|---|---|
| ६ | ८ | १४ | ६ | ८ |

उपरोक्तानुसार पालिकामा गत वर्षबाट ६ मुद्धा सरेर आएकोमा यो वर्ष थप ८ मुद्धा दर्ता भई जम्मा १४ मुद्धा रहेकोमा ६ मुद्धाको यो वर्ष निरुपण भई ८ मुद्धाको जिम्मेबारी सरेको पाईयो । आर्थिक वर्ष २०८०/०८१ को अन्तमा बाँकी रहेका ८ मुद्धाको समयमै न्यायिक निरुपण हुने व्यवस्था गर्नुपर्दछ ।

## १६ बैक हिसाब मिलानः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैंक खाताको हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा यस पालिकाले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण बैंकमा निम्नानुसार बढी मौज्दात देखिएकोले बैंक हिसाब मिलान विवरण तयार गरी एकिन गनुपर्दछ ।

| खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक |
|---|---|---|---|
| संचित कोष खाता | ३१४७३८२१.९ | ३१९०९२८१.९ | ४३५४६० |
| जम्मा | ३१४७३८२१.९ | ३१९०९२८१.९ | ४३५४६० |

## १७ खर्चको पुष्ट्याईं

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२८** को निर्णयले रू **०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

## १८ धरौटी खाता:

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी नियमावली,२०७७ को नियम ६४ ले प्राप्त धरौटी रकमको गोश्वारा भौचर उठाई आम्दानी बाँध्नुपर्ने र आर्थिक वर्षको अन्त्यमा मौज्दात रहेको धरौटी रकमको नामनामेसी विवरण उल्लेख गरी व्यक्तिगत धरौटी खाता राख्नुपर्ने व्यवस्था गरेको छ। नगरपालिकामा व्यक्तिगत धरौटी खाता नराखेको हुँदा विगतमा कहिले देखि कुन ब्यक्ति वा संस्थाको नाममा धरौटी रकम के बापत राखेको हो यकिन गर्न सकिएन। उक्त नियमावलीमा भएको व्यबस्थालाई कार्यान्वयनमा ल्याई पालिकाले तोकिएका विवरण र खाताहरू राख्नुपर्दछ।

## १९ कृषि तथा पशु तर्फ:

१९.१ **कृषि तथा पशुमा अनुदान:** कृषिसँग सम्बन्धित सहकारी तथा संघ संस्थाहरुलाई कृषि विकासका लागी प्रदान गरिने अनुदान कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७३ को बुँदा नम्बर ७ मा अनुदान दिने सार्बजनिक निकायको जिम्मेबारी सम्बन्धी ब्यबस्था गरेको छ । निर्देशिकाको बुँदा नम्बर ७.२ मा अनुदानको कार्यान्वयन गर्न गराउन नियमित रुपमा सुपरीबेक्षण, अनुगमन तथा गुणस्तर नियन्त्रण गरी वा गराई निर्धारित समयमा कार्य सम्पन्न हुने सुनिश्चितता गर्नु सम्बन्धित सार्बजनिक निकायको प्रमुखको कर्तब्य हुने उल्लेख छ । पालिकाले उपलब्ध गराएको सरकारी अनुदान रकमको वितरण, सदुपयोग सही एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकिरण एवं अनुगमन हुनु पर्दछ र सो को प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी पूँजी निर्माण गर्ने उत्पादन तथा उत्पादकत्वमा बृद्धि भए नभएको सम्बन्धमा प्रतिवेदन तयरा गरी पेश गर्नुपर्दछ । यस वर्ष कृषि तथा पशु कार्यक्रम अन्तर्गत सञ्चालित केही कार्यक्रमहरु देहाय अनुसार रहेका छन्;

| क्र.सं. | कार्यक्रमको नाम | लाभग्राही संख्या जना | अनुदान रकम |
|---|---|---|---|
| १. | मकै बाली पर्वर्द्धन कार्यक्रम | ६८५ | ८०३८२५ |
| २. | फलफुल खेती प्रवर्द्धन कार्यक्रम | ३५० | २०३६२४ |
| ३. | तरकारी पकेट कार्यक्रम | १५ | ४३२००० |
| ४. | च्याउ पकेट कार्यक्रम | ५० | ४८०८१५ |
| ५. | उन्नत वीउ उपयोगमा मुल्य अनुदान | १० | ५२५०८७ |
| ६. | तरकारी आत्मनिर्भर कार्यक्रम | ११० | १०२०१५ |
| ७. | कृषिमा यान्त्रीकिकरण | १० | ३००००० |
| ८. | बाख्रा पकेट | ५० | ६७६७८२ |
| ९. | गाईभैसी प्रवर्द्धन | ३६ | ८१२९२० |
| १०. | गोरु प्रर्वर्द्धन | ८१ | ३९९९७८ |
| ११. | बिपन्न कृषक कार्यक्रम | ६५ | १९९९८९ |
| | जम्मा | १४६२ | ४९३७०३५ |

पालिकाले अनुदान वितरण पश्चातको उपलव्धी मापन गरेको छैन । अनुदानवाट प्राप्त लाभको विश्लेषण गरी आगामी दिनमा अनुदानको कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ । अनुदान रकम विभिन्न तरिकावाट साना-साना कार्यक्रम बनाई वितरण गर्दा अपेक्षित प्रतिफल प्राप्त नहुने र यसले उत्पादकत्वमा समेत बृद्धि नगर्ने हुँदा ठूला अनुदानका कार्यक्रम सञ्चालन गरी कृषि पेशालाई आकर्षित गर्नुपर्छ । साथै अनुगमन प्रभावकारी बनाई दोहोरो (संघ, प्रदेश तथा स्थानीय तह) परे नपरेको एकिन गरेर लिखित प्रतिवेदन समेत लिनुपर्दछ । पालिकाले कृषि क्षेत्र तथा पशु क्षेत्रमा विभिन्न अनुदान दिएकोमा अनिवार्य वीमा गरेर मात्र अनुदान दिने नीति तय गरेको देखिएन । एक सरकारले ल्याएको नीतिलाइ अर्को सरकारले सहयोग गर्ने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ । साथै कृषि तथा पशु सम्बन्धी केही कार्यक्रमहरु बिनालागत सहभागीतामा समेत सञ्चालन हुने गरेकोमा सबै कार्यक्रममा अनिवार्य लागत सहभागिता गराएर कृषकको स्वामित्व कायम गराई अनुदानको प्रभावकारी उपयोग गराउने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

१९.२ **अनुदान व्यवस्थापन:** पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष कृषि तथा पशु लगायतका क्षेत्रमा देहाय बमोजिम अनुदान वितरण गरेको छ।

| क्र.सं. | अनुदानको क्षेत्र | कार्यक्रम संख्या | अनुदान रकम |
|---|---|---|---|
| १ | कृषि तर्फ | ७ | ४६६७३६६ |
| २ | पशु तर्फ | ४ | २०८९६६९ |
| | जम्मा | ११ | ६७५७०३५ |

उपरोक्त विवरण अनुसार यस पालिकाले यो वर्ष कृषि पशु लगायतका क्षेत्रमा रु.६७५७०३५/- अनुदान वितरण गरेको छ । अनुदान वितरण पश्चात अनुगमन प्रभावकारी रुपमा गरी उपलब्धी मापन गरेको नदेखिएकोले अनुदानको सदुपयोग भएकोमा सम्बन्धमा आस्वस्त हुन सकिएन । पालिकाले अनुदानग्राहीको विवरण सार्वजनिक गरी अनुदान वितरणमा पारदर्शिता कायम गर्नुपर्दछ । अतः अनुदान वितरणसंगै अनुगमन संयन्त्र बलियो बनाई अनुदानको अपेक्षित रुपमा सदुपयोग भए नभएको एकिन गर्नु पर्दछ ।

२० **शिक्षा तर्फः**

२०.१ **विद्यालय र विधार्थी संख्या:** पालिकाले तयार पारेको शैक्षिक सत्र २०८० को विवरण अनुसार देखिएका व्यहोराहरु देहाय बमोजिम रहेका छन् ।

| क्र.सं. | विद्यालयको किसिम | विद्यालय संख्या | विधार्थी संख्या |
|---|---|---|---|
| १ | सामुदायिक विद्यालय | ८४ | ७३९९ |
| २ | संस्थागत विद्यालय | २२ | ७०७३ |
| | जम्मा | १०६ | १४४७२ |

उपरोक्त विवरण अनुसार पालिकाको जम्मा विधार्थी संख्या १४४७२ रहेकोमा ५१.१३ प्रतिशत संस्थागत विद्यालयमा र ४८.८७ प्रतिशत सामुदायिक विद्यालयमा अध्यनरत रहेको देखियो।

२०.२ **सामुदायिक विद्यालयको दरबन्दी र पदपुर्तीः** आर्थिक वर्ष २०८०/०८१ मा पालिका भित्रका ८४ वटा सामुदायिक विद्यालयको शिक्षक दरबन्दी र पदपूर्तीको अवस्था देहाए बमोजिम रहेको छ।

| विद्यालयको किसिम | दरबन्दी संख्या | स्थायी पदपूर्ती | पदपूर्ती मध्ये राहत/करार | रिक्त दरबन्दी |
|---|---|---|---|---|
| सामुदायिक | ५८० | ४२४ | १५६ | ० |

उक्त विवरण अनुसार पालिकामा जम्म ५८० शिक्षक दरबन्दी रहेकोमा ४२४ जना स्थायी पदपूर्ती र १५६ जना अस्थायी/राहत/करारमा नियुक्त गरी पदपूर्ती गरेको देखिन्छ । पालिकाले विद्यालय संख्याका आधारमा सिर्जना गरेका पदहरुमा स्थायी पदपूर्ती गरी सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा सुधार गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

२०.३ **शिक्षक विद्यार्थी अनुपात:** शिक्षा नियमावली, २०५९ अनुसार सामुदायिक विद्यालयमा विद्यार्थी शिक्षक अनुपात हिमाली भेगमा ४०:१, पहाडी भेगमा ४५:१ र उपत्यका तथा तराई भेगमा ५०:१ रहने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८०/०८१ मा शिक्षक विद्यार्थी अनुपातको अवस्था देहाय बमोजिम छ।

| क्र.सं | विद्यालयको नाम | जम्मा शिक्षक दरवन्दी | जम्मा विद्यार्थी संख्या | (शिक्षक, विद्यार्थी) अनुपात |
|---|---|---|---|---|
| १ | धवलागिरी बहिरा आ.मा.वि. बा.न.पा.-१ | २१ | ३६४ | १७ |
| २ | रामरेखा आ.मा.विद्यालया बा.न.पा.-१ | ८ | २१३ | २७ |
| ३ | रुद्रेपिपल मा.वि. बा.न.पा.-२ | १५ | ५८५ | ३९ |
| ४ | बालमन्दिर आ.वि. बा.न.पा.-२ | ८ | ७६ | १० |
| ५ | विद्यामन्दिर मा.वि. बा.न.पा.-३ | २३ | ३४५ | १५ |
| ६ | कालिका कन्यामन्दिर मा.वि. बा.न.पा.-३ | १७ | १४९ | ९ |
| ७ | धवलागरि विरेन्द्र मा.वि. बा.न.पा.-३ | २५ | ३४० | १४ |
| ८ | बसन्धरा प्रा.वि. बा.न.पा.-३ | ३ | ३७ | १२ |
| ९ | कुड्ले मा.वि बा.न.पा. -४ | १६ | १८८ | १२ |
| १० | मुक्तिनाथ संस्कृत वेदविद्याश्रम मा.वि -४ | ३ | २७ | ९ |
| ११ | बागलुङ विशेष बाल कक्षा बा.न.पा.-४ | ३ | २८ | ९ |
| १२ | उपल्लाचौर आ.वि. बा.न.पा. -४ | ८ | ४३ | ५ |
| १३ | गणेश प्रा.वि बा.न.पा.- ४ | ५ | ५१ | १० |
| १४ | देउराली प्रा.वि. बा.न.पा.- ४ | २ | ९ | ५ |
| १५ | मालिका मा.वि. बा.न.पा.-५ | १६ | १४९ | ९ |
| १६ | कृष्ण आधारभूत वि. बा.न.पा.-५ | ७ | ७० | १० |
| १७ | मालिका नि.मा.वि. बा.न.पा.-५ | ४ | ३१ | ८ |
| १८ | बाल श्रम प्रा.वि. बा.न.पा. -५ | २ | १६ | ८ |
| १९ | लहरेपिपल मा.वि. बा.न.पा.-६ | १५ | १९९ | १३ |
| २० | आधारभूत प्रा.वि. बा.न.पा.-६ | २ | २५ | १३ |
| २१ | सदाशिव प्रा.वि. बा.न.पा. -६ | ३ | ६५ | २२ |
| २२ | अमर प्रा.वि. बा.न.पा.-६ | २ | ४३ | २२ |
| २३ | भगवति प्रा.वि. बा.न.पा.-६ | २ | २७ | १४ |
| २४ | मूलपानी मा वि. बा.न.पा.७ | १८ | २६४ | १५ |
| २५ | विश्वकर्मा मा.वि. बा.न.पा.-७ | १६ | ५५ | ३ |
| २६ | तितौरे मा.वि. बा.न.पा.-७ | १२ | १३८ | १२ |
| २७ | सरस्वति प्रा.वि. बा.न.पा. ७ | ४ | ५५ | १४ |
| २९ | गौरिशंकर प्रा.वि. बा.न.पा. ७ | ४ | ४७ | १२ |
| ३० | जनचेतना प्रा.वि. बा.न.पा.-७ | ३ | २९ | १० |
| ३१ | सिगाना मा.वि. बा.न.पा.-८ लामिचौर | १२ | १५६ | १३ |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ३२ | बौडेचौर मा.वि. बा.न.पा.-८ | १० | १४४ | १४ |
| ३३ | ज्ञान कुञ्ज प्रा.वि. बा.न.पा.-८ | ४ | २२ | ६ |
| ३४ | भगवति प्रा.वि. बा.न.पा.-८ | ३ | ७ | २ |
| ३५ | भैंन्डाडा आ.वि बा.न.प.-८ | २ | ६ | ३ |
| ३६ | सिगाना मा.वि.तित्याङ बा.न.पा.-९ | १८ | १८४ | १० |
| ३७ | तित्याङ मा.वि. बा.न.पा.-९ | १५ | १५६ | १० |
| ३९ | जनसेवा प्रा.वि. बा.न.पा.-९ | २ | १० | ५ |
| ४० | ईन्द्र प्रा.वि. बा.न.पा.-९ | २ | १५ | ८ |
| ४१ | सरस्वति प्रा.वि. बा.न.पा. ९ | २ | १२ | ६ |
| ४२ | कृष्ण प्रा.वि. बा.न.पा.-९ | ० | ८ | ० |
| ४३ | तित्याङ प्रा.वि. बा.न.पा.-९ | ३ | २२ | ७ |
| ४५ | शिवालय प्रा.वि. बा.न.पा.-९ | ५ | ६९ | १४ |
| ४६ | भैरव मा.वि. बा.न.पा-१० | १६ | १४३ | ९ |
| ४७ | चौतारे डाँडा मा.वि. बा.न.पा.-१० | १२ | १०८ | ९ |
| ४८ | शिवालय आ.वि. बा.न.पा.-१० | ६ | ५३ | ९ |
| ४९ | वराह प्रा.वि.बा.न.पा.-१० | २ | ९ | ५ |
| ५० | सरस्वति प्रा.वि. बा.न.पा.-१० | १ | ७ | ७ |
| ५१ | गलुवा ढाँडखर्क प्रा.वि. बा.न.पा.-१० | ५ | ५४ | ११ |
| ५३ | महाविद्याजन मा.वि. बा.न.प.-११ | १७ | १४७ | ९ |
| ५४ | जनता आ.वि. बा.न.पा. -११ | १० | ६४ | ६ |
| ५६ | ओख्ले प्रा.वि बा.न.पा. -११ | ० | २ | ० |
| ५७ | सिद्ध प्रा.वि. बा.न.पा. -११ | ० | ३ | ० |
| ५८ | सरस्वती प्रा.वि. बा.न.पा. -११ | ३ | २५ | ८ |
| ५९ | चन्दाचन्द्रनगर प्रा.वि. बा.न.पा.-११ | ५ | ३४ | ७ |
| ६० | पृथ्वी हिरण्य मा.वि. बा.न.पा.-१२ | १८ | १८४ | १० |
| ६१ | लक्ष्मीनारायण आ.वि. बा.न.पा.-१२ | ११ | ५९ | ५ |
| ६२ | सरस्वती प्रा.वि. बा.न.पा. -१२ | ३ | ३२ | ११ |
| ६३ | जनचेतना प्रा.वि. बा.न.पा.-१२ | ५ | ३२ | ६ |
| ६४ | भैरवस्थान प्रा.वि. बा.न.पा. -१२ | २ | ११ | ६ |
| ६५ | बुद्धिदात्री प्रा.वि.बा.न.पा.-१२ | ० | ६ | ० |
| ६६ | भैरव प्रा.वि. बा.न.पा.-१२ | ० | ७ | ० |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ६७ | जगन्नाथ प्रा.वि. बा.न.पा. -१२ | ० | २७ | ० |
| ६९ | कृष्ण प्रा.वि. बा.न.पा.-१२ | ३ | २० | ७ |
| ७० | जनमत मा.वि. बा.न.पा. -१३ | १५ | २०३ | १४ |
| ७१ | त्रिभुवन मा.वि बा.न.पा.-१३ | २० | ३५९ | १८ |
| ७२ | शिवालय आ.वि. बा.न.पा.-१३ | ७ | ७६ | ११ |
| ७३ | प्रजातन्त्र प्रा.वि. बा.न.पा.-१३ | २ | ० | ० |
| ७४ | दुर्गा भवानी प्रा.वि. बा.न.पा.-१३ | १ | १२ | १२ |
| ७५ | बालप्रभा प्रा.वि. बा.न.पा.-१३ | ४ | ५१ | १३ |
| ७६ | परमपुण्यश्वरी प्रा.वि. बा.न.पा.-१३ | ४ | ७४ | १९ |
| ७७ | लक्ष्मीनारायण संस्कृत पाठशाला बा.न.पा.-१३ | ० | ० | ० |
| ७८ | जनता प्रा.वि. बा.न.पा. -१३ | ३ | ३५ | १२ |
| ७९ | दुर्गा आ.वि. बा.न.पा.-१३ | ९ | ११२ | १२ |
| ८० | जनताधन मा.वि. बा.न.पा.-१४ | २३ | २११ | ९ |
| ८१ | गणेश मा.वि बा.न.पा.- १४ | १९ | ६४८ | ३४ |
| ८२ | आधारभूत आ.वि. बा.न.पा.-१४ | ७ | ६० | ९ |
| ८३ | सरस्वती प्रा.वि. बा.न.पा.-१४ | २ | १५ | ८ |
| ८४ | आनन्द वालविकास केन्द्र बा.न.पा. ४ | ० | ४ | ० |
| | प्रविधिक र विशेष सहति कुल जम्मा | ५८० | ७३६६ | १३ |

उपरोक्त विवरण अनुसार यस पालिकामा विद्यार्थी शिक्षक अनुपात १:१३ रहेको छ अर्थात यस पालिकामा १ जना शिक्षकले १३ जना विद्यार्थीहरुलाई पठन पाठन गराउनु पर्ने देखिन्छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को अनुसूची १ को जिल्ला वर्गिकरणमा वागलुङ जिल्ला पहाडी जिल्लाको सूचीमा रहेको छ । शिक्षा नियमावली, २०५९ ले तोके अनुसार पहाडी भेगमा सामुदायिक विद्यालयमा १ जना शिक्षकले ४५ जना विद्यार्थीलाई पठन पाठन गराउनुपर्ने गरी शिक्षकको दरबन्दी कायम हुनु पर्नेमा यस पालिकामा १ जना शिक्षकले औषतमा १३ जना विद्यार्थीलाई मात्र पठन पाठन गराएको देखियो जुन शिक्षा नियमावलीले तोकेको अनुपात भन्दा ज्यादै कम रहेको छ । पालिकाले विद्यार्थी संख्या अनुसार शिक्षकको दरबन्दी मिलान गर्नु पर्दछ ।

२०.४ **प्रति विद्यार्थी लागतः** पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८०/०८१ को प्रति विद्यार्थी लागत देहाय बमोजिम रहेको छ ।

| बजेट विवरण | बजेट रकम | खर्च रकम | विद्यार्थी संख्या | प्रति विद्यार्थी लागत |
|---|---|---|---|---|
| शिक्षा क्षेत्रको कुल बजेट | ५३६३५९७५० | ४४९२६२६५२ | ७३६६ | ६०९९१ |
| जम्मा | ५३६३५९७५० | ४४९२६२६५२ | ७३६६ | ६०९९१ |

उपरोक्त विवरण अनुसार पालिकाको सामुदायिक विद्यालयको प्रति विद्यार्थी लागत रु.६०९९१/- रहेको छ । शिक्षक विद्यार्थी अनुपात कम रहेकोले प्रति विद्यार्थी लागत बढी रहेको देखियो । अतः पालिकाले विद्यार्थी संख्या अनुसार शिक्षकको दरबन्दी मिलान गरेर प्रति विद्यार्थी लागत कम गर्न पहल गर्नुपर्दछ ।

२०.५ **शैक्षिक गुणस्तरः** नगरपालिका अन्तर्गत रहेका १०६ विद्यालयहरुमा २०८० सालको एस.ई.ई. परीक्षामा सहभागी विधार्थी संख्या मध्ये उतिर्ण कति भए तथा जि. पि. ए. ३.६१ - ४.०० सम्म र ३.२१ - ३.६० सम्म प्राप्त गर्ने विद्यार्थी कती थिए भन्ने विवरण पालिकाले उपलब्ध गराउन नसकेकोले शैक्षिक गुणस्तरको बारेमा जानकारी प्राप्त गर्न सकिएन । पालिकाले शिक्षा क्षेत्रमा गरेको लगानी र सो को उपयोगको बारेमा तथ्याङ अध्यावधिक गर्नु पर्दछ ।

२०.६ **कोभिड १९ Real Planकार्यक्रमः** शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा प्रकाशित कार्यक्रम कार्यन्वयन पुस्तिका २०८०/८१ को क्रियाकलाप नं २.७.१३.४९ मा कोभिड १९ बाट विद्यालयहरुमा पुगेको शैक्षिक क्षतिको परिपुरण तथा अन्य विपद समयमा सिकाई निरन्तरता भए नभएको सन्दर्भमा विद्यालयले सो को लागी गरेको पहलको अबस्था मूल्याङ्कन गर्न पालिकाले विद्यालयहरुमा अनुगमन गर्नुपर्ने व्यवस्था रहेकोमा यो वर्ष कोभिड-१९ कार्यक्रम शिर्षकबाट गो. भौ. नं ७२७ मिति २०८१/३/१८ मा रु.१३४०००/- खर्च लेखेर पालिकाका विभिन कर्मचारीहरुलाई अनुगमन भत्ता भुक्तानी दिएको छ । उक्त अनुगमनबाट कोभिड १९ बाट विद्यालयहरुमा पुगेको शैक्षिक क्षतिको परिपुरण तथा अन्य विपद समयमा सिकाई निरन्तरताका लागी विद्यालयले के कस्तो पहल गरेको र के कस्तो नतिजा प्राप्त भएको व्यहोरा सहितको अनुगमन प्रतिवेदन पेश गरेको छैन । जसले गर्दा भ्रमण/फिल्डको प्रयोजन नदेखिएको खर्च रकम नियम सम्मत नभएको रु..

| | |
|---|---|
| अनियमित भएको | १,३४,००० |

२०.७ (७८७-२०८१-३-२३):

**सिपमुलक तालिम सञ्चालनः** कार्य सञ्चालन निर्देशिका, २०७७ अनुसार कुनैपनि सार्वजनिक निकायले सञ्चालन गर्ने तालिम कार्यक्रममा प्याकेज तयारी वापतको रकम खर्च लेख्न मिल्ने देखिंदैन । यस पालिकाले बागलुङ नगरपालिका ११ मा श्री धवलागिरी बहिरा आवासीय माध्यमिक विद्यालयमा उद्यमशिलता सिपमुलक तालिम अन्तर्गत लेखापालन सम्बन्धि तालिम सञ्चालन गरेको जनाई रु.२५६५९६/- भुक्तानी गरेको छ । उक्त तालिम कार्यक्रममा प्रशिक्षक पारिश्रमिक, खाजा, स्टेशनरी खर्च बाहेक थप प्याकेज तयारी वापत शालिकराम शर्मा लाइ रु. ८५००/- भुक्तानी खर्च लेखेको छ । कार्य सञ्चालन निर्देशिका, २०७७ मा भएको व्यवस्था अनुसार तालिम कार्यक्रममा प्याकेज तयारी प्रयोजनको लागि थप खर्च लेख्न नमिल्ने देखिंदा खर्च लेखेको रकम सम्बन्धित जिम्मेबार व्यक्तिबाट असुल गर्नुपर्ने रु..

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,५०० |

२०.८ **पुस्तकालय तथा ICT व्यवस्थापन अनुदानः** शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा प्रकाशित कार्यक्रम कार्यन्वयन पुस्तिका २०८०/८१ को क्रियाकलाप नं २.७.१३.१३को उपक्रियाकलाप ९.५ मा पुस्तकालयका लागि विद्यालय छनौट गर्दा विद्यालयबाट प्रस्ताव माग गरी पुस्तकालय नभएका, संख्या उच्च भएका र विगतमा अनुदान प्राप्त नगरेका माध्यमिक विद्यालयहरुलाइ प्राथमिकता दिइ छनौट गर्ने व्यवस्था छ।साथै ९.६मा स्थानीय तहमा कक्षा ११-१२ मा जीव विज्ञान, भौतिक विज्ञान र रसायन विज्ञान अध्ययन गर्ने विद्यालयहरुमा विज्ञान प्रयोगशाला नभएको भए विज्ञान प्रयोगशाला अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले तपशिल बमोजिमका विद्यालयहरुलाइ नगर शिक्षा समितिको बैठकको निर्णय बमोजिम आर्थिक वर्षको अन्त्यमा देहाय अनुसार विद्यालयहरुलाई रु.४५५००००/- अनुदान उपलब्ध गराएको छ ।उक्त अनुदान दिंदा विद्यालयबाट प्रस्ताव माग गरेको देखिएन । जसले गर्दा पालिकाले आवश्यकता पहिचान र विद्यालय छनौट के कसरी गरेको सो को आधार एकिन भएन भने उपलब्ध अनुदान पालिकाहरुले कुन प्रयोजनमा खर्च गरेका हुन् सो समेत देखिएन गर्न सकिएन । त्यसैगरी विद्यालयलाई उपलब्ध गराएको अनुदान रकम के कसरी उपयोग भएको सम्बन्धमा पालिकाबाट अनुगमन भएको समेत नदेखिएकोले अनुदान रकमको सदुपयोग भएको सम्बन्धमा आश्वस्त हुन सकिएन । साथै विद्यालयको छनौटको आधार कार्यान्वयन पुस्तिका बमोजिम भएको समेत एकिन गर्न सकिएन । अत: कार्यन्वयन पुस्तिकामा भएको व्यवस्था अनुसार विद्यालयको प्रशताव वेगर वर्षान्तमा अनुदान दिएको रकम रु.४५५००००/- अनियमित देखिएको रु..

| क्र.सं. | भौ.नं.मिति | विद्यालयको नाम | कार्यक्रम | निकासा रकम |
|---|---|---|---|---|
| १ | ७७५-२०८१/३/२२ | चौतारेडाँडा मा. वि. | विज्ञान प्रयोगशाला | ६५०००० |
| २ | ७६८-२०८१/३/२२ | जनता आ. वि. | विज्ञान प्रयोगशाला | ६५०००० |
| ३ | ७७३-२०८१/३/२२ | श्रीकृष्ण आ. वि. | पुस्तकालय | ६५०००० |
| ४ | ७६९-२०८१/३/२२ | आधारभुत आ. वि. | पुस्तकालय | ६५०००० |
| ५ | ७७०-२०८१/३/२२ | रामरेखा आ. वि. | पुस्तकालय | ६५०००० |
| ६ | ७७१-२०८१/३/२२ | बालमन्दिर आ. वि. | पुस्तकालय | ६५०००० |
| ७ | | उपल्लाचौर आ. वि. | विज्ञान प्रयोगशाला | ६५०००० |
| | | जम्मा | | ४५५०००० |

| | |
|---|---|
| अनियमित भएको | ४५,५०,००० |

२०.९ **दिवा खाजाः** कार्यक्रम कार्यन्वयन पुस्तिका २०८०/८१ को क्रियाकलाप नं. २.७.११.१ मा तोकिएका विद्यार्थीका दिवा खाजाको लागि विद्यालयलाइ अनुदान निकासा गर्दा शैक्षिक व्यवस्थापन सुचना प्रणालीमा समावेश भएको वालविकास देखि कक्षा ५ सम्मको विद्यार्थी संख्यालाइ आधार मानी दैनिक रु.१५/- का दरले अधिकतम १८० दिनका लागि रकम निकासा गर्ने व्यवस्था रहेको छ । स्थानीय तहले दोस्रो त्रैमासिक देखि विद्यालयमा बजेट निकासा गर्दा भौतिक रुपमा पुरा समय चलेको दिन खाजा उपलब्ध गराएका विद्यालयको प्रधानाध्यापक र विद्यालय व्यवस्थापन अध्यक्षबाट विद्यार्थीको संख्यात्मक हाजिरी विवरण प्रमाणित गराइ स्थानीय तहमा संकलन गरेर संख्या एकिन भए पश्चात मात्र थप अनुदान दिने व्यवस्था छ । त्यस्तै प्रत्येक चौमासिकमा रकम निकासा गर्दा उक्त समय भन्दा अगाडि निकासा भएको रकम सही सदुपयोग भए नभएको एकिन गर्ने व्यवस्था रहेको साथै विद्यालयबाट सञ्चालित दिवा खाजा कार्यक्रमको निरीक्षण अनुगमन स्थानीय तहबाट गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले आ.व. २०८०/८१ मा ८४ वटा विद्यालयका लागि विभिन्न मितिमा रु.९७४९८७३/- दिवाखाजा खर्चमा भुक्तानी गरेको छ ।नमूनाका रुपमा विद्यालयहरुको माग फाराम परिक्षण गर्दा IEMIS अनुसार रकम निकासा भएको तर केही विद्यालयको प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समिति अध्यक्षबाट विद्यार्थीको संख्यात्मक हाजिरी विवरण प्रमाणित गरेको पाइएन । पालिकाबाट निकासा भएको रकम तोकिएको कार्यमा खर्च भए नभएको र खाजाको गुणस्तर कायम भए नभएको सम्बन्धमा पालिकाबाट अनुगमन भएको समेत पाइएन । तसर्थ पालिकाले विद्यालयमा जाने अनुदानलाइ प्रभावकारी कार्यन्वयन गर्नको लागी अनुगमन तथा निरीक्षण गरी प्रतिवेदन गर्नुका साथै उक्त कार्यक्रम सञ्चालन गर्दा कार्यन्वयन पुस्तिकामा भएको व्यवस्थाको पालना गर्नुपर्दछ ।

२०.१० **बढी तलव निकासाः**

( ✂ ..... कार्यालयले बेरुजु फस्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२८** को निर्णयले रू **३३,८६२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

२०.११ **निशुल्क पाठ्यपुस्तक अनुदानः** कार्यक्रम कार्यन्वयन पुस्तिका २०८०/८१ को क्रियाकलाप नं २.४.६.१ अनुसार IEMIS मा प्रविष्ट तथ्याङ्कलाइ स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयमा कक्षा १-१२ सम्मका विद्यार्थीको यथार्थ तथ्याङ्कसँग सत्यापित विवरण शिक्षा अधिकृत बाट प्रमाणित गरी सो का आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्यपुस्तकको संख्या एकिन गर्ने र एकिन भएका विद्यार्थी संख्याका लागि स्वीकृत दररेटका आधारमा हिसाव गरी अनुदान उपलब्ध गराउने उल्लेख भएको छ । त्यस्तै विद्यार्थीले शैक्षिक सत्रको सुरुवातमा नै पुरा सेटमा नयाँ पाठ्यपुस्तक पाए नपाएको अनुगमन गरी उपलब्धताको सुनिश्चितता गर्ने कार्य स्थानीय

तहको हुने व्यवस्था रहेको छ । पालिकाले आ.व. २०८०/८१ मा पाठ्यपुस्तक वापत विभिन्न विद्यालयहरुलाइ IEMIS को संख्याको आधारमा रु.४५९९०२७/- भुक्तानी गरेको छ। पालिकाले रकम निकासा गर्दा विद्यार्थीको यथार्थ तथ्याङ्कसँग सत्यापित विवरण शिक्षा अधिकृत बाट प्रमाणित गरी सो का आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्यपुस्तकको संख्या एकिन गरेको देखिएन । उक्त रकमबाट विद्यालयहरुले पाठ्यपुस्तक खरिद गरी विद्यार्थीलाइ वितरण गरे नगरेको तथा पाठ्यपुस्तकको उपलब्धता र वितरण सम्बन्धमा पालिकाले अनुगमन गर्नुपर्दछ ।

**छात्रबृति (गैरआवासिय/ आवासीय):** कार्यक्रम कार्यन्वयन पुस्तिका २०८०/८१ को क्रियाकलाप नं ७.२.१.१ मा गैरआवासीय छात्रवृत्ति निकासा गर्दा सार्वजनिक विद्यालमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रबृति वापत अनुदान दिदा IEMIS मा प्रविष्ट तथ्याङ्कलाइ सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीको यथार्थ तथ्याङ्कसँग सत्यापान गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी विद्यालयहरुलाइ निकासा गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष आवासीय र गैरआवासिय छात्रबृति बापत विभिन्न विद्यालयहरुलाइ रु.१२५१३९००/- निकासा गरेको छ । उक्त रकम सम्बन्धित विद्यार्थीले पाए नपाएको सम्बन्धमा पालिकाले अनुगमन गर्नुपर्दछ।

## २१ **स्वास्थ्य तर्फः**

२१.१ **स्वास्थ्य तर्फ:** पालिकामा आर्थिक वर्ष २०८०/०८१ मा सञ्चालनमा रहेका स्वास्थ्य संस्थाको दरबन्दी पदपूर्ती र सेवा प्रवाहको अवस्था देहाए बमोजिम रहेको छ।

| स्वास्थ्य संस्थाको किसिम | स्वास्थ्य संस्थाको संख्या | दरबन्दी | पदपूर्ती |
|---|---|---|---|
| अस्पताल | १ | - | ५ |
| स्वास्थ्य चौकी | ९ | ६३ | ६३ |
| आधारभुत/सहरी स्वास्थ्य केन्द्र | ९ | - | २४ |

उक्त विवरण अनुसार पालिकामा जम्मा १ अस्पताल, ९ स्वास्थ्य चौकी तथा ९ आधारभुत/सहरी स्वास्थ्य केन्द्रमा ९२ जना स्वास्थकर्मी कार्यरत रहेकोमा नगर अस्पतालतमा ५ जना तथा शहरी स्वास्थ केन्द्रमा २४ जना कर्मचारी नगरपालिकाले दरबन्दी स्विकृत गरी करार मार्फत सेवा प्रवाह गरेको देखियो । पालिकाले समयमै लोकसेवा आयोग र मन्त्रालयमा रिक्त दरबन्दीको माग पठाएर दरबन्दी अनुसार स्थायी पदपुर्ती गरि सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ ।

२१.२ **औषधी खरिद**: पालिकाले यस वर्ष विरामीहरुको स्वास्थ्य उपचारको लागी रु. ३३८६२००/- औषधी खरिद गरेकोमा देखिएका व्यहोराहरु देहाय अनुसार रहेका छन्:

• आपूर्ति हुने औषधी डब्लु.एच.ओ. GMP सर्टिफाइड हुनुपर्ने औषधीको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधी बिक्रीको लागि होइन (निशुल्क वितरण) भनि खुलाएको प्रमाण समावेश भएको छैन।

• आपूर्ति भएका औषधी एबं सर्जिकल सामान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधीको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन।

पालिकाबाट प्राप्त विवरण अनुसार प्रदेश स्वास्थ आपुर्ती ब्यवस्थापन केन्द्र तथा स्वास्थ सेवा बिभागवाट आपुर्ती गरिएका औषधी मुल्य नखुलाई आपुर्ती गरिएको साथै म्याद भुक्तानी समय कम रहेका औषधी आपुर्ती गरिएको र मागको आधारमा आपुर्ती नगरीएको कारण औषधीको मुल्य खुलाउन नसकिएको पालिकाले जनाएको छ । मौज्दातको अवस्था हेरेर मात्र औषधी आपुर्ती गर्नुपर्नेमा पालिकाले अधिकतम् मौज्दात (ASL) र न्यूनतम् मौज्दात (EOP) हुनुपर्ने परिमाण नखुलाएकोले औषधी खरिद र आवश्यकता बारे एकिन हुन सकिएन । औषधीको मौज्दात बढी भएका तथा म्याद भुक्तान हुन लागेका औषधी स्वास्थ चौकीमा हस्तान्तरण गरेको कारण पालिकामा म्याद भुक्तान भएको औषधी देखिएन। पालिकाले औषधीको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधी प्राप्त भएको नभएको एकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको

विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधीहरु जिम्मेवारी सारी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

२२ **चालुखर्च तर्फः**

२२.१ **पदाधिकारी सुविधाः** नेपालको संविधानको धारा २२७ मा गाउँसभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार पालिकाले यस आर्थिक बर्षमा पदाधिकारी सुविधा शीर्षकमा रु.१५१०७००० /- खर्च गरेको देखिन्छ । पदाधिकारी सुविधामा भएको खर्च आन्तरिक आय रकम रु. ५९९६६२१८/- को २५.९१ प्रतिशत हो । पालिकाको आन्तरिक आयको अबस्था अनुसार पालिकाको आन्तरिक आय पदाधिकारी सुविधामा मात्रै एक चौथाई खर्च भएको देखिन्छ । अतः पालिकाले आन्तरिक आय बृद्धि गरी पर्याप्त आन्तरिक श्रोत भएपछि मात्र पदाधिकारी सुविधामा थप खर्च गर्नुपर्दछ ।

२२.२ **कार्य योजना**: विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/ कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्धार र राहत व्यवस्था गर्ने, ऐन, बमोजिम कार्य नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन, तथा नियमावली,मा समिति गठन तथा रकम बिनियोजन गरेको देखिएन । अतः पालिकाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धमा ऐनले तोकेका व्यवस्थाहरुको कार्यान्वयन गर्नु पर्दछ ।

२३ **दैनिक भ्रमण भत्ता भुक्तानी** (७५३-२०८१-३-२४):

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२८** को निर्णयले रू **५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

२४ **उपभोक्ता समिति मार्फत निर्माणः**

२४.१ **उपभोक्ता समिति मार्फत सरकारी भवन निर्माण कार्यः** सार्वजनिक खरिद ऐन, २०६४ को दफा ४४ मा मितव्ययीता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मूख्य उद्देश्य नै रोजगारीको श्रृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा मात्र त्यस्तो आयोजना उपभोक्ता समिति मार्फत गरिन सकिने उल्लेख छ साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायबाट कार्य गराउन सकिने व्यवस्था छ । यस पालिकाले यो वर्ष नगरपालिकाले देहाय अनुसारका वडा कार्यालयहरुको भवन तथा अन्य पुर्वाधार निर्माण सम्बन्धी कार्य उपभोक्ता समिति मार्फत निर्माण गरी रु.२८२५७८५/- भुक्तानी गरेर उपभोक्ता प्रत्यक्ष रुपमा सहभागी नहुने र उक्त कार्यबाट हुने लाभ हानीमा उपभोक्ताले सहभागिता जाउनु नपर्ने कार्यमा पनि उपभोक्ता समिति मार्फत कार्य गराईएको पाईयो । यसरी उपभोक्ता प्रत्यक्ष रुपमा सहभागी नहुने कार्यमा उपभोक्ता समिति मार्फत कार्य गराउने परिपाटीमा नियन्त्रण गरि पालिकाको आफ्नो संरचना आफै निर्माण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| सि.नं. | भौचार नम्बर र मिति | योजनाको नाम | रकम |
|---|---|---|---|
| १ | ६८७-२०८१/०३/२१<br>४७६-२०८१/०१/३० | वडा नम्बर ७ को कार्यालय भवन निर्माण उ.स. | १४३९५६४ |
| २ | ६६६-२०८१/०३/२० | वडा नम्बर ११ को वडा भवन ट्रस निर्माण उ.स. | १३८६२२१ |
| | | जम्मा | २८२५७८५ |

२४.२ **नगद भुक्तानी:** आर्थिक वर्ष २०७४/०७५ को बजेट वक्तव्यको नं. १८३ वाट राज्यकोषवाट हुने तलव, भत्ता लगायतका सबै भुक्तानी सम्वन्धित व्यक्ति तथा संस्थाको वैंक खाता मार्फत हुने व्यवस्था गरिएको, अर्थ मन्त्रालयको प.सं. २०७४।०७५ मार्गदर्शन च.नं. १०९६ मिति २०७४।०२।१६ को पत्रको प्रकरण ४४ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको अनिवार्य रुपमा बैंक खाता खोल्ने व्यवस्था मिलाई सो वापतको रकम बैंक खातामा जम्मा गरी भुक्तानी दिन निर्दिष्ट गरिएको तथा श्रमिकले पाउने पारिश्रमिक रोजगारदाता कम्पनीले अनिर्वाय बैंक खाताबाट भुक्तानी गर्नुपर्ने । नेपाल सरकार, प्रदेश तथा स्थानीय तह, विश्वविद्यालय, नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका संस्थान, समिति, परियोजना, प्रतिष्ठान र मातहतका निकायमा काम गर्ने सबै श्रमिक तथा कर्मचारीको पारिश्रमिक एवं वित्तीय सुविधा २०७५ श्रावण १ बाट बैंकिङ्ग च्यानल बाट भुक्तानी गर्नु पर्ने ब्यवस्था भएकोमा पालिकाले उपभोक्ता समिति मार्फत भएको कामको भुक्तानी दिंदा दैनिक ज्यालादारी रकम भुक्तानी गर्दा समेत बैंकिक खाता मार्फत भुक्तानी भएको नदेखिएकोले यसमा सुधार गर्नु पर्दछ ।

२४.३ **हेभी इक्विपमेण्टको प्रयोग:** उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउँदा सार्वजनिक खरिद कानूनले तोकेको प्रक्रिया पूरा गरे नगरेको परीक्षण गर्नु पर्ने, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालन हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावली,को प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरूले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावली,को व्यवस्था अनुसार सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । अत: पालिकाले लाभग्राही समुदायबाट योजना सञ्चालन गर्दा हेभी मेशिन प्रयोग गर्नै पर्ने अबस्था आईपरेमा नियमावलीले तोकेको व्यवस्था अनुसार सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएर मात्र कार्य गराउनु पर्दछ ।

२४.४ **मेशिनको प्रयोग:** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(१)मा उपभोक्ता समिति वा लाभग्राही समुह सहभागी गराई निर्माण कार्यको खरिद गर्न सक्ने र दफा ४४ अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउदा वा सो सम्बन्धि सेवा प्राप्त गर्दा मितव्ययिता गुणस्तरीयता वा दिगोपना अभिवृदि हुने भएमा वा परियोजनाको मुख्य उदेश्य नै रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा समिति वा लाभग्राही समुदायलाई तोकिएबमोजिम कार्याविधि पुरा गरी त्यस्तो कार्य गर्न वा सेवा लिन सकिने ब्यबस्था रहेको छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा लोडर, ऐक्साभेटर, डोजर, ग्रेडर, विटुमिन डिस्ट्रीब्युटर, विटुमिन ब्वाइलर जस्ता हेभी मेशिनहरु प्रयोग गर्न सकिने छैन तर लागत अनुमान तयार गर्दाको समयमा हेभि मेशिन प्रयोग गर्नु पर्ने जटिल प्रकृतिको कार्यमा प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमति लिई मात्र मेशिन प्रयोग गर्न सकिने व्यवस्था रहेको छ । सोही नियमावलीको नियम ९७ को उपनियम (१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नु पर्नेछ र कुनै निर्माण व्यवसायी वा सब-कन्ट्रयाक्टरबाट गराउन सकिने छैन भनी उल्लेख भएतापनि यस पालिकाले पुँजीगत शिर्षकबाट उपभोक्ता समिति मार्फत देहाय अनुसारका योजना सञ्चालन गर्दा उपभोक्ता समितिले कुनैपनि कार्य नगरी योजनाको शत प्रतिशत काम डोजर,

एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गरेर कार्य सम्पन्न गरेको जनाई डोजर प्रयोगको बिजक पेश गरेको आधारमा रु.१६०८७६६/- भुक्तानी गरेको छ । यस्ता योजनाहरु उपभोक्ता समिति मार्फत सञ्चालन गरेको जनाएतापनि स्थानीय स्तरमा कुनै रोजगारी सिर्जना भएको र स्थानीय स्रोत साधनको समेत उपयोग भएको देखिएन । अत: यस्ता योजना सञ्चालनमा उभोक्ता समिति संलग्न हुनुपर्ने आवश्यकता समेत नदेखिंदा यस्ता किसिमका योजनाहरु नगरपालिका आफैले सञ्चालन गर्नु उपयुक्त हुने देखिन्छ । उपभोक्ता समिति मार्फत सञ्चालन गरिएको तर योजनाको काममा सत प्रतिशत काम हेभि ईक्युपमेन्ट प्रयोग गरेर बिल बमोजिमको रकम भुक्तानी गरेको रु.१६०८७६६/- अनियमित देखिएको रु..

| सि.नं. | गो भौ नं.र मिति | योजनाको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| १ | २१४-२०८०/१०/१५<br>६७३-२०८१/०३/२१ | वडा नम्बर ११ भित्रका सम्पूर्ण सडक मर्मत उ.स. | ६०९२०० |
| २ | ४३६-२०८१/०१/१८ | भिरकटेरी मोटी खण्ड राहले सडक निर्माण उ.स. | ५४६४८६ |
| ३ | २२३-२०८०/१०/१२ | डल्लेको घरमुनी मोटरबाटो स्तोरउन्नती उ.स. | ५०००० |
| ४ | २२८-२०८०/१०/२३ | ढिंकीचौर पँधेरापानी मोटरबाटो स्तरोउन्नती उ.स. | ५०००० |
| ५ | ५२२-२०८१/०२/१७ | धौलेचौर भेडिखाल्टा मोटर बाटो मर्मत उ.स. | ९०००० |
| ६ | ३१३-२०८०/१२/०५ | चिलाउने पाला झरिम्टा दुर्गा मन्दिर सडक उ.स. | १९५३०६ |
| ७ | ७७१-२०८१/०३/२५ | कैया कृषी सडक उ.स. | ६७७७४ |
| | | जम्मा | १६०८७६६ |

| | |
|---|---|
| अनियमित भएको | १६,०८,७६६ |

२५ **प्रधानमन्त्री रोजगार कार्यक्रम:**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ४ वडामा योजना सञ्चालन गरी यस वर्ष ३९ जनालाई औसत ७२.८४ दिन रोजगारी उपलव्ध गराई रु. १९०९१५२।- श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

२६ **पालिका (८०४४५४०४००१) चालुः**

२६.१ **नगरकी छोरी कार्यक्रम खर्च:** पालिकाले नगरकी छोरी कार्यक्रम संञ्चालन कार्यविधि, २०८० को वुँदा नं. ७ बमोजिम २०८१ श्रावण महिना पश्चात जन्मिएका छोरीहरुको नाममा मुद्दती खाता खोली २० वर्ष उमेर पश्चात मात्र उक्त रकम निकाल्न मिल्ने गरी नगरपालिका भित्रका नागरिकबाट जन्मिएको प्रत्येक छोरीलाई रु.५०००/- का दरले नगद रकम अनुदान दिन गरिएको व्यवस्था अनुसार २०८१ श्रावण महिना पछि यस नगरपालिकाका नागरिकबाट जन्म लिएका विभिन्न ११२ छोरीहरुको नाममा खाता खोली रु.५६००००/- भुक्तानी खर्च लेखिएकोमा कार्यविधि को वुँदा नं. १ मा खाता खोलेको २० वर्ष अगावै छोरी मृत्यु भएमा मृत्यु पश्चात खाता बन्द गर्न सकिने व्यवस्था गरिएको र आर्थिक ऐन, २०८० को अनुसूची १४ बुँदा नं ६(२) मा राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण नियमावली, २०७६ को परिपत्र अनुसार मृत्यु दर्ता ढिला गरेमा रु.२००/- जरिवाना शुल्क लगाउने गरि गरिएको प्रावधान अनुसार

ढिला गरेर मृत्यु दर्ता गरेमा हकवालाले कुन मिति सम्मको सावाँ ब्याज रकम बैंकबाट प्राप्त गर्ने, २० वर्ष पछी ढिला गरेर रकम झिक्न गएमा कुन मिति सम्मको सावाँ ब्याज प्राप्त गर्ने र रकम झिक्न नआएमा उक्त रकमको हकदार को हुने भन्ने सम्बन्धमा कुनै व्यवस्था गरेको पाईएन । अतः पालिकाले कार्यविधि पुनरावलोकन गर्न सकिने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । यसरी बैंकमा जम्मा भएको रकम विभिन्न परिस्थितिमा हकवालाले प्राप्त गर्न सक्ने कि नसक्ने भन्ने ब्यहोरा नखुलेको कारण नगरकी छोरी कार्यक्रममा अनुदान दिएको रकम रु.५६००००/- नियम सम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ५,६०,००० |

२६.२ (९७३-२०८०-११-४):

**आवश्यक प्रमाण नपुगेको खर्चः** आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ (ख) मा अधिकार प्राप्त अधिकारीले आर्थिक कारोबार प्रचलित कानून बमोजिम भएको र खर्चको लागी आवश्यक प्रमाण पुगेको सुनिश्चित भएर मात्र सरकारी रकम खर्च गर्नुपर्ने ब्यबस्था रहेकोमा स्वकीय सचिव श्री सुदिप राजभण्डारीले एकमुष्ट रकम लिई तपसिलका विभिन्न समुह तथा निकायहरुलाई रकम भुक्तानी गरेको जनाएकोमा ब्यक्तिले रकम बुझेर भर्पाई गरेको विवरण पेश गरेको छ । अत: रकम दिएको संस्थाले भुक्तानी प्राप्त गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| क्र.सं. | भुक्तानी लिनेको नाम | भुक्तानी रकम |
|---|---|---|
| १ | देउराली चोक आमा समुह वडा नं-३ | २०००० |
| २ | विद्या मन्दिर मा वि वडा नं-३ | ५५०० |
| ३ | ओम शान्ती वागलुङ वडा नं-२ | १२५०० |
| ४ | नागरोड टोल आमा समुह वडा नं-३ | १२५०० |
| ५ | धवलागिरी क्याम्पस स्व वि यु वडा नं-२ | २५००० |
| ६ | करवाकेली पुन मगर समाज वडा नं-४ | १५००० |
| ७ | राइजिङ डान्स ग्रुप देउसी भैलो वडा नं-२ | २०००० |
| ८ | मगर महिला समुह वडा नं-३ | १५००० |
| ९ | डाइनामिक डान्स ग्रुप देउसी भैलो वडा नं-२ | १५००० |
| १० | साइनिङ डान्स ग्रुप वागलुङ वडा नं-३ | १५००० |
| | जम्मा | १५५५०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,५५,५०० |

२६.३ (४६४-२०८०-८-१२):

**भुक्तानी दिने आधारः** आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेबार ब्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने ब्यबस्था रहेको छ । पालिकाले विभिन्न सात मुद्दामा बहस पैरवी, उच्च अदालत पोखरा बागलुङ इजलासमा पर्न गएका रिट निवेदन तथा मुद्दाहरुमा बहस पैरवी, लिखित जवाफ, निवेदन साक्षी बकपत्र लगायतका कार्य गरे वापत अधिवक्ता हरी प्रसाद शर्मालाइ रु.१३५०००/- भुक्तानी दिएकोमा निजसँग कुनै संझौता गरेको छैन भने कुन कामको लागि के कति दरमा पारिश्रमिक भुक्तानी दिने सो को कुनै आधार बेगर पारिश्रमिक भुक्तानी दिएको रकम नियम सम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,३५,००० |

२६.४ **चाडपर्व खर्चः** निजामती सेवा नियमावली, २०५० को नियम १२८ को उपनियम (१) बमोजिम निजामती कर्मचारीले पाउने एक महिनाको तलव बराबरको चाडपर्व खर्च प्रत्येक वर्ष निजले चाडपर्व खर्च लिन चाहेको मुख्य चाडपर्वको पन्ध्र दिन अगावै पाउनेछ । यसरी चाडपर्व खर्च दिँदा उक्त चाडपर्व भन्दा अघिल्लो महिना भुक्तान भई नसकेको भए तापनि अघिल्लो महिनाको तलव समेत खर्च लेखी भुक्तानी दिइने व्यवस्था रहेको छ भने उपनियम ३ बमोजिम नियम प्रारम्भ हुँदाका वखत सेवामा बहाल रहेका निजामती कर्मचारीले यो नियम प्रारम्भ भएको मितिले तथा यो नियम प्रारम्भ भए पछि नियुक्त हुने निजामती कर्मचारीले हाजिर भएको मितिले तीन महिनाभित्र आफूले चाडपर्व खर्च लिने मुख्य चाडपर्व र सो चाडपर्व पर्ने सम्भावित महिनाको सम्बन्धमा सम्बन्धित कार्यालयमा लिखित रुपमा जानकारी दिनु पर्नेछ । यसरी निवेदन दिई सके पछि सो कर्मचारीले आफ्नो सेवा अवधिभर अर्को चाडपर्वमा खर्च माग गर्न पाउने छैन भन्ने ब्यवस्था भएकोमा तपसिलमा उल्लेखित कर्मचारिले मिति २०८० माघ देखी आषाढ सम्म चाडपर्व खर्च लिएको साथै २०८१ आश्विनमा समेत चाडपर्व खर्च लिएको देखिएकोले १ बर्ष (१२ महिना) मा २ पटक चाडपर्व खर्च भुक्तानी भएको रकम रु. ३२६४३३/- असुल गर्नु पर्ने रु.

| क्र.सं. | कर्मचारिको नाम | भुक्तानी रकम |
|---|---|---|
| १ | अनिता रेग्मी | २९७०० |
| २ | घनश्याम रिजाल | ३४३८३ |
| ३ | दिपेन्द्र रिजाल | २४७५० |
| ४ | बिना कार्की के.सी. | १७३२५ |
| ५ | बिनिता कार्की थापा | २४७५० |
| ६ | रुकु क्षेत्री कार्की | २४७५० |
| ७ | रेजिना भण्डारी | २४७५० |
| ८ | रन्जना पुन | १७३२५ |
| ९ | सुजन कुमाल | २४७५० |
| १० | सृजना गौतम | २४७५० |
| ११ | सुस्मा थापा | २४७५० |
| १२ | हरि रिजाल | २९७०० |
| १३ | होमनाथ शर्मा | २४७५० |
| | जम्मा | ३२६४३३ |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **३७,१२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,२६,४३३ |

२७ **सेनेटरी प्याड खरिद:**

सार्वजनिक खरिद प्रक्रियामा प्रतिस्पर्धा, स्वच्छता, ईमान्दारीता, जवाफदेहीता र विश्वसनीयता प्रवर्द्धन गरी मितव्ययी तथा विवेकपूर्ण ढंगबाट सार्वजनिक खर्चको अधिकतम प्रतिफल हासिल गर्नका लागि सार्वजनिक खरिद ऐन, २०६३ कार्यान्वयनमा रहेको छ । सोही ऐनको दफा ७ मा खरिद सम्बन्धि कार्य गर्ने गराउने जिम्मेवारी सम्बन्धित सार्वजनिक निकाय प्रमुखको हुने, दफा ८ मा उपयुक्त खरिद विधिको छनौट एवं दफा ९ मा सम्भव भएसम्म खुला बोलपत्र आव्हान गरी बिना भेदभाव खरिद कार्यवाही गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले यो वर्ष संघीय ससर्त अनुदान शिक्षा तर्फ सामुदायिक विद्यालयहरुका छात्राहरुलाई निशुल्क सेनिटरी प्याड व्यवस्थापनका लागी अनुदान कार्यक्रम अन्तर्गत Soft Love Ultra 280 mm को २७१०० थान (७२ पाकेट) सेनिटरी प्याड खरिद गर्न पालिकाको लागत अनुमान प्रति थान मुअकर सहित रु.७३.७८ भएको खरिद कार्यमा ठेक्का नम्बर BAGMUN/BAG/SQ/GOODS/04/2080-81 बाट ठेकेदार Jasmine Hygiene Products, Morang (610121180) सँग मिति २०८१/०३/२४ मा कार्य सम्पन्न गर्नुपर्ने गरी मिति २०८१/०३/१३ मा मु.अ.कर सहित रु.९४८३९४/- को संझौता गरेर रु.९०३०७२/- भुक्तानी गरेकोमा उक्त ठेकेदारले प्रतिथान मुअकर सहित रु.३४.९९ मा ठेक्का प्राप्त गरेको देखियो । उक्त खरिद ठेक्कामा सो भन्दा घटी मूल्य अर्थात मुअकर सहित प्रतिथान रु.२०.७७/- (सबै भन्दा घटी) लागत मूल्य राखेको Angel Touch Hygiene Manufacturing Pvt. Ltd. Bhaisepati, Kathmandu र सो पछिको घटी मूल्य मुअकर सहित प्रतिथान रु.२४.३९ मूल्य पेश गरेको अर्को आपूर्तीकर्ता Birat Healthcare Industries Pvt. Ltd. मध्ये Angel Touch Hygiene Manufacturing Pvt. Ltd. Bhaisepati, Kathmandu र Birat Healthcare Industries Pvt. Ltd., Morang ले मूल्याङ्कन समिति समक्ष पेश गरेको नमूना प्याडको अन्य मापदण्ड पुरा भएको तर लेयर नभएका कारण कम गणस्तरको भएको जनाई मूल्याङ्कन समितिले छनौट नगरेकोमा Angel Touch Hygiene Manufacturing Pvt. Ltd. Bhaisepati, Kathmandu ले आफूले पेश गरेको प्रतिथान मूल्य सबैभन्दा घटी रहेको र पेश गरेको नमूनामा सम्पूर्ण मापदण्ड पुरा गरेको दाबीका साथ आफुले ठेक्का प्राप्त नगर्नुपर्ने कुनै कारण नरहेको जनाई नेपाल गुणस्तर तथा नापतौल विभागको ल्याब परीक्षण प्रतिवेदन सहित पालिकालाई पटक-पटक पत्राचार गरेर आफुले ठेक्का प्राप्त नगर्नुको कारण सोधेको पाईएको छ । उक्त ठेक्का कार्यमा ठेक्का प्राप्त गर्ने ठेकेदार Jasmine Hygiene Products, Morang (610121180) ले पेश गरेको नमूनामा सम्पूर्ण मापदण्ड पुरा गरेको जनाएकोमा उक्त आपूर्तीकर्ताले Zest Laboratories and Research Center Pvt.Ltd. Balkot, Bhaktapur को ल्याब परीक्षण प्रतिवेदन पेश गरेको देखिन्छ । अत: उक्त सेनिटरी प्याडको खरिद प्रक्रियामा सार्वजनिक खरिद कानूनको ब्यबस्था अनुसार पर्याप्त प्रतिस्पर्धा भई लागतमा मित्तव्ययिता कायम भएको र गुणस्तर तथा मापदण्ड पुरा भए-नभएको सम्बन्धमा पालिकाले एकिन गर्नुपर्दछ ।

२८ **पुँजीगत तर्फ:**

२८.१ **बिल भर्पाई बेगरको खर्च:** आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ (छ) मा अधिकार प्राप्त अधिकारीले उपलब्ध श्रोत साधन तथा सम्पत्तिको समुचित उपयोग भएको र सम्पत्ति हानी नोक्सानी नहुने गरी सम्भार तथा संरक्षणको उचित व्यवस्था गरेको सुनिश्चित भएर मात्र खर्च लेख्नु पर्ने व्यवस्था रहेको छ । त्यसैगरी सोही नियमावलीको नियम ३९ (१०) मा जिम्मेबार ब्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने ब्यबस्था रहेको छ । पालिकाले यो वर्ष सञ्चालन गरेका देहाय अनुसारका योजना तथा कार्यक्रमहरुमा बिल भर्पाई तथा कार्यसम्पन्न प्रतिवेदन लगायतका प्रमाण कागजात पेश नगरी रु.१८९३७३/- खर्च लेखेको छ । अत: पालिकाबाट सञ्चालित उक्त कार्यक्रमहरुको प्रमाण कागजात भएमा पेश गर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| सि.नं. | ठेक्का नम्बर | ठेकेदार | सम्पादित योजनाको नाम | भुक्तानी भएको रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | BAGMUN/W/077-78-07 | MS. Kantipath Construction Pvt. Ltd. | Construction of Single Span Motorable Bridge accross Rithe Khola | ५०००० | ठेक्का सम्झौताको सर्त अनुसार रु.५००००/- को As Build Drading पेश नगरेको । |
| २ | BAGMUN/W/077-78-07 | MS. Kantipath Construction Pvt. Ltd. | Construction of Single Span Motorable Bridge accross Rithe Khola | १००००० | PS Item: Provisional Sum for Labour, Materials, Survey Equipments, Quality Control etc. को कामको विवरण र विल पेश नगरेको । |
| ३ | BAGMUN/BAG/NCB/05/077-78-07 | NS/Gautam-AA JV, Baglung | Sarangi to Jaimani Road Upgradation and Construction Works | १९३७३ | PS Item: Provisional Sum of Public Utilities such as irregation crossing water supply skilled and unskilled manpower etc. को भुक्तानी भएको तर काम भएको विवरण तथा प्रतिवेदन पेश नभएको । |
| ४ | BAGMUN/BAG/NCB/05/077-78-07 | NS/Gautam-AA JV, Baglung | Sarangi to Jaimani Road Upgradation and Construction Works | २०००० | PS Item: विमाको रकम भुक्तानी भएको तर विमा गरेको कागजात पेश नभएको । |
| | | | जम्मा | १८९३७३ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,८९,३७३ |

२८.२ (७६-२०८०-६-२४):

**तारजाली खरिद र जडान:** आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ (छ) मा अधिकार प्राप्त अधिकारीले उपलब्ध श्रोत साधन तथा सम्पत्तिको समुचित उपयोग भएको र सम्पत्ति हानी नोक्सानी नहुने गरी सम्भार तथा संरक्षणको उचित व्यवस्था गरेको सुनिश्चित भएर मात्र खर्च लेख्नु पर्ने व्यवस्था रहेको छ । सोही नियमावलीको नियम ९९ (५) मा कार्यालयले आवश्यकता भन्दा बढी हुने सम्पती तथा जिन्सी मालसामान खरिद गर्नु गराउनु हुँदैन भन्ने ब्यबस्था रहेको छ । त्यसैगरी सोही नियमावलीको नियम १०५ मा कुनै नगद, जिन्सी वा सरकारी कागजात हस्तान्तरण गर्दा कार्यालय प्रमुख वा निजले तोकेको अधिकारीको लिखित आदेश भएपछि महालेखापरीक्षकबाट स्वीकृत ढाँचाको हस्तान्तरण फारम भरेरमात्र हस्तान्तरण गर्नुपर्दछ भन्ने ब्यबस्था रहेको छ । पालिकाले यो वर्ष देहाय अनुसार रु.३४२२६१/- मूल्यका तारजाली बक्स खरिद गरेकोमा खरिद भएका तारजालीहरु कुनै व्यक्ति वा योजनाहरुलाई हस्तान्तरण गरेको र जडान भएको प्रमाण पेश गरेको छैन । यसरी खरिद भएको तारजालीहरु कुनै व्यक्ति तथा योजनाहरुलाई हस्तान्तरण भएको र खरिद भएका तारजाली बक्स जडान भएको प्रमाण पेश गर्नुपर्ने रु.

| सि.नं. | भौचर नम्बर र मिति | खरिद भएको सामाग्रीहरुको नाम | परिमाण | दर | रकम |
|---|---|---|---|---|---|
| १ | ५९-२०८०/१०/२१ | २:१:१ जिआइ तारजाली बक्स | २७ | ३६९९.६२ | ९९८८९.७४ |
| २ | ,, | २:१:१ जिआइ तारजाली बक्स | २७ | ३६९९.६२ | ९९८८९.७४ |
| ३ | ,, | २:१:१ जिआइ तारजाली बक्स | ७ | ३६९९.६२ | २५८९७.३४ |
| ४ | ,, | १:१:२:१:१ जिआइ तारजाली बक्स | २० | २६९९.५७ | ५३९९१.४० |
| ५ | ,, | २:१:१ जिआइ तारजाली बक्स | १४ | ३६९९.६२ | ५१७९४.६८ |
| ६ | ,, | २:१:१ जिआइ तारजाली बक्स | ४ | २६९९.५७ | १०७९८.२८ |
| | | जम्मा | | | ३४२२६१ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,४२,२६१ |

२८.३ **टुक्रा पारी खरिदः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिष्पर्धा सीमित हुने गरि टुक्रा-टुक्रा पारी खरिद गर्नुहुंदैन भन्ने व्यवस्था छ । साथै खरिद नियमावलीको नियम ३१ अनुसार सार्वजनिक निकायले बीसलाख रुपैयाभन्दा वढी लागत अनुमान भएको निर्माण कार्य मालसामान वा जुनसुकै सेवा खरिद गर्नुभन्दा पहिले खुला वोलपत्रको माध्यामवाट खरिद गर्नुपर्दछ भन्ने कानूनी व्यवस्था रहेको छ । कार्यालयले यो वर्ष पुँजीगत शिर्षकबाट कार्यालय भवन मर्मत, कार्यालय परिसर, कार्यालय भवनको विभिन्न कोठा, कार्यकक्ष तथा कार्यालयमा विद्युतीकरण लगायतका कार्यालयकै एकै प्रकृतिका देहाय अनुसारका कार्य गरेको जनाई रु.६९३२३९६/- खर्च लेखेकोमा एकै प्रकृतिका कामको एउटै प्याकेज बनाई सार्वजनिक खरिद कानूनको अबलम्बन गरेर ठेक्का मार्फत प्रतिस्पर्धाबाट घटी मूल्यमा गर्नु गराउनुपर्नेमा एउटै प्रकृतिको काम पटक-पटक गरि टुक्रा गरेर कार्य गरे गराएको अनियमित देखिएको रु.

| सि.नं. | भौचर नम्बर र मिति | योजनाको नाम | खर्च रकम |
|---|---|---|---|
| १ | १९-२०८०/०५/१९ | नगर प्रमुखको कार्यकक्ष मर्मत | ४४३६०० |
| २ | ६१-२०८०/०६/१२ | नगरप्रमुखको कार्यकक्ष एबं प्राविधिक शाखामा एसि जडान | ७६४३०० |
| ३ | ५८३-२०८१/०३/०५ | कार्यालयमा शिक्षा शाखाको कोठा डेकोरेसन | १९८३६६ |
| ४ | ४९-२०८०/०५/२७ | कार्यालयमा प्राविधिक शाखा मर्मत | ७२०८८८ |
| ५ | ८२-२०८०/०६/३० | प्रमुख प्रशाकीय अधिकृतको कार्यकक्षमा विद्युतीकरण कार्य | २२८८१७ |
| ६ | ७८-२०८०/०६/२४ | नगर प्रमुख र प्राविधिक शाखाको कोठा निर्माण | ९७८०९० |
| ७ | ६९-२०८०/०६/१८ | कार्यालयमा आकस्मिक सेवा सञ्चालन केन्द्र निर्माण | १५३३०९ |
| ८ | ६८-२०८०/०६/१७ | नगर प्रमुखको कार्यकक्षको शौचालय निर्माण | १२७८८६ |
| ९ | ५९-२०८०/०६/११ | नगर प्रमुखको कार्यकक्ष र प्राविधिक शाखा विद्युतीकरण | ५५७८३५ |
| १० | ५६-२०८०/०६/०१ | कार्यालय परिसरमा पर्खाल तथा गेट निर्माण | २१०१०० |
| ११ | ८२-२०८०/०६/३० | कार्यालयको सभाहल र प्रमुख प्रशासकीय अधिकृतको कार्यकक्ष विद्युतीकरण | २२८८१७ |
| १२ | ८७-२०८०/०६/३० | भवनमा शाखा विस्तार कार्य | ५३८३३२ |
| १३ | ९८-२०८०/०७/०२ | सभाहलमा ट्रस छाउने तथा भुईं ढलान कार्य | ३७५०४२ |
| १४ | ९९-२०८०/०७/०२ | सभाहलमा एसि कुलर खरिद | ५०७००० |
| १५ | ७०४-२०८०/०७/१६ | नगरपालिकाको सभाहल निर्माण | ९०००१४ |
| | | जम्मा | ६९३२३९६ |

| | |
|---|---|
| अनियमित भएको | ६९,३२,३९६ |

२८.४ **ब्लुहिल पर्यटकीय पुर्वाधार निर्माण:** सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९ को दफा (४)(१) मा नेपाल सरकारको नाममा रहेको कुनै सरकारी जग्गा अर्को सरकारी निकायलाई आवश्यक भएमा उपयोगको लागि दिन सकिने व्यवस्था रहेको छ । सोही कार्यनीतिको दफा (४)(२)(ग) मा स्थानीय तहलाई नेपाल सरकारको नाममा रहेको जग्गा आवश्यक भएमा कार्यपालिकाको निर्णय सहित सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सिफारिस समावेश गरेर सम्बन्धित भूमिसुधार तथा मालपोत कार्यालयमा लेखि पठाउनु पर्ने, मालपोत कार्यालयले दफा (८) अनुसार आवश्यक छानबिन गरि जग्गा उपयोग गर्ने सिफारिसका लागि सिफारिस समितिमा पेश गर्नुपर्ने (दफ-३), सिफारिस समितिबाट सिफारिस भै आएमा मालपोत कार्यालयले भूमी व्यवस्थापन तथा अभिलेख विभागमा कागजात पठाउने (दफा-५), विभागले आवश्यक ठानेमा स्थलगत निरीक्षण समेत गरि जग्गा उपयोग गर्न दिने स्वीकृतिको लागी भूमी व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयमा पेश गर्ने (दफा-६), मन्त्रालयले सो उपर आवश्यक अध्ययन गर्दा जग्गा उपयोग गर्न दिन उपयुक्त देखिएमा प्रदेश सरकार र स्थानीय तह वा सो अन्तर्गतका सरकारी निकायहरुको हकमा स्वीकृतिको लागि नेपाल सरकार मन्त्री परिषद् समक्ष पेश गर्ने (दफा-७), र नेपाल सरकार मन्त्री परिषद्ले प्रदेश सरकार र स्थानीय तह वा सो अन्तर्गतका सरकारी निकायहरुलाई जग्गा उपयोग गर्ने स्वीकृति दिन सक्ने (दफा-८), व्यवस्था रहेको छ । आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ (छ) मा अधिकार प्राप्त अधिकारीले उपलब्ध श्रोत साधन तथा सम्पत्तिको समुचित उपयोग भएको र सम्पत्ति हानी नोक्सानी नहुने गरी सम्भार तथा संरक्षणको उचित व्यवस्था गरेको सुनिश्चित भएर मात्र खर्च लेख्नु पर्ने व्यवस्था रहेको छ । पालिकाले यो वर्ष पुँजीगत शिर्षकबाट पालिकाको वडा नम्बर-९ तित्याङ भन्ने ठाउँमा सार्बजनिक जमिनमा उपभोक्ता समिति मार्फत ब्लुहिल पर्याटकिय पुर्वाधार निर्माण (Blue Hill Quarter House Construction) गरेको जनाई रु.४६८९७६६/- खर्च लेखेकोमा उक्त सार्वजनिक जमिन नेपाल सरकारको नामबाट यस पालिकाले उपयोग गर्ने स्वीकृति

लिएको छैन । पर्यटन पुर्बाधार निर्माण गरेको उक्त जमिनको क्षेत्रफल कति रहेको, उक्त जमिनमा पुर्वाधार निर्माण गर्दा के कति कारणले पर्यटकीय क्षेत्र हुने र के कारणले पुर्बाधार निर्माण गर्नुपर्ने, उक्त सरकारी जमिनमा पुर्वाधार निर्माण गर्दा उपभोक्ता समिति को हुने उपभोक्ता समिति के कसरी लाभान्वित हुने भन्ने कुनै व्यहोरा खुलाएको छैन भने यस सम्बन्धनमा कुनै अध्ययन गरेर तयार गरेको प्रतिवेदन समेत पेश गरेको छैन । यसरी नेपाल सरकारको नाममा रहेको सार्वजनिक जमिन नेपाल सरकारसँग उपयोगको स्विकृती नलिईकन पालिकाले संरचना निर्माण गर्दा नेपाल सरकारले सोही स्थानमा आफ्ना केन्द्रीय योजनाहरु सञ्चालन गरेको खण्डमा र नेपाल सरकारले सो जमिन फरक प्रयोजनमा उपयोग गरेको खण्डमा पालिकाले सो स्थानमा संरचना निर्माणमा गरेको खर्च समेत उपयोग बिहिन हुने देखिन्छ । अत: नेपाल सरकारको नाममा रहेको सार्वजनिक जग्गा उपयोग गर्न तोकिएको प्रक्रिया पुरा गरेर नेपाल सरकार मन्त्री परिषदबाट अनुमति वा स्वीकृति लिएर मात्र पालिकाले संरचना निर्माण गर्नुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा २८.४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२८.५ **तोकिएको नर्म्स भन्दा फरक दरमा भुक्तानीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विजकको भुक्तानी गर्दा करारको शर्त बमोजिम प्राविधिक जापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ । यस पालिकाबाट सञ्चालिन योजनाहरुमा Norms for rate analysis of road and bridge works, 2075 को प्रयोग गर्नु पर्नेमा डोलिडार नर्म्स प्रयोग गरेको छ । लेखा परिक्षण योजना अनुरुप केही निर्माण कार्यको अन्तिम बिल भुक्तानी लेखापरिक्षण गरिएकोमा उक्त निर्माण कार्यमा Norms for rate analysis of road and bridge works 2075 को नर्म्स प्रयोग गर्नुपर्नेमा फरक नर्म्स प्रयोग भएको कारणले बढी भुक्तानी भई व्ययभार पर्न गएको छ । बढि व्ययभार पर्न गएको रकम रु.३४५८८०/- नियम सम्मत नदेखिएको रु.

| क्र.सं. | योजनाको नाम | कामको विवरण | परिमाण | प्रयोग हुनुपर्ने दर | प्रयोग भएको दर | बढी भुक्तानी दर | बढी भुक्तानी रकम |
|---|---|---|---|---|---|---|---|
| | वडा नं. २ | | | | | | |
| १ | फूलपाती चौर व्यवस्थापन रुद्रेपिपल | P.C.C(1:2:4) | १.०६ | १०९५६ | १२०२०.४४ | १०६४.४४ | ११२८ |
| २ | फूलपाती चौर व्यवस्थापन रुद्रेपिपल | S.M(1:6) | ९.९५ | ८५८६ | ८८८८.६२ | ३०२.६२ | ३०११ |
| ३ | रुद्रे पिपल स्कुल अगाडी तारजाली, ब्लक स्टोन र गेट निर्माण साथै चौरमा स्टोन राख्ने कार्य | P.C.C(1:2:4) | १.५३ | १०९५६ | १२०२०.४४ | १०६४.४४ | १६२९ |
| | वडा नं. ३ | | | | | | |
| १ | golketar ko ghar dekhi sapkota ko ghar samma paidal marga nirman | Pcc :1:2:4 | ६.६८ | १०९५६ | १२६०२.८२ | १६४६.८२ | ११००१ |
| २ | khadanandako ghar dekhi rumte hudai mulpani samma paidal marga | Pcc :1:2:4 | ७.१२ | १०९५६ | १२६०२ | १६४६ | ११७२० |
| ३ | khadanandako ghar dekhi rumte hudai mulpani samma paidal marga | masonary 1:6 | २.८५ | ८५८६ | ९०५३.९९ | ४६७.९९ | १३३४ |
| ४ | panchayan mandir dekhi sichai kulo | Pcc :1:2:4 | ५.१३ | १०९५६ | १२६०२ | १६४६ | ८४४४ |
| | वडा नं. ४ | | | | | | |
| १ | shiva ko ghardekhi ganesh pra.bi paidal marga | Pcc :1:2:4 | ४.३२ | १०९५६ | १२०२०.४४ | १०६४.४४ | ४५९८ |
| २ | shiva ko ghardekhi ganesh pra.bi paidal marga | masonary 1:6 | ९.३३ | ८५८६ | ८८८८.६३ | ३०२.६३ | २८२४ |
| ३ | वडा नं. ५ | | | | | | |
| ४ | Pangrekhola dhurpula nali nirman | P.C.C(1:2:4) | ३.४७ | १०९५६ | १२०२०.४४ | १०६४.४४ | ३६९४ |
| ५ | Ward karyalaya aagadi pratikshyalaya nirman | P.C.C(1:2:4) | १.७३ | १०९५६ | १२०२०.४४ | १०६४.४४ | १८४१ |
| | वडा नं. ६ | | | | | | |
| १ | पुछारघर सडक स्तरोन्नति | PCC. Work for Foundation in 1:2:4 per M3 (S.N.41.A.b,cl 11) | ४.५४ | १०९५६ | १२६०२.८४ | १६४६.८४ | ७४७७ |
| २ | भान्डाडा बलास्वारा बुढाघर हुदै ढडेपानि गोरेटो बाटो | PCC (1:2:4) | १.९२ | १०९५६ | १२६०२.८४ | १६४६.८४ | ३१६१ |
| ३ | भान्डाडा बलास्वारा बुढाघर हुदै ढडेपानि गोरेटो बाटो | Stone Masonary work in 1:6 mortar using PPC per M3 (S.N.38 A, d , Cl 8) | २.९७ | ८५८६ | ९१५०.०७ | ५६४.०७ | १६७५ |
| ४ | Ward Office Toilet Construction Work | Stone masonary work in 1:6 Cement Mortar | १.७७ | ८५८६ | ९१५०.०७ | ५६४.०७ | ९९६ |
| ५ | Ward Office Toilet Construction Work | PCC for RCC (1:2:4) work | ४.६४ | १०९५६ | १२६०२.८४ | १६४६.८४ | ७६४४ |
| ६ | बा.ना.पा.६ पन्चकोट सर्बसिद्धि धाममा | PCC (1:2:4) | ८.९५ | १०९५६ | १२६०२.८४ | १६४६.८४ | १४७३९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | आयुर्बेदको स्वास्थ पूर्वाधार निर्माण | | | | | | |
| ७ | बा.ना.पा.६ पन्चकोट सर्बसिद्धि धाममा आयुर्बेदको स्वास्थ पूर्वाधार निर्माण | PCC (1:1.5:3) for footing,columns,beams | ३.१५ | १२४१५ | १४७३६.९३ | २३२१.९३ | ७३२४ |
| ८ | लहरेपिपल ढुंगेघर सामुदायिक भबन तथा भबन जाने गोरेटो बाटो | PCC (1:2:4) | ४.७६ | १०९५६ | १२६०२.८४ | १६४६.८४ | ७८३९ |
| ९ | लहरेपिपल स्वास्थचौकी मर्मत | PCC (1:2:4) | २.२६ | १०९५६ | १२६०२.८४ | १६४६.८४ | ३७२४ |
| १० | जागतीटोल माई मन्दिर निर्माण | PCC (1:2:4) | १.७२ | १०९५६ | १२६०२.८४ | १६४६.८४ | २८३३ |
| ११ | Amar Pra.Bi.Taarbar Yebam Gate Nirman | Stone Masonary work in 1:6 mortar using PPC per M3 (S.N.38 A, d , Cl 8) | ५.१३ | ८५८६ | ९०५३.९९ | ४६७.९९ | २४०१ |
| | वडा नं. ७ | | | | | | |
| १ | कमलडाँडा तौला हुदै तित्याङ मा.वि सम्म गोरेटो बाटो निर्माण | Pcc :1:2:4 | ३.०९ | १०९५६ | १२६०२.८४ | १६४६.८४ | ५०८९ |
| २ | Doya Dekhi Kopche Samma Dhal Nikas bybsthapan | Pcc :1:2:4 | ९.०९ | १०९५६ | १२६०२.८४ | १६४६.८४ | १४९७० |
| ३ | Kamaldada taula Hudai tityang ma vi samma goreto bato nirman | Pcc :1:2:4 | ४ | १०९५६ | १२६०२.८४ | १६४६.८४ | ६५८७ |
| ४ | Pipaldada tallo timure motar batosamma goreto bato nirman | Pcc :1:2:4 | ८.८८ | १०९५६ | १२६०२.८४ | १६४६.८४ | १४६२४ |
| | वडा नं. १० | | | | | | |
| १ | अर्माउदि आमा समुह भवन निर्माण | p.c.c for rcc (1:2:4) | १५.३८ | १०९५६ | १२६०२.८४ | १६४६.८४ | २५३२८ |
| २ | अर्माउदि आमा समुह भवन निर्माण | Stone masonary (1:6) | १.५२ | ८५८६ | ९०५३.९९ | ४६७.९९ | ७११ |
| ३ | बराह प्रा वि मर्मत सुधार | p.c.c (1:2:4) | ३.५६ | १०९५६ | १२६०२.८४ | १६४६.८४ | ५८६३ |
| ४ | देउराली आमा समुह भवन | p.c.c (1:2:4) | ८.८६ | १०९५६ | १२६०२.८४ | १६४६.८४ | १४५९१ |
| ५ | गलुवा चुचेदहर आमा समुह भवन निर्माण | p.c.c for rcc (1:2:4) | ७.०२ | १०९५६ | १२६०२.८४ | १६४६.८४ | ११५६१ |
| | वडा नं. ११ | | | | | | |
| १ | महाविद्याजन मा.वि. पुर्वधार घेराबार | p.c.c (1:3:6) | ३.६० | ८६२३ | ११९६८.८३ | २५४५.८३ | ९१६५ |
| | वडा नं. ८ र १२ | | | | | | |
| १ | Gaudakot shiva ko ghar dekhi GAIRA GHAR HUDAI TILHAR SAMMA GORETO BATO | Pcc :1:2:4 | ८.२० | १०९५६ | १२६०२.८० | १६४६.८० | १३५०४ |
| २ | Gaudakot shiva ko ghar dekhi GAIRA GHAR HUDAI TILHAR SAMMA GORETO BATO | Pcc :1:2:4 | २.८० | १०९५६ | १२६०२.८० | १६४६.८० | ४६११ |
| ३ | goth sudhar | Pcc :1:2:4 | ०.६० | १०९५६ | १२६०२.८० | १६४६.८० | ९८८ |
| | वडा नं. १३ | | | | | | |
| १ | Bohorathar khanepanj Tanki Nirman | pcc(1:2:4) | ३.६९ | १०९५६ | १३०६१.५८ | २१०५.५८ | ७७७० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | Chisakhola Tari Rumta sinchai kulo | pcc(1:2:4) | २.४९ | १०९५६ | १२८२२.२० | १८६६.२० | ४६४७ |
| ३ | Aaurwed Aausadhalaya compound wall tatha tarbar | pcc(1:2:4) | २.५७ | १०९५६ | १२८४८.०७ | १८९२.०७ | ४८६३ |
| ४ | Aaurwed Aausadhalaya compound wall tatha tarbar | stone masonry (1:4 c/s) | ३.९३ | ९२०२ | ९७४८ | ५४६ | २१४६ |
| ५ | Dholi sundarbasti khanepani yojana | pcc(1:2:4) | ०.५५ | १०९५६ | १३१८१.२५ | २२२५.२५ | १२२४ |
| ६ | Dharmasala bichgau jhakrithan pakki paidalmarga (goreto bato) | pcc(1:2:4) | ५.३० | १०९५६ | १३०६१.५८ | २१०५.५८ | ११९६० |
| ७ | Jhakrithan jhyangkot paidalmarga | pcc(1:2:4) | २.६६ | १०९५६ | १२८४८.०७ | १८९२.०७ | ५०३३ |
| ८ | kavrabot kaajkriyasthal truss nirman | pcc(1:2:4) | १.०१ | १०९५६ | १२८५१.३६ | १८९५.३६ | १९१४ |
| ९ | Tribhuwan mavi gate | pcc(1:2:4) | ८.१९ | १०९५६ | १३२७५.०१ | २३१९.०१ | १८९९३ |
| १० | Tribhuwan mavi gate | RCC (1:1.5:3) | ६.८९ | १२४१५ | १५४३६.७० | ३०२१.७० | २०८२० |
| ११ | Tribhuwan mavi gate | stone masonry( 1:4) | २१.७५ | ९२०२ | ९४०९.७२ | २०७.७२ | ४५१८ |
| १२ | construction of children park | pcc(1:2:4) | १.३६ | १०९५६ | १३२७५.०१ | २३१९.०१ | ३१५४ |
| १३ | construction of children park | stone masonry (1:4c/s) | २३.२५ | ९२०२ | ९४०९.७२ | २०७.७२ | ४८२९ |
| | वडा नं. १४ | | | | | | |
| १ | Jestha Nagarik chaupari Nepane | pcc(1:2:4) | ०.०६ | १०९५६ | १२८४८ | १८९२ | ११४ |
| २ | palepakho Garlung goreto | pcc(1:2:4) | ३.५२ | १०९५६ | १३०२९.७१ | २०७३.७१ | ७२९९ |
| ३ | Rithabot kulo | pcc(1:2:4) | २.१२ | १०९५६ | १३०२९.७१ | २०७३.७१ | ४३९६ |
| ४ | kumaltari upallo kulo | pcc(1:2:4) | २.११ | १०९५६ | १३०२९.७१ | २०७३.७१ | ४३७६ |
| | | जम्मा | | | | | ३४५८८० |

| | |
|---|---|
| अनियमित भएको | ३,४५,८८० |

२८.६ (६१-२०८०-१०-२२):

**सि.सि.टिभि जडान तथा सञ्चालन:** आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ (छ) मा अधिकार प्राप्त अधिकारीले उपलब्ध श्रोत साधन तथा सम्पत्तिको समुचित उपयोग भएको र सम्पत्ति हानी नोक्सानी नहुने गरी सम्भार तथा संरक्षणको उचित व्यवस्था गरेको सुनिश्चित भएर मात्र खर्च लेख्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयले यो वर्ष देहाय अनुसारका स्थानमा सिसि टिभि प्रणाली जडान गरेको जनाई रु.५६००००/- भुक्तानी गरेकोमा उक्त सिसि टिभि प्रणाली जडान गरेर सञ्चालनमा आएको प्राविधिक प्रतिवेदन र अनुगमन प्रतिवेदन समेत पेश नगरेकोले सिसि टिभि प्रणाली जडान गरी सञ्चालनमा आएको सम्बन्धमा एकिन हुने अवस्था देखिएन । यस्ता Electronic Equipment मा वारेन्टीको प्रावधान समेत हुनेमा सप्लायर्स सँग वारेन्टी सम्बन्धी व्यहोरा खुलाएर सम्झौता समेत नगरी पुरै रकम एकमुष्ट भुक्तानी दिएकोले वारेन्टी पाउन सक्ने अवधिमा कुनै खराबी आएमा सप्लायरले कुनै क्षतिपुर्ति नब्यहोर्ने र पालिकालाई नैं थप व्ययभार पर्ने देखिन्छ । सिसि टिभि प्रणालीमा सिसिक्यामेराबाट खिचिने भिडियोहरुलाई निश्चित अबधिसम्म भण्डारण गर्नका लागी यस्तो प्रणाली खरिद सँगै तथ्याङ्क भण्डारण उपकरण (Storage Device) समेत खरिद भएकोले भण्डारण डिभाईसहरु सिसिटिभि प्रणालीसँग जडान भए नभएको र खिचिएका भिडियोहरु तोकिएको अबधिसम्म भण्डारणको

ब्यबस्था गरे नगरेको पालिकाले एकिन गर्नुपर्दछ । अत: खरिद भएका सिसि टिभि प्रणालीका मेशिनरी तथा ईक्युपमेन्टहरु जडान तथा सञ्चालनमा आए नआएको सम्बन्धमा प्राविधिक प्रतिवेदन तथा अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने रु.

| प्रमाण पेश नगरेको | ५,६०,००० |
|---|---|

२८.७ **बढी भुक्तानी:** आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ (छ) मा अधिकार प्राप्त अधिकारीले उपलब्ध श्रोत साधन तथा सम्पत्तिको समुचित उपयोग भएको र सम्पत्ति हानी नोक्सानी नहुने गरी सम्भार तथा संरक्षणको उचित व्यवस्था गरेको सुनिश्चित भएर मात्र खर्च लेख्नु पर्ने व्यवस्था रहेको छ । त्यसैगरी सोही नियमावलीको नियम ३९ (१०) मा जिम्मेबार ब्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने ब्यबस्था रहेको छ । पालिकाले यो वर्ष उपभोक्ता समिति, नेवा (Nepal Water for Health Others, NEWA) सहयोग र पालिकाको त्रिपक्षीय संझौता अनुसार त्रिपक्षीय योगदानमा सञ्चालन हुने देहाय अनुसारका खानेपानी योजनाको कार्यसम्पन्न भएको जनाई पालिकाको योगदान रु.३०२५७६९/- भुक्तानी गरेकोमा योजनाको कुल लागत अनुमान भन्दा कमको कार्यसम्पन्न पेश गरेतापनि पालिकाले भुक्तानी दिनुपर्ने अनुपातको पुरै रकम भुक्तानी दिएको छ । अत: योजनाको लागत अनुमान बराबरको पुरै कार्य सम्पन्न नैं नभई पालिकाको योगदान बराबरको पुरै रकम भक्तानी दिन नमिल्ने देखिंदा बढी भुक्तानी भएको रकम रु.२११४९३/- असुल गर्नुपर्ने रु..

| सि.नं. | भौचर नम्बर र मिति | योजनाको नाम | उपभोक्ता समितिको योगदान | पालिकाको योगदान | NEWA को योगदान | योजनाको जम्मा लागत | कार्यसम्पन्न रकम | भुक्तानी दिनुपर्ने रकम | भुक्तानी दिएको रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ७०१-२०८१/०३/२३ | गैंडाकोट खानेपानी योजना उ.स. | १०९०१५३ | १०२९६५५ | १६५०८६६ | ३७७०६७४ | २९७६०८० | ८१२६७६ | ९५७७ |
| २ | ७०३-२०८१/०३/२३ | मेहलबोट खानेपानी योजना उ.स. | २५७७१२० | ३२२०४७४ | ३९४९४३६ | ८८४७०३० | ७६३१२९१ | २००१६०० | २०६८ |
| | | जम्मा | ३६६७२७३ | ४२५०१२९ | ५६००३०२ | १२६१७७०४ | १०६०७३७१ | २८१४२७६ | ३०२५ |

| असुल गर्नुपर्ने | २,११,४९३ |
|---|---|

२८.८ **प्रमाण कागजात बेगरको खर्च:**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२८** को निर्णयले रू **३,५९१,९७३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

२९ **गत वर्षको खर्चको यो वर्ष भुक्तानी:**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३८ (२.क) मा अधिकार प्राप्त अधिकारीले स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम र सम्बन्धित खर्च शिर्षकमा परेको र खर्च गर्न बाँकी रहेको अबस्थामा मात्र बजेट खर्च गर्न वा बजेट निकासा दिनु पर्ने व्यवस्था रहेको छ । यस पालिकाले गत वर्षको योजना/कार्यक्रमहरुको भुक्तानी दिन बाँकी रहेको जनाई भुक्तानी दिन बाँकीको विवरण पालिकाको निर्णय र आलेपबाट प्रमाणित गराई राखेर ५५ वटा योजना तथा कार्यक्रमको यो वर्ष रु.१९८१९२२४/- भुक्तानी दिएको छ

र यस्ता योजना/कार्यक्रमहरु वहुवर्षिय पुर्वाधार निर्माणका योजना नभई अल्पकालिन टुक्रे योजना तथा चालु प्रकृतिका खर्च समेत रहेको पाईएको छ । यसरी यस वर्षको वजेटबाट विगत वर्षको भुक्तानी गर्दा चालु वर्षको कार्यक्रम सञ्चालनमा बजेट अभाव हुने र नियमित कार्य सञ्चालनमा समेत असर पर्ने देखिन्छ । कार्यालयले चालु वर्षमैं सम्पादन हुने र चालु वर्षको बजेटबाट भुक्तानी दिन सकिने योजना तथा कार्यक्रम मात्र तयार गर्नुपर्दछ साथै चालु वर्षका योजना तथा कार्यक्रम चालु वर्षको बजेट बाटै भुक्तानी गरेर आगामी वर्षको बजेटमा व्ययभार पर्नेगरी दायित्व सिर्जना गर्नुहुँदैन ।

३० **आन्तरिक आयतर्फः**

३०.१ **स्वीकृती बेगरको सफ्टवेयर सञ्चालनः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ६२(३) अनुसार उपदफा (२) बमोजिम विकास गरिएको प्रणालीमा समावेश नभएको वा पर्याप्त नभएको कुनै प्रणाली विकास गर्नुपर्ने भएमा तोकिए बमोजिम महालेखा नियन्त्रक कार्यालयको स्विकृति लिनुपर्ने व्यवस्था छ । तर पालिकाले महालेखा नियन्त्रक कार्यालयको स्वीकृती बेगर साङ्ग्रिला ईन्फरमेटिभ प्रा.ली. कम्पनीको नामको सूचना प्रणाली प्रयोग गरी यस वर्ष रु.५९९६६२१७/८० राजस्व आम्दानी गरेको देखाएको छ । स्वीकृती बेगरको त्यस्तो सफ्टवेयर प्रयोग गर्दा उक्त प्रणाली तथ्याङ्कको सुरक्षा, आन्तरिक आयको यथार्थता, त्यसले तयार गर्ने प्रतिवेदनको विस्वसनीयता र सम्भाव्य जोखिम बारे समेत आश्वस्त हुन सक्ने अवस्था देखिएन । अत: पालिकाले ऐन,को व्यवस्था अनुसार महालेखा नियन्त्रक कार्यालयको स्विकृति लिएर मात्र सूचना प्रविधि प्रणाली सञ्चालन गर्नुपर्दछ । यस सम्बन्धमा आ.व. २०८१/०८२ देखी उक्त प्रणाली प्रयोगमा नरहेको पालिकाले जनाएको छ ।

३०.२ **आन्तरिक आय र खर्चको विश्लेषण :** पालिकाको यस आर्थिक वर्षको आन्तरिक आय र खर्चको विवरण देहाय बमोजिम रहेको छ।

| क्र.सं. | आर्थिक वर्ष | आन्तरिक आय | पालिकाको जम्मा खर्च | आयको तुलनामा खर्चको प्रतिशत |
|---|---|---|---|---|
| १ | २०८०/०८१ | ५९९६६२१७.८० | १०५२०२२१७८ | १७५४.३५ |

पालिकाको यस आर्थिक वर्षको जम्मा खर्च रु.१ अरब ५ करोड २० लाख २२ हजार रहेको छ भने राजश्व संकलन रु.५ करोड ९९ लाख ६६ हजार गरेको छ । पालिकाको कुल खर्च आन्तरिक आयको १७५४.३५ प्रतिशत बढी हुन आउँछ जुन खर्चको तुलनामा आन्तरिक आय ज्यादै न्यून रहेको देखिन्छ । अत: पालिकाले खर्चको तुलनामा आन्तरिक आय बृद्धि गर्दै प्रदेश तथा संघीय अनुदानको निर्भरता कम गर्नु पर्दछ ।

३०.३ **कर तथा शुल्क असुलीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विटौरी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ।

| क्र.सं. | आम्दानी शीर्षक | अनुमान रकम | आ व २०८०/०८१ को आम्दानी रकम | आम्दानी प्रतिशत |
|---|---|---|---|---|
| १ | एकीकृत सम्पती कर | १४३००००० | ९०६०४३५.०३ | ६३.३६ |
| २ | वहाल कर | १६५००००० | १७९६००८३.५७ | १०८.८५ |
| ३ | वहाल विटौरी कर | ७७००० | ७२०० | ९.३५ |
| ४ | अन्य प्रशासनिक सेवा शुल्क | ८८००००० | ४३२९३७६ | ४९.२ |
| ५ | नक्सापास दस्तुर | ११०००००० | ५६३६२२९.९५ | ५१.५४ |
| ६ | सिफारिश दस्तुर | ८२५०००० | ४६१३५३३.७६ | ५५.९२ |
| ७ | व्यक्तिगत घटना दर्ता दस्तुर | ५५०००० | ९६६५५० | १७५.५४ |
| ८ | नाता प्रमाणित दस्तुर | ३३०००० | ५५३६५० | १६७.७७ |
| ९ | अन्य दस्तुर | २७५०००० | १२७९९१०.३४ | ४६.५४ |
| १० | व्यावसाय रजिष्ट्रेशन दस्तुर | ५००००० | १०१८४० | २०.३७ |
| ११ | प्रशासनिक दण्ड, जरिवाना र जफत | २७५०००० | १६९६०६७ | ६१.६८ |
| १२ | प्रदुषण नियन्त्रण शुल्क | ४४००००० | ३४०००० | ७.७३ |
| १३ | अन्य राजस्व | १०१५५३२५० | २९५८१२४.१५ | २.९१ |
| १४ | व्यवसाय कर | १२१००००० | १०३९८४१८ | ८५.९४ |
| जम्मा | | १८३८६०२५० | ५९९६६२१७.८ | ३२.६२ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं करदाताले कर बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ पालिकाले आफ्नो क्षेत्रभित्रका करदाताहरुको पहिचान गरेर अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ ।

३०.४ **पार्क प्रवेश शुल्कः** नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को विनियोजन ऐनको अनुसुची १४ को बुँदा नं. ७ मा नगरपालिका क्षेत्र भित्रका पार्कहरुमा प्रवेश गर्दा प्रति व्यक्ति प्रति दिन रु.१०/- प्रवेश शुल्क लगाईने व्यवस्था गरेको छ । तर ५ वर्षभन्दा मुनिका वालवालिकाहरुलाई शुल्क लाग्ने छैन भन्ने व्यवस्था भएकोमा पालिकाले कुनै पनि शुल्क संकलन गरेको देखिएन । अतः पालिका क्षेत्रभित्र के कति पार्कहरु रहेका छन् एकिन गरेर पारित विनियोजन ऐन बमोजिम शुल्क लिई आय बृद्धि गर्ने तर्फ थप पहल गर्नुपर्दछ ।

**सरसफाई शुल्कः** पालिकाले उपलब्ध गराएको विवरण अनुसार सरसफाई शुल्क प्रति घर धुरी रु.१००/- देखी रु.३००/- लिने पालिकाको आर्थिक ऐन २०८०/०८१ मा ब्यवस्था भएको साथै पालिकाले स्रोतमा नै फोहर वर्गिकरण गर्नको लागि रु.९८२१६०/- को घर-घरमा फोहर संकलन गर्ने बाल्टी खरिद गरी वितरण समेत गरिरहेकोमा सरसफाई शुल्क बापतको रकम नियमानुसार संकलन गरेको देखिएन । उदाहरणको लागि सबै घरमा फोहर संकलन गर्ने व्यवस्था भएको वार्ड नं २ मा राष्ट्रिय जनगणना, २०७८ बमोजिम घरधुरी संख्या २२१६ रहेकोमा १३१७ घरधुरीले मात्र शुल्क तिरेको देखियो । न्यूनतम शुल्कलाई आधार मान्ने हो भने पनि प्रति महिना रु.१४९८३/- तथा प्रति वर्ष रु.१७९७९६/- पालिकाको वडा नम्बर २ मा मात्र राजस्व न्युन संकलन भएको देखियो । अत: पालिकाले फोहरमैला संकलन सेवा उपलब्ध गराएसंगै घर तथा व्यवसायको प्रकृति अनुसार तोकिएको फोहरमैला व्यवस्थापन शुल्क र विलम्ब शुल्क सहितको राजस्व संकलन गर्नुपर्दछ ।

३०.५ **कर संकलनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा गाउँपालिका तथा नगरपालिकाले एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । पालिकाको यस

वर्षको आन्तरिक आयको अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ:

| आय शीर्षक | अनुमान | असुली |
|---|---|---|
| आन्तरिक आय | १८३८६०२५० | ५९९६६२१७.८० |

उपरोक्त विवरण अनुसार पालिकाले आन्तरिक आयको अनुमान रु.१८३८६०२५०/- गरेकोमा अनुमानको तुलनामा ३२.६२ प्रतिशत अर्थात रु. ५९९६६२१७/८० आन्तरिक आय संकलन गरेको देखिन्छ । अतः आन्तरिक आय अनुमान भन्दा न्युन हुनुको कारण पहिचान गरी निराकरण गर्ने र पालिकाले संघीय र प्रदेश सरकार प्रतिको निर्भरता घटाउन आन्तरिक आय बृद्धि गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

३०.६ **व्यवसाय करः** पालिकाको आर्थिक ऐन, २०८० अनुसुची ४ को बुँदा नं. १० मा नगरपालिकाले आफ्नो क्षेत्रभित्र बार्षिक रुपमा लगाउने व्यवसाय करलाई सहकारीको काम अनुसार बर्गिकरण गरी रु.२५००/- देखी रु.९०००/- सम्म ब्यवसाय कर निर्धारण गरिएकोमा पालिका भित्र व्यवसाय गरिरहेका १०३ सहकारीहरु रहेको विवरण पालिकाले उपलब्ध गराएकोमा व्यवसाय कर दाखिला गरेको देखिएन । पालिकाले विवरण उपलब्ध गराएअनुसारका १०३ बाहेक अन्य सहकारी समेत सञ्चालनमा रहेको भएमा संख्या एकिन गरेर पालिकाले अद्याबधिक लगत राख्नु पर्दछ। नियमानुसार करको न्युनतम दर रु.२५००/- मात्र व्यवसाय कर लगाउँदा पनि पालिकालाई रु.२५७५००/- व्यवसाय कर संकलन हुनेमा सो असुल नगरेकोले पालिका भित्र सञ्चालनमा रहेका सहकारी संख्या एकिन गरेर ती सहकारीहरुले गरेको व्यवसायको प्रकृति अनुसार निर्धारित व्यवसाय कर र समयमा कर नबुझाएका कारण लाग्ने थप दस्तुर समेत असुल गरि पालिकाको राजस्वमा दाखिला गर्नु पर्दछ ।

## ३१ संघीय सशर्त तर्फः

३१.१ **मुक्तिनाथ बाबा सडक**: IFP No: BAGMUN/BAG/NCB/W/06/080-81 मुक्तिनाथ बाबा सडक (३.८ कि. मि.) निर्माण कार्यको लागि मिति २०८२/०९/२३ सम्म सम्पन्न गर्ने गरी निर्माण व्यवसायी जुम्ली आइ.एस जे. भी. सँग मिति २०८१/०३/२३ मा रु.७६६७९४१६ (मु. अ. कर तथा पि. एस. बाहेक) को ठेक्का संझौता गरोमा लेखापरीक्षण अवधि सम्म ३३ प्रतिशत समय व्यतित भएको र सोही अनुपातमा कार्य प्रगति पनि ३३ प्रतिशत हुनुपर्नेमा २० प्रतिशत मात्र प्रगति भएकोले तोकिएको समयमा कार्य सम्पन्न गर्न गराउन पालिकाले थप पहल गर्नुपर्ने देखियो ।

३१.२ **पुर्वाधार निर्माण तथा परामर्श सेवा:** यस पालिकाले शहरी विकास तथा भवन निर्माण विभाग अन्तर्गतको नेपाल शहरी शासकीय तथा पूर्वाधार आयोजना मार्फत नगरपालिकामा निर्माण हुने पूर्वाधार अन्तर्गतको Upgradiation of Mulpani School- Harrachaur-Kalimati-Titature Road, Majhibasti-Niraheghat Road and Odarchaur-Phodani-Phorse Road (ठेक्का नं NP-DUBCC-400277-CW-RFB) को निर्माणको कार्य मिति २०८२/०३/३१ सम्ममा सम्पन्न गर्ने गरी आशिष फेवा जे. भी. सँग मिति २०८१/०२/०२३ मा रु.४३२१९४०१०/- (मु.अ. कर तथा पि.एस. बाहेक) को ठेक्का सम्झौता गरेकोमा सो निर्माण कार्यको शूरुवाती चरण देखि अन्तिम चरण सम्मको सबै प्रकारको पूर्वाधार निर्माणको डिजाइन तथा सुपरिवेक्षण कार्य गर्ने गरी C2TECH गिडा गिडान जे. भी. सँग ३३ महिना अर्थात् मिति २०८२/०४/१५ सम्मको कार्य अबधि राखेर मिति २०७९/०७/१५ मा रु.२१७९३०००/- (मु.अ. कर तथा पि. एस. बाहेक) को परामर्श संझौता गरेको छ । ठेक्का नं NP-DUBCC-400277-CW-RFB को भौतिक प्रगती संझौता मिति देखि समय अनुपातका आधारमा हालसम्म ६९.२३ प्रतिशत हुनुपर्नेमा ३६ प्रतिशत मात्र रहेको र निर्माण अवधि २०८२ असार मसान्त सम्म मात्र भएकोले समय अनुपात अनुसार तोकिएको समयमा ठेक्का सम्पन्न हुने देखिंदैन । जसले गर्दा ठेक्का नं. NP-DUBCC-400277-CW-RFB को निर्माण कार्यको म्याद थप भएसँगै C2TECH गिडा गिडान जे. भी. सँग भएको परामर्श सेवाको संझौताको समेत म्याद थप गर्नुपर्ने हुँदा निर्माण कार्य ढिला भएका कारण परामर्शदाताबाट समेत सेवा लिन नसकिने अवस्था आईपरेकाले पालिकालाई थप ब्ययभार पर्न जाने देखियो । अतः पालिकाले निर्माण व्यवसायीसँग तोकिएको अबधि भित्र नैं निर्माण कार्य सम्पन्न गर्न निर्माण व्यवसायी र परामर्शदाताबाट संझौता अनुसारको कार्य गर्ने गराउने तर्फ थप पहल गर्नुपर्ने देखिन्छ ।

३१.३ **१५ शैया अस्पतालः**

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२८** को निर्णयले रू **१०,६०९,१०९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३२ **कृषि तथा पशु विकासमा आधारित सानाकिसान तथा युवा उद्यमशिलता सझेदारी परियोजना" (हेफर प्रोजेक्ट नेपाल):**

३२.१ कृषि तथा पशुवस्तुहरुको उत्पादन वृद्धि गरी रोजगारमूलक उद्यमशिल र मर्यादित कृषि व्यवसायको विकास गर्न लाभग्राहीहरुलाई स्वावलम्वी समूहहरुमा बाख्रा व्यवस्थापन र उन्नत प्रविधिहरुको अनुसरणवाट उत्पादन, उत्पादकत्व र उद्यमशिलता अभिवृद्धि गर्नु र कृषि क्षेत्रको विकासका लागि संस्थागत संयन्त्र निर्माणार्थ पशु खरिद, वागवानी तथा ढुवानी, कृषि सामग्री तथा यन्त्र उपकरण, तालिम तथा अनुगमनका लागि कृषि तथा पशु विकासमा आधारित किसान तथा युवा उद्यमशिलता सझेदारी परियोजना" (हेफर प्रोजेक्ट नेपाल) र पालिका बीच रु.३५८२७१४३/- को लागत साझेदारीमा मिति २०८३/०२/०१ सम्म कार्यक्रम सञ्चालन गर्ने गरी मिति २०८०/०९/२६ मा सम्झौता भएको छ । कुल लागत मध्ये ३० प्रतिशत ले हुने रकम रु.२३००००००/- पालिकाले र बाँकी हुने रकम रु.९८५७१४३/- हेफरले व्यहोर्ने व्यवस्था गरेको छ।यस परियोजना अन्तर्गत यस कार्यालयवाट हेफर प्रोजेक्ट नेपाललाई आ.व.२०८०/८१ मा रु.४३९०१९६/- भुक्तानी भएको छ । हेफर इन्टरनेशनलसँग बहु वर्षीय दायित्व सिर्जना गर्ने गरी सम्झौता गर्नु बजेट नीति तथा सिद्धान्त बमोजिम देखिएन । यस सम्वन्धमा देखिएका व्यहोराहरु देहाय अनुसार रहेका छन् ।

३२.२ पालिकाले हेफरसँग कृषि तथा पशु उद्यमशिलता विकास परियोजना सञ्चालनको लागि २०८०/०९/२६ मा तीन वर्षको लागि सम्झौता गरेको मध्ये यस आ.व. मा पालिकाबाट गर्ने खर्च मध्ये अनुगमन र मुल्याङ्कनमा रु.२७८०५१/- तालिममा रु.६४८६६/- समेत रु.४३९०१९६/- हेफरलाई किस्तामा उपलब्ध गराएको छ।पालिकामा रहेका स्थायी दरबन्दी भित्रको कृषि शाखाबाट सम्पादन गर्नुपर्ने नियमित काम उक्त गैरसरकारी संस्थालाई भुक्तानी गर्ने गरी सम्झौता गरेर व्ययभार बढाएको देखिएको रु..

१. पालिकाले सम्पादन गर्नुपर्ने कार्यक्रमहरु जस्तो बाख्रा वितरण, खोर सुधार, घाँसको विउ वितरण तथा सचेतना सम्वन्धि तालिम कार्यक्रमहरुलाइ व्यवस्थापन गर्न दरवन्दी अनुसार कृषि तथा पशु प्राविधिक कार्यरत रहेको, कृषि तथा पशु सेवामा योगदान पुर्याउन एक पालिका एक प्राबिधिक को छुट्टै व्यवस्था गरिएकोमा यस्ता कार्यक्रमहरु कार्यालयका कर्मचारीहरुवाट नैं नगराई परमर्शदाताको खोजी गरि हेफर प्रोजेक्ट नेपालबाट गराईनु युक्तिसंगत देखिएन।अत पालिकाका कृषि प्राविधिकबाट सम्पादन हुने पालिका भित्रका कामलाई पालिकाले समानिकरण अनुदानबाट गैरसरकारी संस्थालाई भुक्तानी गर्ने काममा नियन्त्रण गर्नुपर्दछ।

२. पालिकाले नागरिकलाइ पुर्याउनुपर्ने आधारभूत कृषिमा आफ्नो स्वीकृत संरचनामार्फत सेवा पुर्याउनु पर्नेमा यस प्रकार अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाबाट कार्य गराउदा खरिद ऐन २०६३ को दफा ३१ मा सूचीमा समावेश भएका आशयपत्रदाता सँग ३० दिनको सूचना दिई प्राविधिक एवं आर्थिक प्रस्ताव माग गर्नुपर्ने गुणस्तर र लागत विधि वा न्युन लागत विधिबाट छनौट गर्ने र खरिद सम्झौता पश्चारत सेवा प्रदायकबाट अग्रीम बैंक जमानत लिई सम्झौता रकमको २ प्रतिशतसम्म पेश्की दिन सकिने व्यवस्था छ । पालिकावाट हेफर प्रोजेक्ट नेपाललाई विना कुनै जमानत पेश्की दिएको नियम सम्मत भएन ।

३. पालिका र हेफर नेपाल बीच भएको सम्झौता भएकोमा शत प्रतिशत कार्य Nepal Gaja Development Foundation संस्था मार्फत गराएको छ।हेफर नेपाल संस्थावाट Nepal Gaja Development Foundation संस्था मार्फत सम्झौताको शत प्रतिशत कार्य गराई भुक्तानी लिएको पाईयो ।सम्झौताको बुदा न ९ अनुसार संचालित कार्यक्रमको कार्यक्रम व्यवस्थापन तथा अनुगमन समितिले व्यवस्थापन कार्यविधि २०८० बमोजिम चौमासिक रुपमा अनुगमन तथा मूल्याङ्कन गर्ने र कार्यक्रमको अन्तिम भुक्तानी हुनुअघि पालिका स्तरीय अनुगमन तथा मूल्याङ्कन समितिले कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने व्यवस्था रहेकोमा पालिकावाट स्थलगत अनुगमन सहित कमि कमजोरी भएकोमा सुधार गर्न लगाउने गरी प्रतिवेदन तयार भएको छैन।

४. सम्झौताको वुँदा नं.८.५ मा परियोजनाको प्रगति प्रतिवेदनमा क्रियाकलाप सम्पादन भएको र त्यसवाट आएको उपलब्धी र सो कार्यक्रमले पारेको प्रभावलाई समेत समेटी हेफर संस्थाले पालिकामा पेश गर्नुपर्ने व्यवस्था छ । हेफर प्रोजेक्ट नेपालले यस कार्यक्रम वाट प्राप्त उपलब्धी र पारेको प्रभाव प्रतिवेदनमा समेटी पालिकामा पेश गर्ने गरेको देखिएन।उपलब्धी र प्रभावलाई मापन गर्ने वस्तुगत

आधार तथा मापदण्ड तयार नगरी सम्झौता भएको छ।यसले गर्दा यो कार्यक्रम सञ्चालन पूर्व लक्षित परिवारहरुको कृषि तथा पशुवस्तुहरुको उत्पादन वृद्धि गरी रोजगारमूलक उद्यमशिल र मर्यादित कृषि व्यवसायको विकास को बास्तविक अवस्था एकिन गरेको छैन् भने कार्यक्रम सञ्चालन पश्चात कृषि तथा पशुवस्तुहरुको उत्पादन वृद्धि गरी रोजगारमूलक उद्यमशिल र मर्यादित कृषि व्यवसायको विकासमा के कस्तो सुधार तथा परिवर्तन भयो विश्लेषण गर्न सक्ने अवस्था रहेन।वस्तुगत आधार तथा मापदण्ड तयार नगरी कार्यक्रम सञ्चालन गर्नाले सरकारी खर्चको प्रतिफल र गुणस्तरमा आस्वस्त हुन सकिएन ।

५. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ अनुसार कुनै कारोबार गर्दा आन्तरिक राजश्व कार्यालयबाट स्थाई लेखा नम्वर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्थावाट मात्र गर्नुपर्ने र रु २० हजार भन्दा बढीको खरिद गर्नुपर्दा मु.अ.कर दर्ता भएकाबाट गर्न पर्ने व्यवस्था रहेको छ।त्यस्तै मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १० अनुसार कुनै कारोबारमा संलग्न हुन चाहने व्यक्तिले कारोबार शुरु गर्नु भन्दा अघि कारोबार दर्ता गरेको हुनुपर्ने र दफा १४ अनुसार बस्तु वा सेवा आपुर्ति गर्दा प्रापकलाई बिजक दिनुपर्ने र नियमावली, २०५३ को नियम १७ अनुसार दर्ता भएको व्यक्तिले कुनै बस्तु वा सेवा आपुर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरे देखि वाहेक प्रापकलाई अनुसूची- ५ र ५क बमोजिमको ढाँचामा कर विजक दिनुपर्ने व्यवस्था छ। पालिकाले यस बर्ष हेफर प्रोजेक्ट नेपाल लाई रु..४३९०१९६/- भुक्तानी गरेको र हेफर प्रोजेक्टले कार्यक्रम कार्यान्वियन गराएकोमा हेफर प्रोजेक्ट नेपाल वा स्थानिय साझेदारले नियमानुसारको विजक वा कर विजक जारी गर्ने गरेको छैन् र पालिकाले समेत विल विजक माग नै नगरी कारोबार रकम भुक्तानी दिने गरेको देखियो ।अत : कानून अनुसार बिल विजक जारी नै नगरी आर्थिक कारोबार गरेको देखिएकोले नियमसम्मत देखिएन । हेफर नेपालसँग कार्यक्रम सम्झौता भएकोले सोही संस्थाले बिजक जारी गर्नु पर्नेमा स्थानीय गैर सरकारी संस्था प्रयोग गरी खर्चका बिल भरपाईहरु पेश गरेको अवस्थामा भुक्तानी हुने गरेकोले पालिकावाट भुक्तानी भएको कार्यक्रममा लागत साझेदारी गर्नुपर्नेमा संस्थाको कर्मचारी तलब जस्तो प्रशासनिक कार्यमा गैरसरकारी संस्थाले ३० प्रतिशत योगदान गर्ने र ७० प्रतिशत वास्तविक कार्यक्रम खर्च पालिकाले वेहोर्ने गरी सम्झौता गरेकोले गैह्सरकारी संस्थाको आफ्नै कर्मचारीको तलव खर्च साझेदारी रकममा परेको र बैँक ग्यारेण्टी बिना पेश्की दिई काम गराउने कार्य गरेको अनियमित देखिन्छ ।

६. साझेदारी कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि, २०८० मा कार्यक्रम व्यवस्थापन तथा अनुगमन समितिको सिफारिसमा कार्यक्रम कार्यान्वियन गर्ने जिम्मेवारी पाएको संस्था वा कार्यालयको खातामा पेश्की स्वरुप उपलब्ध गाराउनु पर्ने व्यवस्था छ।कुनै पनि पेश्की रकम भुक्तानी दिँदा कार्यक्रम व्यवस्थापन तथा अनुगमन समितिले सिफारिस गरेको देखिएन।

| | |
|---|---|
| अनियमित भएको | ४३,९०,१९६ |

## ३३ सामाजिक सुरक्षाः

३३.१ **सामाजिक सुरक्षाः** आर्थिक वर्ष २०८०/०८१ मा पालिकाले वितरण गरेको सामाजिक सुरक्षा रकम र लाभग्राहीको विवरण देहाए बमोजिम रहेको छ ।

| क्र.सं. | पालिकाको जनसंख्या (२०७८ सालको जनगणना अनुसार) | लाभग्राही संख्या | लाभग्राही प्रतिशत | सामाजिक सुरक्षा रकम |
|---|---|---|---|---|
| १ | ५७८२३ | ७७१९ | १३.३५ | २८६७०१७५७ |

३३.२ **भत्ता वितरण:** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अद्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रीकृत सूचना प्रणालीमा प्रविष्टी गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । पालिकाले लाभग्राहीलाइ सामाजिक सुरक्षा भत्ता वितरणमा यो वर्ष कूल रु.२८६७०१७५७ /- खर्च लेखेको छ । लेखापरीक्षण योजना अनुसार सबै भन्दा बढी भत्ता वितरण गरिएको २ वटा वडाहरु वडा नं १ र ३ को परीक्षण गरिएकोमा निम्न व्यहोरा देखियो ।

| समुह/ त्रैमासिक | पहिलो त्रैमासिक | | दोस्रो त्रैमासिक | | तेस्रो त्रैमासिक | | चौथो त्रैमासिक | | बार्षिक विवरण संख्या | बार्षिक वितरण |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | | |
| अन्य जेष्ठ नागरिक भत्ता | ४१८१ | ४९३५३७३९ | ४२३७ | ५०९६२३२२ | ४२७२ | ५०९५४६२६ | ४३२४ | ४८७७०३६४ | ४३२४ | २०००४१०५९ |
| जेष्ठ नागरिक भत्ता (दलित) | ५६७ | ४३२११८० | ५७५ | ४६१३७८० | ५७९ | ४५५१६१४ | ५८० | ४००६३७८ | ५८० | १७४९२९५२ |
| जेष्ठ नागरिक एकल महिला | ५०८ | ४०१६६०० | ५१२ | ४०७७१५९ | ५०६ | ४०१६७६२ | ४८९ | ४८३७५९० | ४८९ | १६९४८१११ |
| विधवा | ८९१ | ६९९०४८० | ८९८ | ७२१६१२२ | ९१८ | ७२७२०७३ | ९२२ | ६८९०००४ | ९२२ | २८३६८६७९ |
| पूर्ण अपाङ्गता भत्ता | १८८ | २२३०६७६ | १८८ | २२६२३३० | १८८ | २२४६३७० | १८७ | २८३६४२० | १८७ | ९५७५७९६ |
| अति अशक्त अपाङ्गता भत्ता | २९८ | १८९३९२० | २९८ | १९०८८१६ | २९५ | १८८११५२ | ३०० | २२४५२८० | ३०० | ७९२९१६८ |
| दलित बालबालिका | ८२६ | १२१४६२६ | ८५० | १३३९६८९ | ८८७ | १३४५२६७ | ९१७ | २४४६४१८ | ९१७ | ६३४६००० |
| जम्मा | ७४५९ | ७००२१२२१ | ७५५८ | ७२३८०२१८ | ७६३९ | ७२२६७८६४ | ७७१९ | ७२०३२४५४ | ७७१९ | २८६७०१७५५ |

३३.३ **निस्क्रिय खाता तथा लगत कट्टा:** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २३ (५) अनुसार सामाजिक सुरक्षा खाता सञ्चालन गर्ने वैंकले खाताहरु मध्ये निस्क्रिय खाताको विवरण प्रत्येक श्रावण महिना भित्र दिनुपर्ने र कार्यविधिको दफा २६ (३) अनुसार लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाइएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भूक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गर्नुपर्ने व्यवस्था छ । वैंकले निष्कृय खाता, डमी खाता तथा लगत कट्टा गरेको विवरण उपलब्ध नगराएकाले वितरित रकम यकिन हुन सकेन । पालिकाले वैंकबाट सो विवरण लिई लगत कट्टा तथा अन्य प्रकृया पूरा गरी भत्ता वितरण कार्यलाई यथार्थपरक बनाउनुपर्दछ ।

३३.४ **मृत्यु पश्चात रकम जम्माः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को नियम ११(२) मा कुनै लाभग्राहीको मृत्यु भएमा सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा त्यस्तो घटना भएको ३५ दिन भित्र घटना दर्ता गराउनुपर्छ र घटना दर्ता गर्दा लाभग्राहीको विवरण समेत अद्यावधिक गरी लगत कट्टा गर्नुपर्ने व्यवस्था उल्लेख भएको छ।नियम १५(४) मा मृत्यु भएका लाभग्राहीको मृत्यु भएको दिनसम्मको सामाजिक सुरक्षा भत्ता निजका हकवालाले प्राप्त गर्न सक्नेछन भन्ने उल्लेख भएको छ। पालिका बाट प्राप्त फरवार्ड फिडको नमुना छनौट गरी परिक्षण गर्दा देहाय बमोजिम विवरण भएका लाभग्राहीहरुको लगतकट्टी गरेर पनि लाभग्राहीको खातामा सामाजिक

सुरक्षा वापतको रकम नघटाइ बैंकमा जम्मा गरेको देखिएकोले लगत कट्टा पश्चात जम्मा भएको रकम रु.६३१५१/- फिर्ता गरी संघीय राजश्व खातामा दाखिला गर्नुपर्ने रु..

| क्र.सं. | नाम/थर | फिर्ता गर्नुपर्ने रकम |
|---|---|---|
| १. | भक्ति विलास पाठक | ३७३३ |
| २. | भविलाल थापा मगर | ३०६६ |
| ३. | जुक्तिवल्लभ थापा | ७६०० |
| ४. | प्रजापति शर्मा | ७३३३ |
| ५. | हिराध्वज माझी | ३७३३ |
| ६. | नर बहादुर बुढाथोकी | ५८५२ |
| ७. | हिरादेवी श्रेष्ठ | २६६० |
| ८. | खिर कुमारी शर्मा | ४०० |
| ९. | उजेली शर्किनी | ७६०० |
| १०. | नैनसिंह सार्की | १०४०० |
| ११. | डिलमाया मगर | ६३७५ |
| १२. | सुकमाया दमिनी | ४१३३ |
| १३. | सरस्वती पाठक | १३३ |
| १४. | चम्पाकला पाध्या | १३३ |
| जम्मा | | ६३१५१ |

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२८** को निर्णयले रू **२,५८१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२८** को निर्णयले रू **१,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२८** को निर्णयले रू **४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२८** को निर्णयले रू **२,२६७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२८** को निर्णयले रू **२८,२६६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२८** को निर्णयले रू **४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६३,१५१ |

संपरीक्षणबाट थप भएको बेरूजू

| क्र.सं. | बेरुजुको विवरण | रकम |
|---|---|---|
| १ | **खर्चको पुष्टाई:** आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७६ को नियम ३९ (१०) मा जिम्मेबार ब्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने ब्यबस्था रहेकोमा कार्यालयले बोलपत्र सम्बन्धि सूचना प्रकासन बापतको रकम ग्राण्ड मिडिया हाउस प्रा.लि. लाई ३० प्रतिशत छुट सहित प्रति सि.सि. रु.१४०० का दरले रु.१५५०३६/- भुक्तानी भएकोमा सूचनाको साइज १२० सि.सि. मात्र रहेकोमा १४०सिसि बराबरको विल भर्पाइ पेश गरी भुक्तानी भएकोले खर्चको पुष्टाई भन्दा बढी भुक्तानी भएको रकम रु. २२१४८/-असूल गर्नुपर्ने रु. | २२,१४८ |
| २ | **१५ शैया अस्पतालः** पालिकाले १५ शैया अस्पताल निर्माणको लागि निर्माण व्यवसायी महालक्ष्मी जुगल जे. भी. सँग मिति २०८०/०३/२२ सम्ममा कार्य सम्पन्न गर्ने गरी मिति २०७८/०३/२३ मा रु.१२८६९१२८२/- (मु. अ. कर तथा पि. एस. समेत) को ठेक्का संझौता गरेकोमा पटक- पटक गरी म्याद थप गरेतापनि हालसम्म ४५ प्रतिशत मात्र प्रगती भएको देखियो । यस सम्बन्धमा मन्त्रालयबाट निकासा ढिला हुने गरेका कारण कार्य प्रगति ढिला हुन गएको पालिकाले जनाएको छ । यसरी शुरु संझौता अनुसारको कार्य सम्पन्न गर्ने अबधि समाप्त भएर पटक- पटक म्याद थप गर्दा पनि ठेक्का कार्यको प्रगती न्युन देखिएकोले पालिकाले थप पहल गरेर समयमै निर्माण कार्य सम्पन्न गर्नुपर्दछ । उक्त ठेक्का संझौताको G.C.C. 57.3 अनुसार संझौता पश्चात उपलब्ध गराइएको पेश्की ठेक्का अंकको ३० प्रतिशत भुक्तानी पश्चात प्रत्येक विलबाट ४० प्रतिशतका दरले कट्टा गरी ८० प्रतिशत समय ब्यतित हुँदा पेश्की रकम सम्पुर्ण रुपमा कट्टी गरि सक्नु पर्ने भन्ने ब्यवस्था रहेकोमा संझौता बमोजिमको अबधी समाप्त हुँदा समेत कार्यालयले पेश्की बापत उपलब्ध गराएको रकम रु. ९४६०८९१/- पेश्की बाँकी देखिएकोले संझौता बमोजिम पेश्की असुल गरी कार्य सम्पन्न गर्नु गराउनुपर्ने देखिएको रु. | ९४,६०,८९१ |
| ३ | **प्रमाण कागजात बेगरको खर्च:** आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ (छ) मा अधिकार प्राप्त अधिकारीले उपलब्ध श्रोत साधन तथा सम्पत्तिको समुचित उपयोग भएको र सम्पत्ति हानी नोक्सानी नहुने गरी सम्भार तथा संरक्षणको उचित व्यवस्था गरेको सुनिश्चित भएर मात्र खर्च लेख्नु पर्ने व्यवस्था रहेको छ । त्यसैगरी सोही नियमावलीको नियम ३९ (१०) मा जिम्मेबार ब्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने ब्यबस्था रहेको छ । पालिकाले यो वर्ष सञ्चालन गरेका देहाय अनुसारका योजना तथा कार्यक्रमहरुमा बिल भर्पाई तथा कार्यसम्पन्न प्रतिवेदन लगायतका प्रमाण कागजात पेश नगरी रु.३११४९७३/- खर्च लेखेको छ । सञ्चालित कार्यक्रमको प्रमाण कागजात तथा कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु. | ३१,१४,९७३ |

| क्र.सं. | बेरुजुको विवरण | | | | | | | रकम |
|---|---|---|---|---|---|---|---|---|
| | सि.नं. | भौचर नम्बर र मिति | सम्पादित योजनाको नाम | कामको विवरण | परिमाण | भुक्तानी भएको रकम | कैफियत | |
| | १ | २३०-२०८०/१०/२३ | वडा नम्बर २ मा सडक बत्ती जडान तथा मर्मत (शिवालय ईलेक्ट्रिकल एण्ड ईलेक्ट्रोनिक्स, 606934657) | *५० वाटका स्ट्रिट लाईट #९ किसिमका सडक बत्ती र तार लगायतका विद्युतीय जडानका समग्रीहरु | *२९ थान #१३९ थान | ३२७२४० | हस्तान्तरण र जडान भएको प्राविधिक प्रतिवेदन पेश गर्नुपर्ने । | |
| | २ | २५६-२०८०/११/११ | खानेपानी पाईप खरिद (Galaxy Suppliers, Baglung) | विभिन्न साईजको पाईप खरिद (PE100PN16 P1) | ६९३१ मिटर | ६१७९९७ | पाईप वितरण/ हस्तान्तरण र जडान भएको प्रतिवेदन पेश गर्नुपर्ने । | |
| | ३ | ३९५-२०८१/०१/०२ | खानेपानी पाईप खरिद (Galaxy Suppliers, Baglung, Galaxy Hardware, Baglung) | विभिन्न साईजको खानेपानी पाईप खरिद | ४४९० मिटर | ३९९७३६ | पाईप वितरण/ हस्तान्तरण र जडान भएको प्रतिवेदन पेश गर्नुपर्ने । | |
| | ४ | ७३५-२०८१/०३/२३ | नगर यातायात गुरुयोजना (Zenex Engineering Solutions Pvt.Ltd., 606587778) | नगर यातायातको गुरुयोजनाको डिपिआर तयारी | | १७७०००० | परामर्शदातासँगको सम्झौता, TOR र TOR बमोजिमको प्रतिवेदन प्राप्त गरी पालिकाको जिन्सीमा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने । | |
| | | | | जम्मा | | ३११४९७३ | | |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : बागलुङ नगरपालिका, बागलुङ , बाग्लुङ नगरपालिका , बाग्लुङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | HARI DATTA KANDEL | २०८०-१-२४ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | अर्जुन गौतम | २०७८-१-१६ | २०८०-११-७ |
| लेखा प्रमुख | DILLI PRASAD SHARMA | २०८०-११-८ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ११,३३०,१८७ | २७,०५१,६६९ | ४,८३९,१०७ | ० | ० | ३,०७२,६०० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ४६,२९३,५६३ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | १४,३१२,५८३ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | १२,५९८,०१२ |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ४४,५७८,९९२ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ९४२५९१७३ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ७९३१७२२७७ | चालु खर्च | ७११७४६६४९ |
| प्रदेश सरकारबाट अनुदान | २४०३०९०७ | पूँजीगत खर्च | ३३७२७५५३० |
| राजश्व बाँडफाँट | १३९३८३०८२ | वित्तीय/अन्य व्यवस्था | ३२७८४४५६२ |
| आन्तरिक आय | ५९९६६२१८ | | |
| अन्य आय | ३१८८५३२५१ | | |
| कुल आय | १३३५४०५७३५ | कुल खर्च | १३७६८६६७४१ |
| बाँकी मौज्दात | | ५२७९८१६७ | |

## बेरूजु दफा ७.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| क्र.सं. | सहकारीको नाम | संचालक | | | शेयर सदस्य संख्या | | | | कर्मचारी | | | शेयर पुंजी | रकम बचत | लगानी | जगेडा कोषको रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | म. | पु. | जम्मा | म. | पु. | संस्था | जम्मा | म. | पु. | जम्मा | | | | |
| १ | अभियान बहुउद्धेश्यिय स.सं. | ३ | १० | १३ | ४५१ | ४२२ | ० | ८७३ | ४ | २ | ६ | ३१०७६००० | २२६६८२७९१ | १४२६३१७५६ | ९३८७२४० |
| २ | अन्नपूर्ण बहुउद्धेश्यीय स.सं | २ | ११ | १३ | ४९ | ९१ | ० | १४० | ४ | २ | ६ | ९२४९००० | ३१७१८३०८ | ३१६४३४२० | ६२१४३२.६६ |
| ३ | गाजा बचत तथा ऋण स.स. | ३ | ७ | १० | ० | ० | ० | २३८५ | १२ | ४ | १६ | १३९२९११०० | २८१२३३८९६ | ३८५६६८३६६ | ० |
| ४ | साझा चौतारी युवा उद्यमशिल स.स. | ४ | ७ | ११ | २२१ | २९८ | ० | ५१९ | ५ | ० | ५ | ७१०९५०० | १८६१११७६१ | २८५१७९०० | ४५०५.९२ |
| ५ | प्रगती बहुउद्ध्श्यीय सहकारी सं लि | ३ | ७ | १० | ४६६ | ५२० | ० | ८८९ | ७ | २ | ९ | ६७२५७५०० | ३४७७११२४५ | २७९७०८४१८ | १०७८९९९२ |
| ६ | यातायात सहकारी संस्था लि | ३ | ९ | १२ | ११८ | २२४ | ० | ३४२ | ६ | १ | ७ | १२९२६५०० | ५३४८८२०४ | ६१८१५४७५ | ३००३३ |
| ७ | भु.पु सैनिक बचत तथा ऋण स.सं | २ | ९ | ११ | २८५ | ३१८ | ० | ६०३ | ५ | ० | ५ | २१०६८००० | २११३९०३८८ | ७७८७३७५६ | ५४३५८९६.९ |
| ८ | महिलाहित बचत तथा ऋण स.सं | ११ | ० | ११ | १२२६ | १४ | २ | १२४२ | ८ | ० | ८ | २५९७०००० | १०२९६५२९४ | ८४८७२४९५ | १६६४३७७.२ |
| ९ | शंकल्प बचत तथ ऋण स.सं लि | ३ | ६ | ९ | ४४१ | ४३२ | ० | ८७३ | ८ | १ | ९ | २७१४४४०० | १५८३८४३८३ | १४३३४६५१७ | ३६४७७३.१५ |
| १० | साझेदारी बहुउद्धेश्यीय स.सं लि | ३ | १० | १३ | ७५० | ९८४ | ० | १७३४ | ९ | १ | १० | ४४५६०७०० | १६५८०६२११ | १७१४२५१७ | २२७३७८१ |
| ११ | मातृभुमि बहुउद्धेश्यीय | ३ | ८ | ११ | १२४ | २४५ | ० | ३६९ | ५ | ० | ५ | २४०९७७०० | ९४५००४०७ | ९३६०७८९६३ | ४६९९००५ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | स.सं लि | | | | | | | | | | | | | |
| १२ | कमर्शियल बहुउद्धेश्यीय स.सं लि | ३ | १० | १३ | ३५५ | ४०७ | १ | ७६३ | ६ | ३ | ९ | ४०००२१०० | १८७८५९।५५ | १६९८४८२८० | १२११९२५ |
| १३ | आदर्श सञ्चार सहकारी ससं लि | ८ | ७ | १५ | १६०६ | १५४० | १० | ३१५६ | १३ | ७ | २० | ४९२११५०० | ३१४६९८३९३ | ३३७२८३९५८ | ५००९३११ |
| १४ | शंखधर बहुउद्धेश्यीय स.सं लि | २ | १३ | १५ | २०५ | ३०३ | ० | ५०८ | ४ | ३ | ७ | १९९७४००० | ७९४४२२६४ | ६०४९२६५३ | १६६३३६६.५ |
| १५ | सुबिधा सहकारी संस्था लि. | ० | ११ | ११ | २०० | ४०० | ० | ६०० | ५ | १ | ६ | १७७४८६०० | ८६८३१६१४।८ | ८०००० | ० |
| १६ | सहज बचत तथा ऋण सहकारी संस्था | ३ | ९ | १२ | ४०१ | २९१ | ० | ६९२ | ४ | १ | ५ | २२८८२५०० | ४४६८४०७९।५ | ५७८४४६३४ | १२६६५१३.४ |
| १७ | नब किरण बचत तथा ऋण स.सं | १ | १२ | १३ | ५३ | १३४ | ० | १८७ | २ | ० | २ | ९८५१२०० | २०२८३४१४ | २७०११९४१ | २७९५८५०२३ |
| १८ | बागलुङ कालिका बचत तथा ऋण स.सं | ३ | १० | १३ | ४६ | ५२ | ० | ९८ | ५ | ० | ५ | १३४८०० | २२६२६६१३ | २०२०२४७९ | १९३४५८.७६ |
| १९ | बागलुङ गलकोट बहुउद्धेश्यीय स.सं लि | ४ | ७ | ११ | १८५ | १३८ | ० | ३२३ | ४ | ० | ४ | १४३८५००० | ३५४८७२९७।७ | ३०३४८२७५ | ३०८२५४.९५ |
| २० | एकता सहकारी संस्था लि. | ४ | ९ | १३ | ६४७ | ६६५ | १ | १३१२ | ७ | २ | ९ | ८८९२८३०० | २७१८५८१३६ | २३९४६५९२३ | ३४२६६९६३ |
| २१ | शुभलाभ बचत तथा अऋ स.सं लि | ३ | १० | १३ | ९० | ७२ | ० | १६२ | ३ | २ | ५ | ११५८४४०० | १५४९०५६६७ | १२९३६५८०४ | ५७५८२४ |
| २२ | सर्वोदय बहुउद्धेश्यीय स.स.लि. | ५ | २ | ७ | १९० | १०७ | ० | २९७ | ३ | ० | ३ | २६४३३०० | १३९९४५९४।९ | १६३६२३६१.५ | २७७०२१.४३ |
| २३ | साझा कृेषि सहकारी सं.सं लि | ४ | ७ | ११ | ११९ | १३९ | १ | २५८ | ५ | ० | ५ | ९०३१००० | ३११४०७३७ | ३८३३३७३४ | २४७६१७०.६ |
| | | | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २४ | जनबिश्वास बचत तथा ऋण स.सं.लि. | २ | ७ | ९ | ५९ | ९४ | ० | १५३ | १ | १ | २ | ६२३४१०० | ४४६८३७।३६ | ९९९४४३६.९२ | २०२५५८.४४ |
| २५ | जैबिक साना किसान कृषि सं सं लि. | ६ | ५ | ११ | ३०१ | १५१ | ० | ४५२ | ३ | २ | ५ | ४०८६४०० | ७९८५८८८ | ६०५२२४१ | ० |
| २६ | सिर्मिक कृषि तथा पशु व्यवसायीक सं.सं | ३ | ६ | ९ | ३९९ | ३७६ | ० | ७७५ | ६ | ० | ६ | ११८७३००० | २६५३५३२५।३ | ३३७६३१५४ | ६६३१४५।६८ |
| २७ | निलगिरी बचत तथा ऋण सहकारी संस्था | ४ | ९ | १३ | ४२२ | ६५३ | ० | १०७५ | ५ | २ | ७ | ३२५३०८०० | २०८२९५०९७ | १८६८८३४४१ | २०१४२२५.३ |
| २८ | लहरेपिपल बहुउद्धेश्यीय सहकारी संस्था | ३ | ८ | ११ | १८९ | २६२ | ० | ४५१ | ४ | २ | ६ | १३२४८७०० | २४२४१६६३।३ | २७४७८७१४ | २९२४७६०६७ |
| २९ | शिक्षक हित बचत तथा ऋण स.सं लि | ३ | १० | १३ | १५९ | ३०८ | ० | ४६७ | ३ | ४ | ७ | ९५०३५०० | १३३००६४४ | ११५००० | ३४६८०४ |
| ३० | धवलागिरी आत्मनिर्भर बचत तथा ऋणसहकारी संस्था | ३ | ५ | ८ | २०५ | १८३ | ० | ३८८ | ५ | ० | ५ | १०११९८०० | १४४८५००९।९ | २६३९७१४ | ११८१२८.५८ |
| ३१ | मिसन नेपाल कृषि सहकारी संस्था लि | ५ | ६ | ११ | २२२ | ८० | ० | ३०२ | ५ | ० | ५ | ३६७६६०० | ३४४०२२३।७९ | ३४५२४६१.५७ | २२६३४ |
| ३२ | धन्वन्तरी स्वास्थ्य सहकारी संस्था लि | २ | ५ | ७ | ९० | १२९ | १ | २२० | ३ | ० | ३ | ४८६७०० | ११९०८४६ | ११६००० | ५९६०३.७७ |
| ३३ | महिला उद्यमशिलता बिकास सहकारी संस्था | १३ | ० | १३ | २२९ | ० | ० | २२९ | ४ | ० | ४ | ७७७८९०० | १८८००८२० | ० | ४०९४८१.५१ |
| ३४ | पैयुपाटा स्वास्थ्य | ५ | ६ | ११ | ८५ | १४५ | ० | २३० | २ | ० | २ | १५०१००० | १९३४५८३ | २७६२५०० | ७६९१ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सहकारी संस्था लि. | | | | | | | | | | | | | |
| ३५ | साना किसान सहकारी संस्था लि | ३ | ८ | ११ | ६५५ | ३९६ | ० | १०५१ | २ | १ | ३ | ६१५२ | ३८७९६ | ४५३०५ | १६७१ |
| ३६ | कालिगण्डकी महिला बिकास बहुउद्धेश्यीय | ११ | ० | ११ | ११७५ | ० | ० | ११७५ | २ | ० | २ | ६३३२४०० | २२०४६३५ | २९२६६२३७ | २५९८९९६ |
| ३७ | पैंयुपाटा कृषि उपज सहकारी संस्था लि | ३ | ५ | ८ | ८० | १३१ | ० | २११ | १ | ० | १ | १९५९४०० | ७४८२६४९ | ३०२७५६४ | ४६९४९ |
| ३८ | पाञ्चायन बचत तथा ऋण सहकारी सं | ५ | ८ | १३ | २५२ | ४८२ | ० | १०३४ | ६ | १ | ७ | २०८०४००० | २१३०२९४८६० | १२७२७२७११ | २७७७६६९.६ |
| ३९ | लखन बहुउद्धेश्यीय सहकारी संस्था लि | ४ | ७ | ११ | ४६२ | ३६७ | ० | ८२९ | ६ | ४ | १० | ४२०५५५०० | ५२१३४११५।३ | ११४३१३९२२ | २७४७९१२.८ |
| ४० | राफ बचत तथा ऋण सहकारी संस्था लि | ४ | ५ | ९ | २०९ | २३७ | ० | ४४६ | २ | ० | २ | २२६६००० | ८१३६६०० | ७२०९७०० | २३९१६२ |
| ४१ | बागलुङ बहुउद्धेश्यीय सहकारी संस्था लि | ४ | ९ | १३ | २८८ | ३८३ | ० | ६७१ | ९ | २ | ११ | ६३२२३६०० | ३६७२६००७९ | २६०८४०७६३ | १७००४२०५ |
| ४२ | नवरत्न बहुउद्धेश्यीय सहकारी संस्था लि | ५ | १२ | १७ | ३१५ | २७५ | ० | ५९० | ८ | १ | ९ | २५८७२२०० | १२३९७१८४६ | ११३११२४९३ | १५६०७२७ |
| ४३ | नवप्रतिभा परोपकार बहुउद्धेयीय सं.लि | ४ | ९ | १३ | ६४ | ७० | ० | १३४ | १ | ० | १ | ५०५५००० | ८१३४०० | ६१०८९४३ | १०७९.०६ |
| ४४ | ग्राण्ड कोअपरेटिभ | ४ | ८ | १२ | ८२ | १२१ | ० | २०३ | २ | १ | ३ | ५०३४००० | ८२५००५०.६ | ८९०४६०१.४३ | ० |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सभिसेस लि | | | | | | | | | | | | | |
| ४५ | युनियन बहुउद्धेश्यीय सहकारी सं.लि | ४ | ७ | ११ | ७३ | १२१ | ० | १९४ | ४ | ० | ४ | १२६८६५०० | ५७७८७७५४ | १६२६३५०० | १०३७४२९४२ |
| ४६ | मिरमिरे कृषि सहकारी संस्था लि | ४ | ७ | ११ | २४६ | २२१ | ० | ४६७ | ३ | ० | ३ | ८१९८३०० | १४०२६१५१.२ | १८५६७२६५ | २५६२७७.४१ |
| ४७ | व्यापार बचत तथा ऋण सहकारी संस्था लि | १ | ६ | ७ | ३३ | ९९ | ० | १३२ | ३ | ० | ३ | ४०६६९०० | ६६९४४३०.५४ | ५९२९२८४ | १४९२१९.७६ |
| ४८ | स्वाभीमान बहुउद्धेश्यीय सहकारी संस्था | ३ | ८ | ११ | ३४४ | ३०२ | ० | ६४९ | ९ | ० | ९ | १४४५१८०० | ४८१२३७३७ | ७०४५४८२२ | १४८६७५४ |
| ४९ | कालिका सहकारी संस्था लि. | ४ | ९ | १३ | ४०७ | ४४६ | ० | ८५३ | ७ | ७ | १४ | ५३३५२९६८ | ११०५००९७५ | १०७७०९८१६ | १३९३६०७।३ |
| ५० | नवरामरेखा तरकारी उत्पादक सहकारी सं | ५ | ६ | ११ | २०५ | १९० | २ | ३९७ | ३ | १ | ४ | १४६७५४०० | ४२३६४३५८ | ६३६१२१०५.१ | ३५४२६९७० |
| ५१ | समृद्धी तरकारी उत्पादक सहकारी सं.लि. | ६ | ३ | ९ | २५ | ६ | ० | ३१ | ० | ० | ० | १९००० | ३८०० | ० | ० |
| ५२ | बलेवा सामुदायिक बहुउद्धेश्यीय स.स.लि | ३ | ८ | ११ | ३७६ | ४०१ | ० | ७६८ | ४ | १ | ५ | १५३८२४०० | ३४८२८५३२.३ | २०००० | ९२३६८८ |
| ५३ | नारी आवाज बचत तथा ऋण स.सं.लि | ११ | ० | ११ | ३६४ | ० | ० | ३६४ | १ | ० | १ | २५७४३०० | ९७३१००९ | १३२३६१५१ | २१८११९ |
| ५४ | भृकुटी बचत तथा ऋण सहकारी संस्था लि. | ५ | ८ | १३ | ३४२ | ० | ० | ३४२ | १ | ० | १ | ३०६२००० | १९२९३७०० | १८१२१७७० | १२०५९१०.८ |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५५ | क्यापिटल बचत तथा ऋण सहकारी सं.लि | ३ | ८ | ११ | ३२ | ७० | ० | १०२ | २ | ० | २ | १८०८००० | ३४४०९५० | २६००००० | ३३३३० |
| ५६ | नारायणस्थान महिला बिकास बहुउद्धेश्यीय | १२ | ० | १२ | ३३७ | ० | ० | ३३७ | २ | ० | २ | ९०४७०० | ४६५५३४३ | ७३१६४२२ | ८०२७१४ |
| ५७ | साना किसान कृषि सहकारी संस्था लि | ५ | ८ | १३ | ९३८ | ४७३ | ० | १४११ | ४ | १ | ५ | १७८२५३०० | १८७५९७८२८ | १३८८८८५.७ | ६७५१०७ |
| ५८ | नारायण्स्थान दग्ध उत्पादन सं.सं लि | ३ | ६ | ९ | १६ | ३४ | ० | ५० | ० | १ | १ | ३४२००० | ० | ६००००० | ६६१९२ |
| ५९ | कालिका महिला बिकास सहारी संस्था | ११ | ० | ११ | ४३० | ० | ० | ४३० | २ | ० | २ | ६११८००० | १९८८८८९० | १७५७३६ | ८३७९९० |
| ६० | सृजनशिल कृषि सहारी संस्था | ४ | ९ | १३ | २१ | २४ | ० | ४५ | १ | ० | १ | ४५००० | ० | २५०७९५ | ५५०० |
| ६१ | ग्रामिण बिकास बहुउद्धेश्यीय सहारी संस्था | ३ | ८ | ११ | १२५ | ९५ | ० | २२० | १ | ० | १ | २११२००० | ९८७९४९५ | १०५५४५०० | ३४५९०३९६ |
| ६२ | ईमेज बचत तथा ऋण सहकारी संस्था | ३ | ४ | ७ | ४५८ | ३७७ | ० | ८३५ | १५ | ३ | १८ | २७६९८०६० | १२४०४०४६५० | ६७६९३०२१७ | ३९२६९८५.२ |
| ६३ | सिवाईसी बचत तथा ऋण सहकारी सं.लि | ४ | ९ | १३ | १२५७६ | १०९९१ | ० | २३५६७ | ८७ | २७ | ११४ | ३२५४५०००० | १४७७०१३१२१ | १११७०५०९८३ | ६१७७८१७६ |
| ६४ | संरक्षक कृषि सहकारी संस्था लि. | ४ | ४ | ८ | ५४ | २३ | ० | ८० | १ | ० | १ | २७२००० | २९९५१८ | ७२९२४४ | ८५१३४ |
| ६५ | कालिगण्डकी दुग्ध उत्पादक स.स.लि. | २ | ७ | ९ | ३३ | ९१ | ० | १२४ | ० | ३ | ३ | ३५२५०० | ० | ० | १५९८७६.९४ |
| ६६ | श्री गणेश व्यवसायी | ४ | ९ | १३ | १२१ | १४६ | ० | २६७ | १ | ० | १ | ७६३१०० | २०२२०९१ | २६७१२५५ | ७०७३८ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सहकारी संस्था | | | | | | | | | | | | | |
| ६७ | सहयोगी बचत तथा ऋण सहकारी संस्था लि | ३ | ८ | ११ | १५९ | २११ | ० | ३७० | १ | २ | ३ | ४९६६१०० | १८६९७४६९ | १४२६८५०० | ९१५५७७ |
| ६८ | तित्याङ्ग कृषि तथा पशु बिकास स.सं.लि | ४ | ७ | ११ | ११ | २३ | ० | ३४ | ० | ० | ० | १७५००० | ७२२०२ | २१०००० | ७०० |
| ६९ | साना किसान कृषि सहकारी संस्था लि | २ | ११ | १३ | ५१३ | ३४४ | ० | ८६० | २ | २ | ४ | ४६९४००० | ४२२३४३९९.५ | ४९३८३२९० | ८०७४९४.I९ |
| ७० | भैरव सामुदायीक सूचना तथा संचार स.सं | ४ | ५ | ९ | १० | २५ | ० | ३५ | ० | ० | ० | १७५००० | ० | ० | ० |
| ७१ | श्री भकुण्डे महिला बिकास बुहउद्धेश्यीय स.सुं | ११ | ० | ११ | २६१ | ० | | २६१ | १ | ० | १ | २९३९०० | २८९८२४५ | ४५२६६६४ | ३१५६४९ |
| ७२ | तित्याङ्ग महिला बिकास बहुउद्धेश्यीय स.स. | ११ | ० | ११ | ५५५ | ० | ० | ५५५ | २ | ० | २ | ३६४२२०० | ९७४३८५८ | ० | ३०७२६५ |
| ७३ | कन्र्सन नेपाल बचत तथा ऋण स.सं.लि. | २ | ७ | ९ | ७३२ | २९४ | ० | १०५६ | ४ | ० | ४ | १५०६८० | २२५३०३ | १६०००० | ० |
| ७४ | नयाँ बिश्व बचत तथा ऋण सहकारी सं.लि | १ | १० | ११ | १० | २२ | ० | ३२ | २ | ० | २ | १२७०००० | ० | ० | ० |
| ७५ | चक्र पुवार बहुउद्धेश्यीय सहकारी संस्था लि | ५ | ८ | १३ | ५३ | ७० | ० | १२३ | ३ | ० | ३ | २८३८३०० | १७९२०८७ | ४७०१९३१ | ८५३९५.८६ |
| ७६ | काँठेखोला सामाजिक | ११ | ० | ११ | १८४ | ० | ० | १८४ | २ | ० | २ | ४८१२००० | १२९६९२०८.९ | १२५०२९९ | ३४७१५२.६४ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | उद्यमी महिला स.सं | | | | | | | | | | | | | |
| ७७ | युनिक सञ्चार सहकारी संस्था लिमिटेट | ६ | ३ | ९ | १५ | १६ | ० | ३१ | ० | ० | ० | १३०००० | ० | ११००० | ० |
| ७८ | मालिका तरकारी उत्पादक सहकारी सं.लि | ३ | ६ | ९ | ५१ | ७४ | ० | १२५ | ० | २ | २ | १२५०००० | ४४५२६८४ | ५९३६२३८ | २०४५३७ |
| ७९ | सदाशिव प्राथमिक स्वास्थ्य सहकारी सं | २ | ९ | ११ | ६१ | ६४ | ० | १३५ | १ | १ | २ | १९२७१०० | ४०२२५६ | ६२२१७१० | २२९४६ |
| ८० | धवलागिरी सिर्जनशिल धातु स. संस्था | ४ | ९ | १३ | १३ | ४३ | ० | ५६ | ० | १ | १ | १७०६५०० | ० | २२०६५०० | ० |
| ८१ | मुल्पानी दुग्ध उत्पादन सहकारी संस्था लि. | ३ | ६ | ९ | ३८ | ५२ | ० | ९० | ० | ३ | ३ | २९२००० | १८००६१२ | २१७९१८१ | १६५५९.२ |
| ८२ | कुँडुले दुग्ध उत्पादन सहकारी संस्था लि | १ | ७ | ८ | ५ | ५२ | ० | ५७ | ० | १ | १ | ८५५००० | १५९७४७२ | १७२०००० | ४२९१७.९३ |
| ८३ | सौर्य प्रगतीशिल तरकारी उत्पादक स.सं. | ७ | २ | ९ | ५६ | २८ | ० | ८४ | ० | ० | ० | ३५४४०० | १२१४७६५ | १२०८५०० | ८५३२५ |
| ८४ | भगवती बहुउद्धेश्यीय सहकारी संस्थाछ | ५ | ८ | १३ | १८५ | १६७ | ० | ३५२ | ० | १ | १ | १४६०४००० | २७१४६३१ | १३६४१००० | २८२१६३ |
| ८५ | पालुवा व्यवसायि कृषि स.सं.लिमिटेड | २ | ७ | ९ | ८३ | १४० | ० | २२३ | ३ | ० | ३ | १०००००० | ३५८२००२९ | १०००० | ४७७४.४८ |
| ८६ | आरोग्य स्वास्थ्य सहकारी संस्था | १३ | ० | १३ | ३५ | ० | ० | ३५ | ० | ० | ० | ४५००० | ३७०० | ५००० | २५०० |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | लि. | | | | | | | | | | | | | |
| ८७ | श्री शिवालय महिला बहुउद्धेश्यीय स.सं.लि | ९ | ० | ९ | ३५ | ० | ० | ३५ | ० | ० | ० | ५४०० | ६०७४७६ | ६५२००० | ५२०६४ |
| ८८ | हाम्रो समृद्धि कृषि सहकारी संस्था लि. | ५ | ६ | ११ | २३ | ५८ | ० | ८१ | ० | ० | ० | ९९७००० | ७१०३६ | १०३०८१७ | ५८७.५६ |
| ८९ | रानेभुमे महिला बिकास बहुउद्धेश्यीय स.सं | ११ | ० | ११ | ५७ | ० | ० | ५७२ | २ | ० | २ | ४८०२४०० | ११६००७४१ | १५४३०९८२.७ | ७८७१२१.९८ |
| ९० | बागलुङ रारा बचत तथा ऋण सहकारी संस्था | २ | ७ | ९ | ३२ | ११५ | ० | १४७ | ५ | १ | ६ | ८९३००० | २७७०७६५८ | ४७८०० | २३१७७७.५५ |
| ९१ | शुभश्री बचत तथा ऋण सहकारी संस्था | ३ | ८ | ११ | ० | ० | ० | ० | ३ | ० | ३ | ६०५६८०० | १६०२१९३ | ३७९२२०५ | १९३२४४९ |
| ९२ | शालिकराम वचत तथा ऋण सहकारी सं | ३ | ८ | ११ | २२२ | २०४ | १ | ४२७ | १ | १ | २ | ३२७८९०० | १३१३४३१५ | ७९२३००० | ५१४६३.३४ |
| ९३ | मुल्पानी रात्माटा कृषि तथा पशुपालन स. सं. | ३ | ९ | १२ | १२० | १३४ | ० | २५४ | १ | १ | २ | १४८७६४०० | १०३८४१६७ | ० | ७५८३८.३ |
| ९४ | आस्था बचत तथा ऋण सहकारी संस्था लि | २ | ११ | १३ | ८७ | १३७ | ० | २२४ | ५ | २ | ७ | १६२०७४०० | १५५६७३३८९ | १५६१५०५५४ | ४०९८५.।९८ |
| | जम्मा | ४१८ | ६२५ | १०४३ | ३५३३२ | २९०२२ | १९ | ६७५१४ | ४०३ | ११५ | ५१८ | १५७४२३३५६० | ९६०३३५३७५८ | ६६८६१४९४५० | ९४८१७०५२६ |

## बेरूजु दफा २८.४ सँग सम्बन्धित विवरण - अनुसूची -४

# सुझाव

स्थानीय तहद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस पालिकाले कानून तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछ:

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण, स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति कानून बमोजिम गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्था समेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ। यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुनु पर्दछ। यस्तो अनुदानबाट व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा पुँजीगत निर्माण गरिनु हुँदैन।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौतामा निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितता बेगरका कार्यक्रम/ आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ।

- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराउने कार्यमा नियन्त्रण हुनुपर्दछ।

- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।

- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।

- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।

- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ। लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरेर सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।

- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ।

- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।

- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ।

- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।

- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदातामाथिको निर्भरता कम गर्नु पर्दछ। तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।

- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ।

- सेवा प्रवाहको प्रभावकारिताका लागि नागरिक सचेतना अभिवृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ।